In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

अभिलेख-संग्रह

[पहिला भाग]



सम्पादक—

रामजी तेवारी
देवीप्रसाद भण्डारी
भोलानाथ पौडेल
शङ्करमान राजवंशी
धनवज्र वज्राचार्य
गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

श्रीः

तदिह न गुणदोषौ योजनीयावलोक्यौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ॥
[बापूदेव शास्त्री]

(धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला

अभिलेख-संग्रह

पहिलो भाग

सम्पादक—

रामजी तेवारी
देवीप्रसाद भण्डारी
भोलानाथ पौडेल
शङ्करमान राजवंशी
धनवज्र वज्राचार्य
गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

In Public domain. Digitization Muthulakshmi Research Academy

विषय—सूची

	पृष्ठ
इतिहासको खोजीमा मेरो अनुभव	३-१८
वक्तव्य	१९-२२
पञ्चदेवलको शिलालेख	२३
सूर्यघाटको "	२३-२४
खर्पिछेको "	२५
भस्मेश्वरको "	२६
बुगाहिटीको "	२७
हाँडिगाउँको "	२८
ब्रह्मटोलको "	२९
लेलेको "	२९-३१
काठेसिम्भूको "	३२
बण्डाहिटीको "	३३
स्वयम्भूको "	३४
अनन्तलिङ्गेश्वरको "	३५-३८

In Public domain. Digitization Muthulakshmi Research Academy

इतिहास-संशोधनको विषयमा

अमेरिका क्यालिफोर्निया विश्वविद्यालयका लिओ इ. रोज्को संमति

३० सेप्टेम्बर् १९५८

"इन्सिडेन्टल्ली वुड् यू टेल् दि ऑथर्स् अफ् दि इतिहास-संशोधन प्याम्फ्लेट्स् हाउ मच् वी ऐप्प्रीशिएट् दि एक्सलेन्ट् वर्क् दे आर् डुइङ्ग् इन् देअर् करेक्शन्स् अफ् हिस्ट्रि. जेनरल्ली, देअर् वर्क् ह्याज् बीन् अफ् ए भेरि हाइ स्कॉलर्शिप् यॉन्ड् आइ थिङ्क् द्याट् दे आर् डुइङ्ग् ए भेरि यूज्फुल् सर्भिस् टु द कॉज् अफ् नेपाली हिस्टोरिकल् रिसर्च्. सर्टन्ली, मोस्ट् अफ् द पीप्ल् हू ह्याभ् रिटन् हिस्ट्रिज् अफ् नेपाल अर् हिस्टोरिकल् ऐक्काउन्ट्स् ह्याभ् टेन्डेड् टु बी ए बिट् टू केअर्लेस् यॉन्ड् दि फ्याक्ट द्याट् देअर् इज् ए ग्रूप ऐराउन्ड् वेटिङ्ग् टु पाउन्स् अन् यॉन्ड् करेक्ट् दीज् एरर्स् शुड् मेक् ऑल् अफ् अस् बी मोर् केअर्फुल् इन् ह्वाट् वी राइट्. आइ आम् शूर् दे श्याल् फाइन्ड् मेनि मिस्टेक्स् इन् ह्वाट् वी प्रोड्यूस् हेअर् ऐट् बर्कले. बट् आइ क्यान् ऐशूर् यू वी श्याल् वेलकम् देअर् क्रिटिसिज्मस्."

लिओ इ. रोज्
यूनिभर्सिटि अफ् क्यालिफोर्निया
बर्कले, क्यालिफोर्निया, यू. एस्. ए.
वि. सं. २०१५ आश्विन १४ गते

"इतिहास-संशोधन-पुस्तिकाका रचयिताहरूका साथमा भेट भएमा इतिहासका संशोधनमा उनीहरूले गरेका उच्च कृतिहरूलाई हामीहरू अत्यन्त प्रशंसा गर्छौं भनी सुनाइदिनुहोला। प्रायः उनीहरूका कृति ठूलो पाण्डित्यका छन्। नेपालको इतिहासको अन्वेषणमा उनीहरूले धेरै उपयोगी काम गरेका छन् भन्ने मेरो विचार छ। नेपालको इतिहास अथवा ऐतिहासिक वर्णन लेख्ने धेरै रचयिताहरूले केही ज्यादै असावधानी गरेका छन्। तिनीहरूले गरेका अशुद्धिलाई आक्रमण गर्न र शुद्ध गर्न तयार रहेको मण्डलले जुन विषयमा हामीहरू लेख्न लागेका छौं, ती हामी सबैलाई धेरै सावधान गराइदिनेछ भन्ने निश्चय छ। यहाँ बर्कलेमा हामीले तयार गरेका ग्रन्थमा (नेपालका इतिहासका विषयमा) तिनीहरूले धेरै अशुद्धि भेट्टाउनेछन् भन्ने कुरा मलाई लागेको छ। तर उनीहरूले गरेका आलोचनालाई हामीहरू स्वागत गर्नेछौं भन्ने कुरामा म तपाईंलाई विश्वास दिलाउँछु।

लिओ इ. रोज्
क्यालिफोर्निया-विश्वविद्यालय
बर्कले, क्यालिफोर्निया, संयुक्त-राज्य-अमेरिका

In Public domain. Digitization Muthulakshmi Research Academy

इतिहास-संशोधनको विषयमा श्री ५ को सरकार पुरातत्त्व र संस्कृति विभागको संमति

श्रीः

श्री ५ को सरकार

पुरातत्त्व र संस्कृति विभाग

प्रशंसा-पत्र

इतिहास-संशोधनमण्डलद्वारा बखत बखतमा सम्पादन गरी प्रकाश गरिएका पुस्तिकाहरू आकार प्रकारमा सानातिना भए पनि, प्रत्येक पुस्तिकाभित्र नेपालको इतिहास-विषयमा उपयोगी सिद्ध हुने एक न एक सत्य कुरा अन्वेषण र अनुसन्धानद्वारा प्रमाणित गरेर देखाइएको भेटिन्छ । नेपालको इतिहासलाई विशुद्ध र सच्चा रूप दिन, नेपालको इतिहास लेखाईमा इतिहासकारहरूले जानी वा नजानी गरी आएका त्रुटि र छूटलाई संकेत गर्न तथा भावी इतिहासकार र पुरातत्त्वान्वेषकहरूलाई यत्र तत्र छरिएर विलुप्त भैरहेका ऐतिहासिक सामग्रीहरू सञ्चय गरी दिनमा इतिहास-संशोधन र तत्सम्बन्धी ल्याइएका नया प्रकाशले नेपालको इतिहासका पानामा ठूला ठूला पुस्तकका ठेलीले खोजी गरेर भेट्टाउन नसकेका अनेक महत्त्वपूर्ण कुराहरू सर्वसाधारणको समक्ष ल्याइ दिएका छन् । इतिहास संशोधनमा देखा परेको एउटा सानो शिलालेखको उतारले पनि आफ्नो देशको इतिहास आफैले परिश्रम गरी बुझ्नुपर्दछ भन्ने धारणालाई दरो पारेको छ, तथा नेपालको व्यापक विस्तृत इतिहास लेख्नलाई भरदेशभित्र यस्तै छरिएका र पुरिएका ऐतिहासिक सामग्रीहरू नबटुली भएको छैन भन्ने कुरालाई सत्य साबित गरेको छ ।

यसैले इतिहास-संशोधन-मण्डलद्वारा भैरहेको इतिहाससंशोधन कार्यलाई श्री ५ को सरकार, पुरातत्त्व र संस्कृतिविभागले सह्रानी गर्दछ । देशको इतिहास (प्राचीन र अर्वाचीन) तयार गर्ने काम सबैको साजा काम हो, किनभने आफ्नो देशको प्रामाणिक र वास्तविक इतिहास विना हामीले आफ्नो सभ्यता र संस्कृतिलाई बचाउन सक्तैनौं ।

इतिहास-संशोधन-मण्डल आफ्नो लक्ष्यसम्म पुग्न सकोस् । धन्यवाद !

सत्यमोहन जोशी

डाईरेक्टर

श्री ५ को सरकार

पुरातत्त्व र संस्कृतिविभाग नेपाल ।

२०१७ फागुन ? गते

In Public domain. Digitization Muthulakshmi Research Academy

इतिहासको खोजीमा मेरो अनुभव

आचख्युः कवयः केचित्संप्रत्याचक्षते परे।
आख्यास्यन्ति तथैवान्य इतिहासमिमं भुवि ॥२६॥

महाभारत आदिपर्व १ अध्याय,

[पृथ्वीमा यस इतिहासलाई केही विद्वान्‌ले अघि व्याख्यान गरेथे, केहीले अहिले व्याख्यान गर्दछन्, केहीले पछि व्याख्यान गर्नेछन्।]

आफ्नो जन्मभूमि नेपालको शुद्ध इतिहास आफैंले जान्न, आफ्ना विद्यार्थीहरूलाई पढाउन तथा प्रकाश गर्न मलाई धेरै वर्षदेखि इच्छा लागिरहेछ। मेरो बालहृदयमा नेपालको इतिहासको छाप यसरी लागेथ्यो—

मेरो व्रतबन्ध भएको थिएन। म मेरा मातामह पं. भुवननाथ पाँडेको खण्डामनिको एउटा पिर्कामा बसी भात खाइरहेको थिएं। मेरा मातामह बिस्तारसँग खाँदै कुरा गर्दै गरिरहनुभएको थियो। म रस मानीकन कुरा सुनिरहेको थिएँ। मेरा मातामहले भन्नुभयो—

"शेरबहादुर शाह (रणबहादुरका भाइ)ले श्री ५ रणबहादुर शाहलाई गुप्ति हतियारले हानी मारे। बालनरसिंह (जङ्गबहादुरका बाबु) ले शेरबहादुरलाई मारे। भीमसेन थापाले शेरबहादुरहरूका साना साना केटाकेटीहरूलाई पनि पोडेद्वारा मराए। ती केटाकेटीहरू भन्थे—'हामीलाई नमारन नमार, तिमीलाई हामी हाम्रा हातका यी सुनका बाला दिन्छौं।' भीमसेन थापाले राम्रैसँग राजकाज गरेका थिए तापनि श्री ५ राजेन्द्रले स्वास्नीहरूका कुरा सुनी भीमसेन थापालाई बिगार्न खोजे। जेठा महारानीका बालक छोरालाई वैद्यद्वारा विष खुवाई भीमसेन थापाले मराए भन्ने झूटो मुद्दा उठ्यो। भीमसेन थापा थुनिए। आफ्नो घर बागदरबारबाट हनूमान्‌ढोकामा भीमसेन थापालाई मुद्दाको जाँच-बूझका निमित्त खिचापोखरीको बाटोबाट ल्याउँथे। एक दिन सिपाहीहरू टुँडिखेलमा कवायद खेलिरहेका थिए। भीमसेन थापालाई ल्याउन खोज्दा टुँडिखेलको बाटो मलाई लगिदेऊन भनी उनले भने। यसै भयो। सिपाहीहरूले मेरो दुःख देख्लान् र न्याय बोल्नन् भन्ने भीमसेन थापाले संझेका होलान्। तर भीमसेन थापालाई देखेर पनि सिपाहीहरूले न्याय बोलेनन्। धेरै अपमान भएपछि भीमसेन थापाले आफै सेरिएर प्राण छोडे। हामीलाई हाम्रा बाले यो कुरा सुनाउनुभएको हो। हाम्रा बा

In Public domain. Digitization Muthulakshmi Research Academy

भन्नुहुन्थ्यो — "भीमसेन थापाले पहिले अन्यायसँग बालहत्या गरे, पछाडि बालहत्या गरेको झूटो अपवादबाट आफैले प्राण छोड्नुपर्‍यो।"

यस कुराले मेरो मनमा गहिरो प्रभाव पार्‍यो। जस्तो गर्‍यो, उस्तै फल पाइँदो रहेछ क्यार भन्ने भाव पनि कता कता परे जस्तो भयो।

अर्को एक दिन मेरा मातामह र म डसनामा पल्टिरहेका थियौं। मेरा मातामहले भन्नुभयो— "उहिले उहिले मन्त्रीलाई काजी भन्थे। जस्तै काजी दामोदर पाँडे मन्त्री भीमसेन थापा पनि पहिले काजी नै भएका थिए। पछि जनरल भन्ने दर्जा लिए, त्यसपछि कम्याण्डर-इन-चीफ भन्ने दर्जा लिए। भीमसेन थापा बिग्रेपछि राम्रोसँग राजकाज गर्न कसैले पनि सकेनन्। कान्छा महारानीको आग्रहले भीमसेन थापाका भतिजा मातवरसिंह थापालाई श्री ५ राजेन्द्रले मन्त्री बनाए। मातबरसिंहले प्राइम्‌मिनिस्टर भन्ने दर्जा लिए। त्यसै वेलादेखि प्राइम्‌मिनिस्टर भन्ने प्रथा चलेको हो। कान्छा महारानी आफ्ना छोरालाई राजा बनाउन खोज्थिन्। त्यसमा आलटाल गर्दा कान्छा महारानीले जङ्गबहादुरद्वारा मातवरसिंहलाई मराइन्। जङ्गबहादुर मातवरसिंहका साक्षात् भानिज थिए। मातवरसिंह मारिएपछि चौतरिया फत्यजङ्ग शाह मुख्य भई जनरल गगनसिंह जनरल जङ्गबहादुर जनरल अभिमानसिंह रानासमेत भई राजकाज चल्यो। गगनसिंह कान्छा महारानीका मन परेका थिए। गगनसिंहलाई उनकै घरमा रातमा कसैले मारिदियो। त्यो कुरा सुनेर रिसाई कान्छा महारानी जगल्टा फिजाई हातमा नङ्गा तरवार लिई कोतमा पुगिन्। केही सुसारेहरूले हातमा चिराग लिएका थिए। केही सुसारेले हतियार भिरेका थिए। कोतमा सबैलाई सामेल हुने उर्दी भयो। हाम्रा बा पल्टनमा जागीरे हुनुहुन्थ्यो। त्यस कारण हाम्रा बा पनि कोतमा पुग्नुभएको थियो।

बीचैमा मैले सोधें— "कोतमा पुगेका सबैलाई मारे भन्ने सुनिन्छ। हजुरका बालाई जङ्गबहादुरले के बाहुन भनेर छोडिदिए त?"

मातामहले भन्नुभयो— किन छोड्दथे। भेट्टाएको भए सिद्धयाउँथे। हाम्रा बाका भिनाज्यू भूरमण* कान्छा महारानापट्टिका सुब्बा थिए। उनैले हाम्रा बाको कानमा आएर यहाँ बस्नु ठीक छैन भन्ने इशारा दिएछन्। त्यस वेला मानिसहरू राम्रो जम्मा भइसकेका थिएनन्। सिपाहीले घेरा त हालिसकेका थिए। तैपनि कृष्णपक्षको अँध्यारो रात थियो। बत्तीको प्रबन्ध राम्रो थिएन। हाम्रा बाले पिसाब फेर्छु भनी एउटा सिपाहीसँग भन्नुभएछ। फेर्नेभए यहीं फेर्नुपर्छ, पर जान पाइन्न भनी सिपाहीले भनेछ। हाम्रा बा पनि पिसाब फेर्न भनी चूप लागेर बसी सिपाहीले अर्कोसँग कुरा गर्न लागेको

*मातामहले थर पनि भन्नुभएको थियो। मैले अहिले सो बिर्सें। यहाँनेर नाता र नाममा पनि मलाई अलि धरमर परेको छ।

In Public domain. Digitization Muthulakshmi Research Academy

वेलामा यस्तो मौका पारी कुल्लेलम भई घर आउनुभएछ । जङ्गबहादुरले मौका भेट्टाई फत्यजङ्ग शाह अभिमानसिंह रानाहरूलाई मारे। बूढा बूढा भारदारहरू पनि विना कसूरमा मारिए। हाम्रा जजमानहरू पनि घेरै परे। जङ्गबहादुर प्राइम्‌मिनिस्टर भए। लगत्तै हाम्रा बाको जागीर खोसियो। केहीपछि कान्छा महारानी पनि धपाइइन्। श्री ५ राजेन्द्र पनि कान्छा महारानीको पछि लागी काशी गए। जङ्गबहादुरलाई झन् मौका मिल्यो। केहीपछि श्री ५ सुरेन्द्रलाई गद्दीमा राखी जङ्गबहादुर हर्ताकर्ता भए। गद्दीको शोभा बढाउनु मात्र श्री ५ सुरेन्द्रको काम भयो । कान्छा महारानीतर्फका छोरा तथा केही मानिससाथ श्री ५ राजेन्द्र काशीबाट फर्केर आउँदा अलौमा जङ्गबहादुरका जेठानले श्री ५ राजेन्द्रका अनुयायीहरूलाई मारी पीटपाट पारी धपाए। राजकुमार पनि धपाइए। श्री ५ राजेन्द्र नजरबन्द भई आए। नजरबन्दीमै उनको जीवन बित्यो। हनूमान्‌ढोकाको लामो बार्दलीमा श्री ५ राजेन्द्र ओहोरो-दोहोरो गरिरहेको मैले पनि धेरै पटक देखेथें। कुंवर जङ्गबहादुर राणा भए। भीमसेन थापा काठको गजूर भएको छाता ओढ्थे। भीमसेन थापाका स्वास्नीहरूलाई मुखिनी भन्थे। जङ्गबहादुर सुनको गजूर भएको झल्लरीवाल छाता ओढ्ने भई श्री ३ महाराज भए । जङ्गबहादुरका स्वास्नी महारानी भए। जङ्गबहादुरको पालादेखि मन्त्रीहरू श्री ३ महाराज भएका हुन्।''

श्री ५ राजेन्द्र स्वास्नीको वशमा नपरेका भए उनी पदच्युत हुँदैनथे होलान् तथा उनका सन्तान पनि बन्धनमा पर्दैनथे होलान् भन्ने कुरा त्यस दिन मेरो मनमा पऱ्यो।

कार्तिकशुक्लपूर्णिमाको दिन थियो । मेरा मातामह पूजाखण्डमा बसी बेलुकाको आरति सिद्धचाई ७०७ सूते बत्ती बाली त्रिपुरोत्सव मनाइरहनुभएको थियो। म पूजाखण्डमनि सानो कुकुलमा बसिरहेको थिएँ। सो उत्सव मनाइसकेपछि मातामहले भन्नुभयो—

'धीरशमशेरका छोराहरूले आफ्ना ठाहिला बाबु श्री ३ रणोद्दीपसिंहलाई मारेको आज······वर्ष पुग्यो* । ४२ सालको पर्व आजकै दिनमा भएको हो। दिल्ली जान भनी चार पल्टन पाल हाली टुँडिखेलमा बसेका थिए। वीरशमशेर मुख्य भई दिल्ली जाने भएका थिए। अपुता रणोद्दीपसिंह आफ्ना कान्छा भाइ धीरशमशेरका छोराहरूलाई आफ्ना छोरा जस्तो गरी विश्वास गर्थे। अँग्रेजको चिठी आयो भन्ने निहुँ पारी सरासर रणोद्दीप-कहाँ गएर उनलाई धीरशमशेरका छोराहरूले गोली हानी मारे। टुँडिखेलमा पाल हाली बसेका पल्टनका भरले वीरशमशेर श्री ३ महाराज भए। हाम्रो घर त्यस वेला(४२ सालमा) यहाँ (प्यूखामा) थिएन, भीमसेन स्थानमा थियो । राति ढ्याङ्‌ढुङ भएको केही थाहै पाएनौं। भोलिपल्ट पो हाम्रा बा नारायणहिटी दरबार (रणोद्दीपसिंहको दरबार) जान

*वर्षको संख्या अहिले मलाई याद छैन।

In Public domain. Digitization Muthulakshmi Research Academy

भनी बाहिर निस्कनुभएको त दोबाटो दोबाटोमा तोप तेर्स्याएको देख्नुभएछ ।

मैले बीचैमा सोधें— हजुरका बालाई राजाको दरबारभित्र जान दिन्थे ?

मातामहले भन्नुभयो— उनताका पण्डितको विशेष मान थियो । हाम्रा बा लम्बरी पण्डित हुनुहुन्थ्यो । त्यसैले दरबारको ढोका खुला थियो । जङ्गबहादुरले आफ्नो बल राम्रो जमाइसकेपछि पुराना भारादारहरूका सन्तानलाई भोकै पनि नपार्ने, माथि उक्लन पनि नदिने, आफ्ना आशामुखी बनाइराख्ने नीति लिएका थिए । त्यसैले बहादुर शाहका पालादेखिका मानिसका नाति हुन् तथा आफ्ना मावलीका पुरोहित पनि हुन् भनी हाम्रा बालाई जङ्गबहादुरहरूले आफ्ना वैठकसम्म आउन दिएका थिए । बासँग म पनि कहिले कहिले जान्थें । जङ्गबहादुर कचहरी लाई रसिला रसिला कुरा गर्थे । दरबारभित्र बताउति जाँदा जङ्गबहादुर बुई चढी हिड्थे । जङ्गबहादुरले आफ्नो दरबारमा पहलमानी अखडा खोलेका थिए । मैले देखेको वेला त जङ्गबहादुर बूढा-बूढा भइसकेका थिए । त्यस ताका उनी सो अखडामा गई पहलमानहरूलाई यस्तो दाउ हान्, उस्तो दाउ हान् भनी कुस्ती खेल्न सिकाउँथे । एक दिन जङ्गबहादुर र हाम्रा बाको यस्तो कुरा भएथ्यो ।

जङ्गबहादुर— ए खरदार, तिमीलाई कसले खोसेको हूँ ?

हाम्रा बा— (हात जोडेर) ३ सालमा खोसिएको हुँ, महाराज !

जङ्गबहादुर— ल तिमी सुब्बा भयौ । आफ्नो मन लागेको अड्डा छानेर लेऊ ।

हाम्रा बा— (अनकन्याएर) अड्डामा जागीर खाएपछि बही बुझाउन नसके छोरा नातिलाई पनि पक्राउ आउँछ, अड्डामा जागीर खान नपरे हुन्थ्यो ।

जङ्गबहादुर— दिएको जागीर खाँदैनौ, के गर्छौ त अब । नखाए भइगयो ।

मातामहले भन्दै जानुभयो—

घरमा फर्की बाले भन्नुभयो— “रणोद्दीपसिंह मारिएछन् । धीरशमशेरका जेठा छोरा बीरशमशेर श्री ३ महाराज भएछन् । जङ्गबहादुरका जेठा छोरा जगत्जङ्ग र जेठा नाति युद्धप्रतापजङ्ग पनि मारिएछन् । बाँकी रहेका लैनमा पसेछन् । कसैको भागाभाग भएको छ रे । मातवरसिंहलाई जङ्गबहादुरले हानेको गोली ४० वर्षमा फर्केर जङ्गबहादुरका सन्तानकहाँ आइपुगेछ ।”

त्यस दिन मैले विचार गरें, के नरहत्याको परम्परा यसै गरी चलिरहन्छ । के यसबाट छुटकारा पाउने उपाय केही छैन ?

एक दिन आफ्नो कोठामा बसी मातामह पुराना कागतपत्रहरू हेरिरहनुभएको थियो । म अलि पर बसी एउटा पुस्तक पढिरहेको थिएँ । ल हेर् जङ्गबहादुरले हाम्रा बालाई गरिदिएको कागत भनी एउटा कागत मातामहले मलाई दिनुभयो । सो कागतको उतार यस्तो थियो—

In Public domain. Digitization Muthulakshmi Research Academy

"स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीप्राइममिनिस्टर यान कम्यानडर इन चिफ जनरल जङ्गबहादुर कुंवर राणाजि श्रीकम्यान्डर इन चिफ जनरल बम्बहादूर कुवर राणाजिकस्य पत्रम् -

आगे षरिदार विश्वनाथ पांडेके जथोचित् उप्रान्त तिमिहरूले अघिदेषि श्रीकांछा जनरल बाज्याज्यू रणविरसिं थापाका घर प्रोहित्याई गरि आयावमोजिम आफ्ना षुसिले अव प्रान्त पनि प्रोहित्याईको काम गर्नु प्रोहित्याई कामबाहेक उनका तर्फबाट श्रीराजकाज काम कुरा पछि लाग्यौ भन्या जिय धन सर्वस्वमा पर्ला इति सम्वत् १९०७ साल मिति चैत्र शुदि ११ रोज ७ शुभम्--

(यो पत्र अहिले मोहननाथ पाँडेसँग छ।)

मैले भनें— के अरूलाई जजमानी गर्न पनि जङ्गबहादुर दिंदैनथे । मातामहले भन्नुभयो— जङ्गबहादुरका छोराहरूसँग 'लेखापढी गरे भनी वीरशमशेरका पालामा धेरैका उपर मुद्दा लागेको थियो । यस्तै हो ;

मेरा मातामहका दौंतरी शङ्कर खत्री क्षत्री उहाँकै आश्रयमा बसेका थिए। उनलाई हामीहरू शङ्कर दाइ भन्दथ्यौं । उनीसँग गएर म बराबर कथा सुन्ने गर्दथें । जङ्गबहादुरका एक जना छोरा रणवीरजङ्गले वीरशमशेरहरूसँग बदला लिन भनी तराई कब्जा गरी बसेको वेलामा शङ्कर दाइ तीर्थयात्रा जान भनी त्यहीं पुगेका रहेछन् र रणवीरजङ्गले सेना जमाई मानिसलाई आफ्नो पक्षमा मिलाउन उद्योग गरेको उनले देखेका रहेछन्। तीर्थयात्रा गरी फर्कंदा चारकोशको झाडीका रुख रूखमा झुण्ड्याइएका मानिसहरूका लाश पनि उनले देखेका रहेछन्। रणवीरजङ्ग भाग्दा पक्रिएका उनका अनुयायीहरूलाई वीरशमशेरका हुकूमबमोजिम झुण्ड्याइएको रहेछ। सो कुरा उनले मसँग उपन्यासकार जस्तो भई बडो विस्तारपूर्वक धेरै दिनसम्म घण्टौं घण्टौं लाई गरेका थिए ।

रणवीरजङ्गहरू किन असफल भए भन्ने प्रश्न मेरो मनमा वारंवार खेल्न लाग्यो ।

यी घटनाहरूसँग सम्बन्ध राख्ने पाइएका यी कागतपत्रहरूले मेरो प्रौढ हृदयलाई इतिहासका घटनालाई परीक्षा गर्न सजिलो पार्छन्—

"क्व च नृपरणबाहदूरसाहः
क्व च सहजाहितसेरबाहदूर : ॥१०४॥

"साक्षात् चक्रवर्ती सार्वभौम चौवीश राजा जितीकन रहन्या श्री ५ रणवहादूर साह जस्ता यतीश्वर स्वामिज्यू सेरवहादूर जस्ता अहित गर्न्या तरवार छोडन्या वैमातृक भाइ त्रिभुवन नाम भयाको कोही षवास केटो रहेछ तस्ले बनायाको घरभित्र इनै दुवै जना भाइको भावी भै गयोथ्यो ॥१०४॥

In Public domain. Digitization Muthulakshmi Research Academy

स्नायी गाङ्गेषु वासु (षु) क्षितिपरणबहादूरसाहः सहाङ्गं
श्रीमद्‌गीर्वाणयुद्धं प्रकृतिषु सरले भीमसेनेऽर्पयित्वा
द्वन्द्वातीत प्रपेदे पदममलमलं स्वाश्रयस्योपरिष्टात्
स्वाम्याज्ञां पालयित्वा जयति नृपहितो भीमसेनो यशस्वी ॥१०५॥

कूटसचिवहरूका अपमानले र अतिपियारी रानीका विरहशोकको उदासले तीर्थाटन गरी श्रीकाशी विश्वेश्वरका दर्शन स्पर्शन गरी गंगास्नानका पुण्यले पवित्र आत्मा श्रीस्वामि रणबहादुर साह जो छन् सप्ताङ्ग राज्यसमेत स्वाम्यमात्यसुहृत्कोशराष्ट्रदुर्गबलकन श्री ५ गीर्वाणयुद्धविक्रम साह राजाकन राजकाजमा धुरंधर भयाका भीमसेन थापा काजीका आदरमा अर्पण गरि सुम्पेर आफु शीतोष्ण सुख दुःखले रहित भयाका अद्वैत पदवी मोक्षकन प्राप्त भया. पूर्वजन्मका भवितव्यताले आफु बस्याका डेराका अटालमा मुक्त हुँदा भया, श्री ५ स्वामिका हुकुमबमोजिम मुलुकको भारकन रक्षक भै महाराजाका हित गर्न्या भीमसेन थापाका जय जयकार चिरंजीवी होस् ॥१०५॥

राजा पाल्पीयो विदुर्साहसेरवाहादूर्साहोप्यमात्यो नृसिंहः ।
दाम्नैकेनानीतवन्तो निषादैरुल्लूनास्ते कर्मणे वै नमोस्तु ॥१०६॥

श्रीयतीश्वर स्वामिको र श्रीमहाराजको अहित गर्न्या प्रतीप भन्नु कूटसचिवहरूले आफुले गर्‍याका पाप पुण्यका अनुसारका फलकन भुक्तमान गर्‍याको कुराकन सक्षेपले कहन्छु। पालपाका पृथ्वीपालसेन नाम राजा वैमातृक सेरबहादुर साह विदुर साह चौतारा र गुरुङ काजी नरसिंह महा उल्लू ठहरिया. टाउको कटाई कबन्ध तुल्याई दामलाले बाँधि चण्डालहरूले आफालनु लैगयाका सबै दुनिआलाई देखाया. एस्ता भवितव्यबाकन प्रणाम छ ॥ १०६ ॥

श्रीस्वामिद्रोहिणो ये धरणिपपरिचर्याप्रतीपाः परोक्षा-
उल्लूनास्ते विलुण्ठद्विभवपरिजनाः पुल्कशानीततीर्थाः ।
आसुर्दात्यूहदाक्षाय्यवृकभषकगोमायुसंवाहिताङ्गाः
श्र्यब्दे ऽन्यङ्गाष्टरूपे ह्यहह सुकृतिनो येऽवशिष्टाः कृतज्ञाः ॥१०७॥

श्रीस्वामिज्यूका अनुग्रहले आर्जन गर्‍याका लाखौं दौलथ ऐश्वर्य सर्वस्वकन लुटाई परियार गैह्र कमारा कमारी समेतकन कुजाति सार्कि नगार्चि पोड्या इत्यादि च्यामा खरक लाई सोपाई पुल्कश भन्नु चाण्डाल जातिले विष्णुमती तीर्थका पारि पुर्‍याई उल्लूना भन्नु शिर काटि कवन्ध तुल्यायाका शरीर जो छन् मसानको गृध्र मसानकुक्कुर स्याल गैह्र चाकरले चाकरी गर्‍या झैं चारैतरफ घेरी हात पाउ भुँडी आंद्रा गैह्र ज्या पायो त्यो घिसारी लैगिकन मासु खाई तृप्त भया । श्रीसंवत् १८६३ सालमा जो बाँच्या सो दुनियामा कतज्ञ

In Public domain. Digitization Muthulakshmi Research Academy

नूनको सोझो गर्न्या ठहरिया। अहो हो स्वामिद्रोहफल र कूटसचिवको स्वभावफल एस्तो रहेछ भनि दृष्टान्त तेहि सालमा प्रत्यक्ष देखियो ।

[भीमसेन थापाका प्रशंसक पण्डित सुन्दरानन्द बाँडाले वि. सं. १८८९ तिर बनाएको त्रिरत्नसौन्दर्य्यगाथाबाट। गु. पु. जनकराज पण्डितज्यूको संग्रहमा रहेको यस पुस्तकलाई म र रामजी भई सारेका हौं ।]

वि. सं. १८६८ मा वाग्मतीको स्तम्भमा भीमसेन थापाका प्रशंसक पण्डित वाणी-विलास पाँडेले यही कुरालाई शब्दान्तरले बयान गरेका छन्—

यस्य श्रीभीमसेनः सचिवकुलमणिर्भाति भूपालमौलेः
कस्मिंश्चिद्घोरविघ्ने निपतति विधितो धीरगम्भीरधीर्यः।
आवीद्भूपं धियोपद्रवशममकरोत्स्वीययायुष्यहेतो
राज्ञः कीर्त्यै च नानाविधविमलयशोहेतुकर्माणि मन्त्री ॥१५॥
यत्क्रोधश्रुतिमात्रतोऽप्यरिवधूवृन्दाश्रुधारा वृह –
द्धारा वोपचिता निरीक्ष्य नटति द्राङ्नीलकण्ठावली।
यो मातेव पितेव बन्धुरिव सत्स्त्रीव प्रभौ दासव—
च्चास्ते तत्र निधाय भीमसचिवे राज्यं नृपः क्रीडति ॥१८॥

श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनुभयो······जस् महाराजाका सकल मंत्रिविषे शिरोमणि भयाका भीमसेन थापा काजी छन्। जो काजी दैववशले श्रीस्वामीज्यूको अकस्मात् परलोक हुनु एहि घोर विघ्न आउँदामा पनि धीर गंभीर बुद्धिले कल उपद्रवको निवारण गरि श्रीमहाराजाको रक्षा गर्न्या······जस्का क्रोधमा सब थर्थरायमान काँपदछन्। जो आफ्ना प्रभुविषे महतारि झैं हित गर्दछन्। पिता झैं उपदेशको वार्ता विति गर्दछन्। वंधुवर्ग झैं स्नेह गर्दछन्। सत्स्त्री झैं सुख दिंछन्। सेवामा दास झैं जो रहंछन्।

[यस अभिलेखलाई संस्कृत-सन्देश १।७ मा मैले प्रकाश गरेको छु।]

यस शिलापत्रमा देखिएको भीमसेन थापाको अधिकार लालमोहरबाट पनि सिद्ध हुन्छ—

(श्री ५ गीर्वाणको प्रशस्ति)

आगे जनरल भीमसेन थापाके,......गुरु पुरोहित चौतारा काजी कर्नेल कप्तान सर्दार सुब्बा सुबेदार गेरह पगरि छोटा बडा सबै मानिस्ले तँम्रा चाँजा सूरमा चली कामकाज गर्नू –

हाम्रा काज काममा तँम्रा चाँजा सूरमा चलन्या नचलन्या ठहराई सूर चाँजामा नचलन्यालाई तागिरि गर्नाको तागिरि गरी सासना गर्न्याको कुरा तिमिले बिन्ति गर्‍याको

In Public domain. Digitization Muthulakshmi Research Academy

मन्जूर छ सासना गर्न्या गऱ्याउन्या काम गर्नू हुकुम वक्स्याको छ।

इति संवत् १८६९ साल मार्गशीर्ष शुदि १३ रोज ४ शुभम्।

[चित्तरञ्जन नेपालीको 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' को २१–२२ पृष्ठमा छापिएको पत्रबाट।]

यिनबाट भीमसेन थापाको हातमा शक्ति कसरी आएथ्यो तथा उनी कस्तो व्यवहार गर्थे भन्ने कुराको झल्को पाइन्छ।

(श्री ५ राजेन्द्रको प्रशस्ति)

उप्रांत राजद्वारमा विषाघी औषधी नगर्नु भंन्या सास्त्रमा पनि छ। अघिदेखि हाम्रा दरबारमा विषाधि औंषधि नगर्नु भंन्या उर्दि पनि भयाको थियो मनाही भयाको छदाछदै हाम्रा कांछा नानीलाइ ६४ सालका आषाढ महिनामा वेराम हुन गयाको श्रावण महिनाको ११ दिन जाँदा मुक्त भया। इनै मुक्त भयाकालाई इलाज दिदामा भाजुमन वैद्यले हाम्रा हजुरमा विंती नगरि अफिम धतुरो विष पऱ्याको औषधि खुवाइ यस्तो हुन जाँदा त्यो विष पऱ्याको औषधि खुवाउँदामा भीमसेन थापा एकदेव वैद्य सिवानन्द भवानी इन्हेरुको समेत सल्लाहको भनी येही वैद्यले विंती गर्दा इन्हेरुको धनमाल जफत गरी कैद गरी राष्याका थिया। अघिदेषिका कुरा षोजिदै थिया। एकदेव वैद्यलाइ ल्याइ षारषेर गर्दा हजुरका कांछा नानीलाइ विष पऱ्याको औषधि दिन्या कुरामा भीमसेन थापाका र मेरा सल्लाहाले हो भनी वक्ता उसै कुरामा पनि कायेल हुँदै आयाको मुषले वकनु मात्र बाकिरह्याको थियो पछि पनि विष पऱ्याको औषधि नगर्नु भनी मनाही गऱ्याको थियो। विचमा एकसूर्य वैद्यले एकदेव वैद्यका सल्लाहसँग हाम्रा हजुरमा विंती नगरी विषसमेत मिलाइ हरिताल पाऱ्याको औषधि यो औषधि बढिया छ भनी झुक्याइ औषधिको पोका हाम्रा हजुरमा चढाउन आयाको रहेछ। सो कुरा प्रकाश हुन जाँदा मनाही भयाको कुरामा विषसमेत मिलाइ हरिताल पऱ्याको औषधिको पोका किन चढाउन आयिथिस् भनी भंदा जानिन विराजा भनी कायल भयो र येस वैद्यलाई पनि कैद गरी राष्याको थियो। फेरि पछि कैद भयाको एकदेउलाई झिकी षारषेर गर्दा हजुरका कान्छा नानीलाई पनि विष पाऱ्याको औषधि षुवाउँदा मेरो र भीमसेन थापाको सल्लाह हो अघि हजरका श्री ५ मुमाज्य् र श्री ५ बुबाज्यूलाई पनि विराम हुँदा भीमसेन थापाको सल्लाहले विष पऱ्याको औषधि षुवाइ वैकुण्ठवास गरायाको हो भनी कायल भयो र भिमसेन थापासँग जोरी पर्पक्ष गर्नपर्ला भनि उसै कयदमा रहन गयाको थियो। पर्पक्ष भयाको थियन। तेस्तै विचमा एकदेउ वैद्यले यो अघि पछिको सबै कुरा वक्याको थाहा पायेछ र आफुले गऱ्याको अघिको र पछिको कुकर्म प्रकास हुन लाग्यो भंन्या डरले कसैले थाहा नपाई हतियार मगाई ६६ साल श्रावण महिनाका दिन ८ जाँदा हतियारले आफनु गला

In Public domain. Digitization Muthulakshmi Research Academy

आफैले काटी अपहत्या गरी ६ दिन बाँची श्रावण महिनाका १६ दिन जाँदा भिमसेन थापा मऱ्यो । अघि पछिको यस्तो कुकर्म गर्न्या वैद्यहरू पनि जो जो थियो सबैलाई विराउ माफिक जो जो सासना गर्नुपर्न्या हो सो सो सासना भयो । त्यस्ले येस्तो कुकर्म गरी अपहत्या गरी मऱ्याको षवर आफुहरु छेउ पनि विन्ति गरी पठाउन्या हो भन्ना निमित्त लेषियाको हो । इति सम्वत् १८९६ साल श्रावण शुदि ३ रोज २ शुभम् ।

[चित्तरञ्जन नेपालीको 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' को २७९–२८० पृष्ठमा छापिएको पत्र]

[श्री ५ राजेन्द्रको प्रशस्ति]

आगे जनरल रणवीरसिंह थापा जनरल मातवरसिंह थापा फाजि त्रिविक्रमसिंह थापा कम्यान्डर कर्नेल सेरजङ्गबहादुर थापा तम्रा भाइ दाज्यू छोरा भतिजा पन्र्या दसाहा भाइ विरादर गैह्र प्रति......कांछा साहेबज्यू छ मैह्नाका उमेरमा कालवसले ९४ सालका श्रावण मैह्नामा परलोक हुँदा दुष्ट कुबुद्धि भयाका अघिका निगुता नसमझन्या कृतघनी निमकहरामी करवीऱ्या रणजंग्या रणदल्या कुल्या पाँडे र इन्द्रविऱ्या रनबम्म्या थापा कर्नासिग्या वस्न्यात कासिनाथ्या वाहुन कुलचन्द्र साहि रंगु अर्ज्याल जगत नैनीकेटि चीत्रीकेटी वंस्या बस्न्यात् बौधमान्या कार्कि यति जनाले मतलव मिलाई जालसाजिको षेल उठायाछन् र श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाले वैद्यलाई मतलव दि विष संबन्धको इलाज ज्यूनार गराई परलोक हुनुभयाको हो । कालवसले होइन भनी इ दुष्टहरूले हाम्रा र हाम्रा श्रीजेठा रानिका हजुरमा चुक्ली पारि श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा इनका भाइ छोरा भतिजा दसाहा भाई विरादर रकमी कारबारी समेत पक्री कयेतमा तिमिहरूलाई हलाया तम्रा चेलि वेटिसमेतको सवै आल्माल धन दौलत जिमी जगा हातहतियार सवै सर्वस्व हरण गरिलिया । तिमीहरू सबैलाई नाना तरहका व्यहुर्मतको सासना गऱ्या । तेस वेलामा तिमिहरूसमेत श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा बिन्ति गर्थ्यौं हामिले सर्कारको कुभाउदो कौनै बातको गऱ्याको छैन । हामि निसाफ पाउँ भनी वारंवार विन्ति गर्दै थियौ । दुष्ट बुद्धि भयाका निमष हरामीहरूले कृत्या कागत बनाई कायल भया भन्या वेहोराका चुल्कि गर्थ्या. पछि हामिबाट बुझिबक्सदा श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा प्रभृति तिमिहरू सपै जनाले हाम्रा गात गाद्दिमाथि कौनै बातको विगार नचितायाको हाम्रा निमकको सोझो षरष्वाईमा रह्याका ठहराज्यू र श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा प्रभृति कयेतमा रह्याका तिमिहरू सबैलाई फोईबक्स्यौं । केहि तम्रो धन दौलत जिमि जगा पनी फिराई बक्स्यौं । श्रीजनरल कम्यान्डर इन चीफ भीममेन थापा हरहम्यास हाम्रा हजुरमा रह्या जनरल मातवरसिंह थापालाई हाम्रा काम निमित्त्य लाहुर पठाईबक्स्यौं । सबै बात ब्रिवस्ता भै

In Public domain. Digitization Muthulakshmi Research Academy

रह्याको थियो। ई दुष्ट बुद्धि भयाका अघिको निगुता नसंझन्या कृतघ्नी निमकहरामी रणजंग्याप्रभृतिहरूले फेरि थापाहरूको बन्न लाग्यो हामिले आँट्याको मनसुवा पुगेन भन्या ठहरायाछन् र फेरि जालसाजको षेल गरि हाम्रा २ सर्कारमा विरोध पारि थापाहरूले सर्कारको बिगार गर्‍यैका छन् भनि तिमि थापाहरूको चुकली पार्‍या र श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई फेरि पक्राई कयेतमा हाल्या। हामीबाट बक्सीस भयाको धनदौलत फेरि सर्वस्व गरिलीया। जाल साजीका अर्जि कृत्या काथल्नामा आफुले लेषि थापाले यो बेहोरा गर्‍याका रह्याछन् भन्या बेहोरा पारि कृत्या कागत हाम्रा दुई सर्कारमा नजर गराई ई दुष्टहरूका चुल्किमा हाम्रा चित्त बिरोध गराई पत्यार पार्‍या। हामीबाट हुकुम भयाको छ भन्या बेहोरा पारि श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाप्रभृतिहरूलाई नानातरहको सासना ब्येहुर्मत् गराया। कान्छी मुख्यानीलाई विपर्दा गराई सासना गर्नु श्री जनरल कम्यांडर इन चीफ भीमसेन थापालाई देखाउनु भनि हुकुम भयाको छ भनी आफुले कल्पना गरि श्री जनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई सुनाया छन् यसै बेहुर्मत्को भय सुनाई दिंदा दुष्टहरूले विना अपराध येकदेउ वैद्यको अजात गराया। ब्राह्मणलाई यो फजियत गर्न्याले हामिलाई पनी इ दुष्टले ब्येहुर्मत् गर्न्यैंछन्। यो वेहुर्मत् मैले हेर्न जोग्य छैन भनी हाम्रा हजुरमा विन्ति नपारी इनै दुष्टका कुराको पत्यार मानी बेहुर्मत्का भयले श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाले आफ्नै हातबाट हतियार चलाइ प्राणत्याग गर्‍या। यसपछि ई दुष्ट निमकहरामिहरूको बल बढ्यो र रणजंग्या प्रभृतिहरूले कार्यसिद्धि भयो भन्या ठहराइ तिमि थापाहरूलाई जनै झीकि पानीसंमको अजात गराई चोकसम्म गै मागि षानु कसैका भन्यां नउक्लनु भनि उर्दि फिराया प्रजा भयौ भनी सुनाया तम्रा जनाना आईमाईहरूलाई तिलंगा प्यादा लाई विहुर्मत् गरी नङ्गा पयरसित हिंडाई हेल्मु भोट पुर्‍याया। वाहाबाट फिराई यस्तै बिहुर्मत्सित वोर्लां बुंकोट पहाड डुलाया।

[श्री ५ राजेन्द्रले मातवरसिह थापाहरूको नाउँमा गरिदिएको जितापत्रबाट। इतिहास-प्रकाश १।१ को ४१–४६ पृष्ठमा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ।]

यिनबाट भीमसेन थापाको हातबाट शक्ति कसरी गएथ्यो तथा उनको कुन गति भएथ्यो भन्ने कुराको झल्को पाइन्छ।

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का।

आगे श्रीरणभीम पल्टंका सुवेदार ज्मादार मेजर कोत्या अजिटन सिपाही गैह्रप्रति आश्विन वदि ९ रोज२ का रात्रिमा जनरल गगनसिंहलाइ दगा गरी घरैमा मानिसले मार्दा हाम्रा हजुरमा जाहेर भै कोतमा पुर्पछे हुदा पहिले पनि कंपु पल्टन गैह्रलाई हंगमा जोर जुलुम नगर्नु भन्या हुकुम वक्स्याकै थियो। निसाफ गर्ना खातिर सवै पल्टन सामेल गर्‍याका थिया। उस्तै वीचमा

In Public domain. Digitization Muthulakshmi Research Academy

पल्टन्हरूले हुल गर्दा चौतरिया फत्यजंग साह चौतरिया नरविक्रम साह चौतरिया षड्गविक्रम साह काजि दलभंजनपाडे काजि रणगंभीर पाडे काजि रणजोर थापा काजि नरसिंह थापा काजि गोप्रसाद साह काजि दलबहादुर साह काजि वक्तवार भडारी जनरल अभिमानसिं राना सर्दार भवानीसिं षत्री सर्दार समरबहादुर साह सर्दार गुणप्रकाश साह सर्दार शत्रुभंजन साही सर्दार युद्धरंजन साही कर्णेल अर्जुन थापा कप्तान मोहनवीर साही कप्तान वीरबहादुर साह ददा दंडकेशर द्वान्या जोगराज कपर्दार वीरकेशर पाडे कपर्दार कीर्तिध्वज पाडेहरू मारिनगया। कांछा गुरुज्यू काजि सिंहवीरपाडे हेमनाथ पण्डित काजि कालु साहि सर्दार सुमेर्दसिं कुवर कर्णेल बीजविक्रम साह प्रभृति भागीरह्याछन् । यो षवर सुन्दा तिमिहरूका चित्तमा हडबड पर्ला कत्ति हडवडाउनुपर्दैन आफना आफना काममा होसियारी षवर्दारीसँग रही गौडा गल्फाको षवर्दारी राषी कामकाज गर्नु। जनरल जंगबहादुर कुवरलाई कम्यांडर इन चीफको षिताव र कंपु पल्टन कंपनी मध्येस पाहाड गैह्रका कामकाजको मुषत्यारी बक्स्याको छ। ताहा परि आयाका कामकाजका चिठीपत्र लेषता अव उप्रान्त यसैका नाउमा लेषन्या काम गर इति संवत् १९०३ साल मिति आश्विन शुदि ३ रोज ४ शुभम्।

[ऐ. शि. बाबुराम आचार्यको संग्रहबाट यस पत्रको उतार मैले लिएको हुँ।]

यसबाट जङ्गबहादुरको उदयको कारण भएको कोतपर्वको झलक पाइन्छ।

स्वस्ति श्रीमदतीप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज जङ्गबहादुर राणा जी सि बि थोङ् लिन् पिम्मा को काङ् वाङ् स्यान् प्राईम् मिनिष्टर याण्ड कम्याण्डर ईनचीफकस्य रुक्का

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यांडर ईन चीफ जनरल रणउद्दिपसिंह कुवर राणाकस्य पत्रम्—आगे चौतरिया जान साहका नाती गोरिप्रसाद साह वीरनघोज साहके तिम्रा बाबा काजि गोप्रसाद साह सर्दार समरबहादुर साह कोतमा पर्दा र तिम्रा बाज्या मधेस्तिर धपाईंदा तिम्रा नगद जिनिस् धन संपती कंपुले लुटपिट गर्दा लुटमा गयाको सर्कार लाग्याको गयाको गयो तिमि पाउंदैनौ बाँकि रह्याको नासो राष्याको कारवारिसंगको षान्गीका ठेकदार मोहिसंग बांकि रह्याको केटाकेटी जत्रतत्र गयाको नगद जिनिस चौपाया⋯ङ षोजि षानु बेहोर्नु भनि रुक्का दस्षत् गरिबक्स्यौं। आफना षातिर ज्मासंग षोजि लिन्या काम् गर ईति सम्वत् १९२९ साल मिति श्रावण त्रदी २ रोज २ शुभम्।

[चौ. पूर्णचन्द्र शाहबाट यस पत्रको उतार मैले पाई यसलाई संस्कृतसन्देश १।७ मा प्रकाश गराएको छु।]

यसबाट कोतमा परेकाहरूको जङ्गबहादुरले कुन गति गराएथे भन्ने कुराको झलक पाइन्छ।

In Public domain. Digitization Muthulakshmi Research Academy

(श्री ५ राजेन्द्रको प्रशस्ति)

आगे श्रीप्राइममिनिष्टर यान कम्याण्डर इन चीफ जनरल माथवरसिंह थापालाई मार्न्या पनि जनरल जङ्गबहादुर हो, पछि कोतमा भैयाद श्रीफत्यजङ्ग साह काजी दलभंजन पाँडेलाई पनि मार्न्या पनि त्यही हो। त्यसै हुलमुलमा तेरा बाबु कपर्दार वीरकेशर पाँडेलाई मार्न्या पनि जनरल जङ्गबहादुरै हो, हामी चौधै सरकारको विन्यास पार्न्या पनि त्यही हो। हाम्रा हजुरमा आइ विन्ति गोचर कर्णेल रणउज्ज्वलसिंह थापाले गर्दा यो कुराको निरोपण र मुडको मुड बदला बक्सुला भनी उदैबहादुर शंसेरबहादुर पाँडेलाई खातिरदारीको र अभयको पञ्जा गरीबक्स्यां इति सम्वत् १९०३ साल मिति फागुन बदी ५ रोज २ शुभम् ।

[इतिहासप्रकाश २ अङ्क ३ भागको ४६५ पृष्ठमा योगी नरहरिनाथद्वारा प्रकाशित भएको पञ्जापत्र]

यसबाट जङ्गबहादुरउपरमा श्री ५ राजेन्द्रले पछि लिएको नीतिको झलक पाइन्छ।

स्वस्ति श्रीसर्वोपमायोग्येत्यादि राजभारासामर्थ श्रीकाजी कुलमानसिं वस्न्यातके इत श्रीप्राइम्मिनिष्टर यान कम्यान्डर इन चीफ जनरल जङ्गबहादुर कुवरकस्य सेवापूर्वक पत्रमिदं आहां कुशल ताहाँ कुशल चाहिये आगे आहाको समाचार भलो छ । उप्रांत भाग्याका साहि पाँडेहरूले आहा हामिसंग चढाइ गर्नानिमित्त फौज ली अलौमा आई विद्दत गर्न लाग्याको षवर आउँदा ति भगुवाका फौजलाई कत्तल गर्नु भंन्या हुकुम भै आहावाट कपतान् सनकसिं षत्री र कपतान् बलभद्र मांझि पुराना श्रीगोरष पल्टन्लाई पठायाको थियो. श्री ५ महाराजाको गाथ बचाई भगुवाहरूका फौजलाई कत्तल गरी आया गुरुप्रसाद साह र जगत्वं पाँडे भन्या भाग्या छन् अलौका लडाञीमा पर्‍या मानिसहरूका व्यहोराको तपसीलको कागज पठायाको छ । तेसैले विस्तार बुझियेला पश्चिमतर्फबाट फौज ली भीमविक्रम साह पनि आउँछन् भंन्या षवर सुनिदा कत्तल गर्नु भंन्या व्यहोराको लालमोहर अघि पठायाको हो पुग्यो हो। तेस तरफ आया भन्या आफनु हुसियारी राषी कत्तल गर्न्या काम गर्नु. उपर विस्तार पछि लेषि पठाउन्या काम गर्नुयेला। इति सम्वत् १९०४ साल मिति श्रावण वदि १२ रोज ७ मुकाम कान्तिपुर शुभम् ।

सं-१९०४ साल मिति आषाड शुदि १५ रोज ३ का रात्रिमा अलौका लडाईमा कप्तान सनकसिं षत्री कपतान वलभद्र माझी पुराना गोरष पल्टन्ले मार्‍याका मानिस्को तपसिल।

तपसिल

श्री ५ महाराजाका मामा रामवकस्सिं —	१
कप्तान कीर्तवीर थापा —	१

In Public domain. Digitization Muthulakshmi Research Academy

लेफटेन अम्बर साहि—	१
लेफटेन श्रीभक्त षवास—	१
सुबा कालिदास्—	१
सुबेदार वौधमान कार्कि—	१
सुबेदार जर्हासिं भडारि—	१
चोपदार रामनाथ पाध्या—	१
कस्मेरिराज दाँहको छोरो कासीनाथ—	१
गुरुप्रसादपट्टीका ज्मादारहरू—	८
मधेस्या रजपूतहरू—	२०
तुरुक सवार—	२
ज्मादार वद्रिवान् षत्री—	१
राजदलका बोलाहट जाँदा नआई अडियाका हुद्दा सिपाही—	११
गयासंकर कटुवाल—	१
श्रीसाहिला नानीसाहेवका मानिस—	३
साहि पाँडेका मानिस् नाउ नजानीयाका ज्मा—	३५
घाइत्या—	२३
हाम्रा रैति—	३
मुगलानामा गै मऱ्याका र घाइत्याको थाहा छैन—	
पाता फर्काइ बाधा ल्यायाका—	३
वन्वजीर रातो टोपी लाउन्या वहिदार—	१
चन्द्रकांत पंडित अर्ज्याल्—	१
वलभद्र धमला—	१
हाम्रापट्टीका• लडन जान्या कोहि मरेनन्। घाइत्या हुद्दा—	१
सिपाही ४। मर्न्या छैनन्—	५

श्री ५ महाराजालाई पनी श्रीगोरष पल्टनले चलाइ मकवानपूरमा ल्यायाछन्। श्रीसाहिला नानीसाहेवलाई जाली उग्रवेतालिनी भनि उन्का गहना दौलथ लिलाम गरी उन्लाई सिवाना कटाईदिया। श्री ५ बुढा महाराजलाई श्री ५ महाराजाधिराजका हुकुमले केवलपूरमा चलाई वाही राज गराउनु भंन्या हुकुम भई चलाउन्या काम गरियो। वाहाका साथमा नोकरि गर्नालाई कर्णेल १ कप्तान १ लेफटेन १ सुबेदार २ पंडित २ पाध्या कंपनीका सिपाहि ३०० लाई १५ दिनको पालो गरि बस्तछन्। ज्यूनार पोशाकदान अघि

In Public domain. Digitization Muthulakshmi Research Academy

गद्दिमा राज गर्दा जस्तो थियो उस्तै रहन्छ। ज्वान् ज्वान् भान्सा मुसाऱ्या २।२ जनाको पपन्ध्र दिनको पालो रहन्छ शुभम् ।

[श्रीवखतमानसिंह बस्नेतको संग्रहबाट यसको उतार मैले लिएको हुँ। यसको तल्लो भाग संस्कृत-संदेश १।५ मा योगी नरहरिनाथद्वारा छापिएको छ ।]

यसबाट राजेन्द्रको असफलता र जङ्गबहादुरको सफलताको झलक पाइन्छ ।

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराज वीरसंशेरजंगराणावहादुर प्रायम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफकस्य रुक्का—

स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीमेजर कप्तान जोगप्रसाद वस्नेत क्षेत्री कप्तान लक्ष्मु स्वार क्षेत्रीके सलाम उप्रान्त श्री ३ महाराज रणउद्दीपसिंह राणा स्वर्ग भया वागी भयाका जगतजंगलाई छोडाउन उनका मदतमा उनका भाइहरू र केदारनर्सिं अमरजं धोजनर्सिंसमेत लागी श्री ५ महाराजाधिराजको गाथ गादि श्री ५ माहिला बडामहारानीका स्मेत गाथ इजत ज्यानको दगा गऱ्याकोमा हामीबाट निमकको सोझो चिताई गाथ गादी बचाई इज्जतसमेतको सोझो गऱ्याको हुनाले गाथ गादी बचाउँदा स्वर्गवासी श्री ३ महाराज जंगबहादुर राणालाई अषत्यारि लालमोहर लेषीयाबमोजिको र हाल हुकुम काट्नु मार्नु मुढ्नु दामल गर्नु सर्वस्व गर्नु धपाउनु लिनु दिनु षर्च गर्नु गैह्र कामकाज गर्नु हाम्रो मंजुर छ भंन्या हाली मुहाली अषत्यारी महाराजी षिताब हामीलाई श्री ५ सर्कारबाट लालमोहर गरिबक्स्याको छ। तसर्थ सवारीलाई रसद षरीद गर भनी षटाइ पठायेका रसदहरू षरीद गर्नु पर्दैन। आजसम्म जो षरीद भयाका रसदहरू हिफाजतसंग राषन्या बन्दोबस्त गरी तिमी मेजर कप्तान जोगप्रसाद आफ्ना अडामा आई बस्न्या काम गर। तिमी कप्तां लक्ष्मुसिं स्वार जाहाँ आउन्या काम गर अब उप्रान्त ऐं सवाल र हाम्रा सनदबमोजिं कामकाज गऱ्यौ र काम असल गऱ्याको ठहऱ्यो भन्या कामअनुसार श्री ५ सर्कारमा जाहेर गरीबक्सन्या काम होला हाम्रा हुकुंबमोजि काम नगरी ऐं सवाल छोडी काम गऱ्याको ठहऱ्यो भन्या हाम्रा तजबीज ठहऱ्याबमोजीं होला सोबमोजीं निमक संझी काम गर वागी भयाका जगतजंगका मदतमा लागेका जनरल पद्मजंग जनरल रणबीरजङ्ग थापाथलीका राणाजीहरू र जनरल केदारनर्सिं अमरजङ्ग धोजनर्सिं-हरूमा कोही भागी त्यो बाटो आयो भन्या पक्री नेल ठोकी वाटामा नउम्कने गरी पक्का सुबेदार हुद्दा सिपाहीहरू लाई षडी पहरा गराई हाम्रा हजुरमा पठाइदिन्या काम गर इति संवत् १९४२ साल मार्ग वदि १ रोज २ शुभम्—

[ऐ. शि. बाबुराम आचार्यको संग्रहबाट यस पत्रको उतार मैले लिएको हुँ ।]

In Public domain. Digitization Muthulakshmi Research Academy

यस पत्रबाट जङ्गबहादुरका सन्तानका हातबाट शक्ति कसरी गएथ्यो तथा उनको कुन गति भएथ्यो भन्ने कुराको झल्को पाइन्छ।

यस्ता कागतपत्रहरूलाई परीक्षा गरी गरी पढ्ने मेरो बानी छ। तिनबाट म सार निकाल्छु। ती सारहरू केही प्रकाशित भइसकेका छन् , केही प्रकाशित हुनेछन्।

यसरी इतिहासको विषयलाई प्रमाणसाथ परीक्षा गरी पढ्ने इच्छाले मलाई अत्यन्त प्रेरणा दिन्छ। तर संग्रह भइसकेका वस्तुलाई क्रम मिलाई राख्नु, यति संग्रह भयो भनी हिसाब राख्नु, नयाँ नयाँ संग्रह गर्दै जानु, संग्रह भएका पदार्थबाट काम लिनु एकले भई काम गर्दा अत्यन्त कठिन पर्ने कुराको अनुभव हुँदै गएको र आफूले परिश्रम गरी संग्रह गरेका वस्तु आफ्नो जीवनपछि त्यसै अलपत्र पर्ने चिन्ता पनि भएकोले मैले आफ्नो कामका साझीदार अरू अरू पनि भए बढिया हुँदो हो भन्ने संझी आफ्नो विद्याविषयक काममा आफ्नो सहवासमा आएका मनुष्यहरूलाई पनि यस कुराको परिचय गराउने बानी बसाएँ।

परन्तु यसरी क्रमबद्ध अन्वेषणको परम्परा बसाउन उद्योग गर्दा आफूले गन नखोजेको संघर्षको चक्करमा म पर्न गएँ। किनभने पढ्ने खोज्ने जाँगर भने नभएका तर कुरा गर्न सिपालु भएका मनुष्यहरूले आफ्नो स्वार्थसिद्धि गर्ने साधन मेरो परिश्रमलाई बनाउन खोजे। विद्यावंश चलाउने उद्योगमा म लागेको हुँ, कसैको स्वार्थ सपार्न वा बिगार्न म लागेको होइनँ। यो कुरा मैले केही मानिसलाई बुझाउन पनि २० वर्षजति संघर्ष गर्नुपऱ्यो। २० वर्षजतिको सो संघर्षको बयान म अर्को निबन्धमा गर्नेछु।

अहिले प्रकाश हुन लागेका लिच्छविकालका १२ वटा अभिलेखमध्ये मैले पहिले थाहा पाएको एउटामात्र (मानदेवकी छोरीका छोराको) छ। यी अभिलेखलाई मबाट प्रेरणा पाएका ८ जना मानिस मिली खोजी सम्पादन गरी प्रकाश गर्न लागेका छन्। यो कुरा देख्ता मेरो जीवनमा घटेका अघिका दुःखमय संघर्षलाई मैले केही बिर्सेको छु। यस किसिमका प्रकाशनले नै हाम्रो देशको इतिहास बन्न सक्नेछ भन्ने कुरामा सन्देह छैन।

मानदेव लिच्छविवंशका हुन् वा होइनन् भन्ने विषयमा श्रीडिल्लीरमण रेग्मीले आफ्नो ग्रन्थ 'एन्शेन्ट् नेपाल' (प्राचीन नेपाल) को २०० पृष्ठमा उठाउनुभएको बहस व्यर्थ छ भन्ने कुरा अहिले प्रकाश हुन लागेको पशुपति सूर्यघाटको अभिलेखले सिद्ध गरिदिएको छ। यस विषयको खुलस्त विवेचन इतिहास-संशोधनहरूले गर्नेछन्।

केही भलादमीहरूले हामी पनि इतिहाससंशोधन गर्छौं भनी गर्जना गरेको पनि केही वर्ष बितिसक्यो। तर उनीहरूबाट यस विषयमा अहिलेसम्म केही हुन सकेको हामीलाई थाहा छैन। विद्या कसैको पेवा होइन। आफ्नो देशको विद्या आफैंले पढ्ने बानी बसाएमा सबैले इतिहास-संशोधन गर्न सक्छन्। विद्या पढ्ने नाममा नाच–गान गरेर, भोज खाएर, ठूलो राम्रो घर

In Public domain. Digitization Muthulakshmi Research Academy

बनाएर आनन्द गर्न तथा रवाफ बढाउन सकिन्छ, तर विद्या पढ्न सकिंदैन। त्यस्ता काममा लागेका मनुष्यहरू विद्याको क्षेत्रमा विदेशीको मुख ताकेर आफ्नो जीवन बिताउँछन् अथवा जहाँको तहीं थचीरहन्छन् भन्ने कुरा अहिलेसम्मका घटनाले स्पष्ट गराएका छन्।

तं सन्तः श्रोतुमर्हन्ति सदसद्व्यक्तिहेतवः ।
हेम्नः संलक्ष्यते ह्यग्नौ विशुद्धिः श्यामिकापि वा ॥
—कालिदास

[त्यसलाई असल र खराप छुट्याउन सक्ने सज्जनहरूले परीक्षा गरून्। सुनको चोखोपन र मिसावटपन पनि आगोमै हाल्दा थाहा हुन्छ।]

२०१८ वैशाख-संक्रान्ति
महाबौद्ध, काठमाडौं नेपाल

नयराज पन्त

In Public domain. Digitization Muthulakshmi Research Academy

वक्तव्य

नेपालको लिच्छविकालको इतिहास जान्ने मुख्य साधन त्यस वेलाका शिलालेखहरू नै छन् ।

अहिलेसम्म पश्चिमतिर गोरखा र पूर्वतिर पलाञ्चोकसम्मका क्षेत्रभित्रका लिच्छविकालका शिलालेखहरू प्रकाशमा आएका छन् । वि. सं. १९३७ मा भारतका पं. भगवान्लाल इन्द्रजीले १५ वटा लिच्छविकालका शिलालेख प्रकाश गराएर यस क्षेत्रमा बाटो खुलाएका थिए । यसको ६ वर्षपछि वि. सं. १९४३ मा विलायतका प्राध्यापक सेसिल बेण्डालले अरू ४ वटा लिच्छविकालका शिलालेख प्रकाश गराए । यसको २२ वर्षपछि वि. सं. १९६५ मा फ्रान्सका प्राध्यापक सिलभेन लेभीले २१ वटा लिच्छविकालका शिलालेख प्रकाशित गराए। वि. सं. २०१०–१६ मा संस्कृत-सन्देश, इतिहासप्रकाश, इतिहास-संशोधन, हिमवत्संस्कृतिहरूमा नेपालीहरूद्वारा १८ वटा लिच्छविकालका शिलालेख प्रकाशित भए । तिनमा ऐ. शि. बाबुराम आचार्य+श्रीगुरु पं. नयराज पन्तद्वारा ४ वटा, योगी नरहरिनाथद्वारा ५ वटा, योगी नरहरिनाथ+जनकलाल ढकालद्वारा ३ वटा, रामजी तेवारी+देवीप्रसाद भण्डारी+शङ्करमान राजवंशीद्वारा १ वटा, धनवज्र वज्राचार्य+ज्ञानमणि नेपालद्वारा २ वटा, धनबज्र बज्राचार्यद्वारा २ वटा, ऐश्वर्यधर शर्मा+घनश्याम सुवेदी+गौतमवज्र बज्राचार्य+कुमारधर शर्माद्वारा १ वटा प्रकाशित भएका छन् । यसै बीच वि. सं. २०१३ मा इटलीका प्राध्यापक जिशेप टुचीका चेला आचार्य रेनिइरो नोलीद्वारा त्यस वेला थाहा भए जति प्रकाशित र अप्रकाशित गरी जम्मा ९२ वटा लिच्छविकालका शिलालेखहरू “ नेपालीज् इन्स्क्रिप्शन्स् इन् गुप्त क्यारेक्टर्स् ” (नेपालका गुप्ताक्षरी अभिलेखहरू) भन्ने नामले एउटै पुस्तकको रूपमा प्रकाशित भए । त्यसमा नेपालीहरूले छपाइसकेका शिलालेखहरूलाई अप्रकाशितको रूपमा देखाई भगवान्लाल, बेण्डाल, लेभीहरूले छपाएका ३९ वटा शिलालेखहरूभन्दा बाहेकका ५३ वटा शिलालेख पढेको श्रेय आफैंले लिने प्रयास गरिएको छ। परन्तु नेपालीहरूले प्रकाशित गरिसकेका १३ वटा शिलालेख पनि त्यसमा परेका हुनाले वास्तवमा नोलीद्वारा प्रकाशित भएका शिलालेख ४० वटा मात्रै हुन् । यसपछि वि. सं. २०१५ मा अमेरिकाका टामस ओ. ब्यालिङ्गर द्वारा ५ वटा लिच्छविकालका शिलालेखका चित्र प्रकाशित भए ।

यसरी वि. सं. १९३७ देखि वि. सं. २०१७ सम्मको ८० वर्षभित्र अहिले हामीलाई

In Public domain. Digitization Muthulakshmi Research Academy

थाहा भएअनुसार लिच्छविकालका १०२ वटा शिलालेख प्रकाशमा आएका छन् । परिश्रमसाथ खोजी गरेमा यीबाहेक अरू पनि प्रशस्त लिच्छविकालका शिलालेख पाइनेछन् भन्ने कुरालाई हाम्रो केही खोजीले भेट्टिँदै गएका अप्रकाशित शिलालेखले स्पष्ट पारेका छन् ।

अन्वेषणको परम्परा चलोस् भन्ने अभिप्रायले हामीले यस कामको अलिकता कुरा यहाँ गर्नुपरेको छ ।

लेभीहरूलाई कोसेलीका रूपमा शिलालेखका उतारहरू पठाउने नेपालीहरूको पनि केही पत्ता पाइएको छ तापनि सबभन्दा बढ्ता लिच्छविकालका शिलालेख प्रकाश गर्ने नोलीको घटना हालसालै भएको र त्यसमा हामीहरू पनि प्रत्यक्ष मुछिएकाले अहिलेलाई नोलीको प्रकाशनको विषयमा यहाँ विचार गर्नु प्रसङ्ग मिल्दो हुन आउँछ ।

नोलीको सो पुस्तकको भूमिकामा टुचीद्वारा यस्तो लेखिएको छ—

"क्रेडिट् फर् डिस्कभरिङ्ग् देम् गोज् टु एच्. इ. केशरबहादुर,...'

"डॉक्टर् रेनिइरो नोली ह्याज् प्रिपेअर्ड् द प्रेजेन्ट् एडिशन् अन् द रब्बिङ्ग् सप्लाइड् बाइ एच्. इ. केशरबहादुर"

"टु कॉन्क्लूड्, आइ मस्ट् थ्याङ्क् ऐगेन् एच्. इ. केशरबहादुर विदाउट् हूज् काइन्ड् हेल्प् दिस् भॉल्युम् कुड् नेभर् ह्याभ् ऐप्पीर्ड्"

["यी शिलालेख खोज्ने श्रेय महामहिमा केशरबहादुरलाई छ ।...'

महामहिमा केशरबहादुरले पठाउनुभएको उतारको आधारमा आचार्य रेनिइरो नोलीले यो संस्करण तयार गरेका हुन् ।

आखिरमा मैले महामहिमा केशरबहादुरलाई फेरि पनि धन्यवाद दिनैपर्छ । उहाँले दयापूर्वक सहायता नगर्नुभएको भए यो पुस्तक कहिल्यै पनि प्रकाशित हुन सक्दैनथ्यो । "]

यसरी नोलीले छपाएका शिलालेखहरू जम्मै श्रीकेशरबहादुर खत्रीक्षत्रीले खोजी गर्नु भएको अथवा गराउनुभएको हो भन्ने स्पष्ट छ । आफूले खोजी गरेको वा गराएकोले मात्र नपुगी ऐ. शि. बाबुराम आचार्य + श्रीगुरु पं० नयराज पन्तद्वारा प्रकाशित ४ वटा. योगी नरहरिनाथद्वारा प्रकाशित ३ वटा. योगी नरहरिनाथ + जनकलाल ढकालद्वारा प्रकाशित २ वटा, रामजी तेवारी + देवीप्रसाद भण्डारी + शङ्करमान राजवंशी द्वारा प्रकाशित १ वटा, धनवज्र वज्राचार्य + ज्ञानमणि नेपालद्वारा प्रकाशित २ वटा, ऐश्वर्यधर शर्मा + घनश्याम सुवेदी + गौतमवज्र वज्राचार्य + कुमारधर शर्माद्वारा प्रकाशित १ वटा

In Public domain. Digitization Muthulakshmi Research Academy

समेत नेपालीहरूले छपाइसकेका १३ वटा शिलालेखलाई नोलीको नाउँमा दर्ता गराउने चेष्टा पनि केशरबहादुरजीले गर्नुभएको छ। नोलीलाई त कति शिलालेख रहेको ठाउँसम्म पनि विशेष थाहा थिएन भन्ने कुरा उहाँकै वाक्यबाट स्पष्ट बुझिन्छ। जस्तै—

"फ्रैगमेन्ट् अफ् इनस्क्रिप्शन् विदाउट् इन्डिकेशन् अफ् प्लेस्, सेन्ट् टु मी बाइ एच्. इ. केशरबहादुर" (१३० पृष्ठ)

[शिलालेखको यो टुक्रा मकहाँ महामहिमा केशरबहादुरले पठाउनुभएको हो। त्यसमा उहाँले ठेगाना लेखिपठाउनुभएको थिएन+।]

केशरबहादुरजीको यस कामले परिश्रमपूर्वक खोजी, शिलालेखको पत्ता लगाइसकेपछि पनि नेपालीहरू आफैं शिलालेख पढ्न सक्ता रहेनछन्, केवल विदेशीको वाहनमात्र बन्न सक्ता रहेछन् भन्ने कुरा संसारको अगाडि राखिदिएको छ।

केशरबहादुरजीका महापुरुष टुचीका चेला नोलीले छपाएका शिलालेखभन्दा नयाँ शिलालेखको खोजी गरी हामीले इतिहाससंशोधनमा छपाउँदा 'स्वदेशको ऐतिहासिक सामग्री विदेशीलाई सुम्पने आफ्नो काम'मा बाधा पर्न लाग्यो भन्ने सम्झी केशरबहादुरजी इतिहाससंशोधनदेखि अत्यन्त क्रुद्ध हुनुभएथ्यो। अझसम्म पनि केशरबहादुरजी र उहाँका आशामुखीहरूले इतिहाससंशोधनलाई राम्रो आँखाले हेर्न सक्नुभएको छैन।

अभिलेखसंग्रहको यस पहिलो भागमा लिच्छविकालका १२ वटा अप्रकाशित शिलालेख परेका छन्। प्रायः लिच्छविकालका शिलालेखहरू व्यवस्थाप्रधान हुनाले तिनमा त्यस ताकका पाञ्चालिक, तल, द्रङ्ग आदि पारिभाषिक शब्दहरू परेका पाइन्छन्। तिनको शब्दानुवादमात्र छपाउँदा विशेष लाभ हुने देखिँदैन। त्यसका लागि अनुवादका साथै व्याख्याको पनि आवश्यकता पर्दछ। त्यस कारण अहिले छपाउन लागेका १२ वटा अभिलेख र हामीले संग्रह गरी पाठ निश्चित गर्न लागेका लिच्छविकालका अरू शिलालेखहरूलाई पनि अनुवाद र व्याख्यासमेत एउटा पुस्तकाकारमै छपाउने हाम्रो विचार थियो। परन्तु अघि हामीले छपाउन ठीक पारिराखेका कति शिलालेखहरू सुटुक्क विदेश पुगी त्यताबाट विदेशीको नाउँमा दर्ता भएको कटु अनुभव हामीलाई भएको हुँदा त्यसै गरी नेपाली ऐतिहासिक सामग्री विदेश पठाउनेहरूका गुप्तचरहरूबाट यी पनि सुटुक्क विदेश पुग्न नपाऊन् भन्ने अभिप्रायले अहिलेलाई मूलमात्रै भए पनि प्रकाशित गर्दै जाने विचार हामीले लिनुपरेको हो।

+यो शिलालेख पाटन कुम्भेश्वरको हो।

—सम्पादक

In Public domain. Digitization Muthulakshmi Research Academy

हाम्रो देशका कुनै विद्यालयमा पनि ऐतिहासिक अन्वेषणको कामको सप्रमाण शिक्षा दिने व्यवस्था भएको हामीलाई थाहाछैन ।

यस कारण हामीले अन्वेषणलाई उपयुक्त हुने शिक्षा चलाउनु, अन्वेषण गर्नु, विदेशीका भक्त चाकडीवाज जातिगत भ्रम फैलाउन खोज्नेहरूको र टपर्टुय्याँहरूको जालबाट बच्नुसमेत परेकोले हाम्रो काम मन्द गतिले चलिरहेको छ। यथाशक्ति अभिलेखसंग्रहको अरू अरू भाग पनि प्रकाशित गर्दै जानेछौं।

२०१८ वैशाख-संक्रान्ति

—सम्पादकहरू

In Public domain. Digitization Muthulakshmi Research Academy

पञ्चदेवलको शिलालेख

पशुपतिको मन्दिरदेखि दक्षिणपट्टि पञ्चदेवल छ। सो पञ्चदेवलभित्र वायव्य (पश्चिमोत्तर) कुनामा एउटा शिवलिङ्ग छ 卐। सो शिवलिङ्गको जलहरीको पश्चिमपट्टि १ हात ६ अङ्गुल लम्बा ३ अङ्गुल चौडा भागमा यो अभिलेख कुँदिएको छ। यस अभिलेखको धेरैजसो भाग फुटिसकेको छ। यहाँ संवत् ४१० दिइएको छ।

१ संवत् ४१० ....

२ माघपौर्ण्णमास्याम् तस्य सुतः शे श(व) .... स ......

सूर्यघाटको शिलालेख

पशुपति कैलासबाट सूर्यघाटतिर ओर्ह्लँदा बाटामा बायाँपट्टि जमीनमा तीन वटा शिवलिङ्ग देखा पर्दछन्। तिनमा सबभन्दा छेउको शिवलिङ्गको जलहरीको पश्चिमपट्टि भागमा यो अभिलेख कुँदिएको छ। जलहरीको अभिलेख रहेको भाग २ हात १ अङ्गुल लम्बा, ९ अङ्गुल चौडा छ। पहिलो पंक्तिका केही अक्षरलाई छोडी बाँकी स्पष्ट छन्। यहाँ संवत् ४२७ दिइएको छ।

१ यस्येच्छया जगदिदम्पृथु विश्वरूपम्
सर्गस्थितिव्ययजराव्यसनादियोगैः
संयुज्यते व्रत तथा प्रतिमुच्यते च
तस्मै नमः सततमस्तु महेश्वराय १

卐 यो शिवलिङ्गको दक्षिणपट्टि तथा पञ्चदेवलको पश्चिमपट्टि अर्को एउटा ठूलो शिवलिङ्ग छ। त्यसको जलहरीमा पनि लिच्छविलिपिमा अभिलेख कुँदिएको छ। परन्तु ५।६ अक्षरबाहेक अरू अक्षर फुटिसकेका छन्। यसलाई अर्को भागमा प्रकाश गर्नेछौं।

In Public domain. Digitization Muthulakshmi Research Academy

२ सततमरलकान्तस्वाङ्गशोभासमृद्धः
अनुपहतयशोधीविक्रमश्रीप्रभावः
सुनयविदनुरक्तस्फीतस (द्‌卐)वृत्तलोकः
नृपतिरिह हतारिर्म्मानदेवो बभूव २

३ तस्यानवद्यगुणरत्ननिधानभूता
भूतानुकम्पचतुरा विनयप्रवीणा
वीणानिनादमधुरस्वरवल्गुवाक्या
श्रीभोगिनीति कथितास्य बभूव देवी ३

४ तस्यां स लिच्छविकुलाम्बरपूर्णचन्द्रः
चन्द्रः प्रभामिव शरन्निशि निर्म्मलायाम्
स्फीतौजसं दुहितरं जनयाम्बभूव
आत्मानुरूपदि(विधामलसद्‌गुणाढ्याम् ४

५ नाम्ना सा विजयवतीति राजपुत्री
प्रख्याता विविधकलाविचक्षणत्वात्
या पत्यौ हर इव वार्त्तदेवलाभे
भक्तत्वात्तदनुनयैकपेशलाभूत् ५

६ तीव्रप्रसादजलधौतमनःकलङ्का
पुण्यक्रियापरिचयैकरसानुरक्ता
लिङ्गन्तदत्र विजयेश्वरमक्षयाय
सातिष्ठिपज्जनमनोनयनाभिरामम् ६

७ संवत ४२७ आषाढशुक्लदिव १

卐 कुँद्‌नको भ्रमवश मूलमा 'द्' छुटेको छ।

In Public domain. Digitization Muthulakshmi Research Academy

खपिंछेको शिलालेख

ललितपुर च्यासल टोलदेखि अलिकति दक्षिणतिर लागेपछि खपिंछेमा बायाँपट्टि भैरवको देवल आउँछ। सो देवलको दक्षिण पश्चिम (नैर्ऋत्य) भागको परखालमा जलद्रोणी-माथि रहेको ढुङ्गामा यो अभिलेख कुँदिएको छ। सो ढुङ्गाको अभिलेख रहेको भाग १ हात १६ अङ्गुल लम्बा ५ अङ्गुल चौडा छ। यसमा केही अक्षर खण्डित छन्। यहाँ संवत् ४५२ दिइएको छ।

१. ॐ स्वस्ति महर्षौ वैशम्पायने श्रद्धेये····[संवत्]४५२ पौषशुक्लतिथौ तृतीयस्याम्भट्टारकमहाराजश्रीवसन्तदेवे सम्यग्राज्यम्प्रशासति

२. याज्ञिकविप्रसेनेन वेदकृताम्ना(म्था)य भगवते कारणपूजार्थ-म्ब्राह्मणध्रुवसेनेन दत्तन्दक्षिणकोलिग्रामे भूशतद्वयम्पिण्डकञ्च व्रि (व्री)हिकस्य मानि–

३. कया १५० ब्राह्मणवृद्धिषेणेन पिकङ्कूलकप्रदेशे मालार्थं पिण्डकमानि ७ याज्ञिकवेदभट्टेन दत्तं दुलम्ग्रामे भू ३० पिण्डक १२

In Public domain. Digitization Muthulakshmi Research Academy

भस्मेश्वरको शिलालेख

पशुपतिनाथको मन्दिरदेखि दक्षिण-पूर्वपट्टि 'भस्मेश्वर' भनी प्रख्यात शिवलिङ्ग छ। सो शिवलिङ्गको जलहरीभन्दा मनि आसनको रूपमा रहेको ढुङ्गामा पश्चिमपट्टि यो अभिलेख ÷ कुँदिएको छ। सो ढुङ्गाको अभिलेख रहेको भाग १ हात १६ अङ्गुल लम्बा, ६३ अङ्गुल चौडा छ। अक्षर जम्मै स्पष्ट छन्। यसमा संवत् ४५५ छ।

यस अभिलेखमा उल्लिखित ५ शिवलिङ्गमध्ये एउटा बीचमा रहेको यही भयो। अरू ४ शिवलिङ्ग चार कुनामा अद्यापि छँदैछन्। आजभोलि 'भस्मेश्वर' भनी प्रख्यात भए तापनि यस शिलालेखमा भस्मेश्वरको उल्लेख छैन। यस शिलालेखमा उल्लिखित भद्रेश्वर नै भस्मेश्वरको नामले प्रख्यात भएका देखिन्छन्।

१. ॐ संवत् ४५५ चैत्रशुक्लदिवा १० भगवतः पशुपतेः क्षेत्रे स्वयम्प्रतिष्ठापितेभ्यो भद्रेश्वरनाथेश्वरशुभेश्वर-

२. स्थितेश्वररवीश्वरेभ्यः पञ्चभ्यः कारणपूजानिमित्तं खण्डफुट्टप्रति-संस्कारनिमित्तञ्च प्रतीहारध्रुवसङ्घवार्तेन १

३. स्वपुण्याप्यायनार्थम्मातापित्रोश्चानुग्रहार्थञ्च स्वजनगोष्ठिकाधीनं कृत्वा शूपग्रामस्य दक्षिणेन संवेद्ये क्षेत्र–

४. न्दत्तं भूमि ४०० पिण्डकञ्च मा ४००

÷ ऐ. शि. बाबुराम आचार्यसंग कुराकानी हुँदा 'यो अभिलेख यहाँ छ' भन्ने कुरा प्रसङ्गवश उहाँबाट हामीले थाहा पाएका हौं।

In Public domain. Digitization Muthulakshmi Research Academy

दुगाहिटीको शिलालेख

साँखु शहरको बीचमा भने जस्तै दुगाहिटी टोल पर्दछ। त्यहाँ सडकको पूर्वपट्टि एउटा दुगाहिटी (गहिरो धारा) छ । सो धाराको ईशान कुनामा केही देवताका भग्नावशेषहरू छन् । तिनमध्ये छेउको नारायणको पादपीठमा यो अभिलेख +कुँदिएको छ । यस अभिलेखको छेउको अलिकता भाग खण्डित छ । अभिलेख रहेको भाग २२ अङ्गुल लम्बा, ५ अङ्गुल चौडा छ। यहाँ संवत् ४६० छ।

१. ॐ स्वस्ति संवत् ४६० ज्येष्ठशुक्लदिव अष्टम्याम् भट्टारक-महाराजश्रीवामनदेवस्य [साग्रं वर्षशतं]

२. समाज्ञापयतः भगवतो वामनस्वामिनः क्षेत्रं लेंदुप्रदेशे भूमि १०० पिराडक मा ५० ....

३. सुब्रंकोप्रदेशे भूमि ४० पिराडक मा २६ शट्टम्मि भूमि १० पिराडक मा ४ ....

४. गम्मे भूमि १० पिराडक मा ४ [मिङ्को भू ६०पि मा ५० भूमि ५ पि मा ३]×

+ यसको प्रतिलिपि लिने काममा ज्ञानप्रसाद पौड़ेल र सामनाथ पौडेलबाट केही सहायता पाएका छौं ।

×कोष्ठभित्र राखिएको यो भाग नाममात्रको लिच्छविलिपिमा पछि थपिएको हो।

In Public domain. Digitization Muthulakshmi Research Academy

हाँडिगाउँको शिलालेख

२२ अङ्गुल लम्वा, ६ अङ्गुल चौडा भागमा यों अभिलेख + कुँदिएको छ । छेउका केही अक्षरबाहेक अरू अक्षर स्पष्ट छन् । यहाँ संवत् ४७२ दिइएको छ ।

१-संवत् श्रीमान् प्रभुश्च न च लोकविरुद्धकारी
रूपान्वितश्च न च रूपमदम्बिभर्त्ति ।

२--४७२ सम्पन्नपौरुषबलश्च बहुत्तमश्च
दाता च नाम न च दानविकत्थनश्च

३--फाल्गुण(न) तेनैवमादिगुणराशिसमन्वितेन
श्रीमानदेवनृपतेर्द्दुहितुस्सुतेन

४- शुक्लदि(वा) सुस्वादुशीतलविशुद्धजलाभिरामा
कीर्तिः कृतेयमिह भारविना(णा) न[वीना]

५- १२

+ वि. सं. १९९३–९४तिर श्रीगुरु पं. नयराज पन्तले यस अभिलेखको उतार लिनुभएको तथा पाठ पढ्नुभएको रहेछ। केही वर्षअगाडिसम्म हाँडिगाउँको डबली (अंशुवर्माको दुइटा शिलालेख भएको) मा यो अभिलेख कुँदिएको सानो ढुङ्गो थियो भन्ने श्रीगुरुको भनाइ छ। अहिले श्रीगुरु र हामी गई हेर्दा सो ढुङ्गो त्यहाँ देखिएन। अहिले श्रीगुरुले लिनुभएको उतार र पढ्नुभएको पाठको आधारमा यो पाठ यहाँ दिइएको छ।

In Public domain. Digitization Muthulakshmi Research Academy

ब्रह्मटोलको शिलालेख

काठमाडौं ब्रह्मटोलको बीच बाटोमा नारायणको एउटा सानो मन्दिर छ । त्यस मन्दिरभित्र पश्चिमाभिमुख भई रहेको नारायणको पादपीठमा यो अभिलेख कुँदिएको छ । सो पादपीठको अभिलेख कुँदिएको भाग १ हात ४ अङ्गुल लम्बा, ३½ अङ्गुल चौडा छ। यस अभिलेखको धेरैजसो भाग फुटिसकेको छ। यहाँ संवत् ४७९ छ।

अभिलेखको बेहोराबाट यो पादपीठ वास्तवमा अवलोकितेश्वरको हो भन्ने स्पष्ट बुझिन्छ। अवलोकितेश्वरको त्यसै रहिरहेको पादपीठमा कसैले नारायणमूर्ति स्थापना गरेको देखिन्छ ।

१. संवत् ४७९ द्वितीय आषा(ढ) ... ... यजीव ... ...
२. ... ... भगवद्दार्य्या ... ... मानेनार्द्ध ... ...
१५. ह दथुलाछे पात्रवंश रावुत काशिराज भारो, दधबाहार पात्रवंश रावुत्त मयासिंह भारो, नकबाहर वि-

१६. श्वसिंह भारो ॥ व्यसत मानिग्ल कोविछे मनोहरसिंह भारो भ्रात्ते भागोसिंह भारो, मनिकराज भारो भ्रात्ते

१७. विष्णुनारायण भारो कनेष्ठ भ्रात्ते शिवनारायण भारो, मोतिराज भारो, चाखाबाहार वैकुण्ठराम भारो

१८. भ्रात्रे विश्वसिंह भारो कनेष्ठ भ्रात्रे नरसिंह भारो थ्वतेस्वन चिन्ता याचक थ्व देवल दयकबिज्याक जुरो ॥ शुभ ।

—०—

In Public domain. Digitization Muthulakshmi Research Academy

यम्पिविहारको अभिलेख

ललितपुर यम्पिविहारको प्रसिद्ध स्तूपको पूर्वपट्टि भागमा यो शिलालेख टाँसी राखिएको छ। यसको अभिलेख कुँदिएको भाग २० अङ्गुल लम्बा, १५ अङ्गुल चौडा छ। यहाँ संवत् ८१० छ।

१. ॐ नमो बुधायः शाक्यसिंह महाबुद्धः जिनेन्द्र गु-
२. नशागल कोतिशूर्ज प्रभुं नाथन्नमामि भव-
३. तालकः ॥ स्वस्ति ॥ श्रीमन्माणिग्लाधिपति सकलशस्त्र-
४. शास्त्रनृत्यवाद्यसकलकलाकोशल सङ्गीतविद्यापार-
५. ग महाराजाधिराज श्रीश्रीजययोगनरेन्द्रमल्लदे-
६. व प्रभु ठाकुलसन विजयराज्य याङबिज्याक, रा-
७. जा राजापनिस्के किसि सलं आदिपं स देश कास्य-
८. बिज्याङाव, राजा राजाया चूडामणि जुयाव बिज्या-
९. क, क्वात गुगोरं चयाघरनं काव, याकात चोङा-
१०. व, थथि अवसरस, यंपिविहारिया ब्रह्म-
११. चर्यभिक्षुश्रीचिन्तामणिजु, कोनिह्म घर खा-
१२. छेया राम भारो, प्रमुखनं गुथि समुह-
१३. न, यम्पीथुपया प्रिउखादेवस्के देव-
१४. ल दयकंस्यं ।। श्रेयोऽस्तु ।। सम्वत्
१५. ८१० ज्येष्ठकृष्णदितीयायां तिथौ
१६. पुर्व्वाखाध प्रर उत्राखाध नक्ष-
१७. त्रे ऐ जोगे ।। ।। सुक्रवाल,
१८. थ्व कुन्हु प्रतिस्था याङा जुरो
१९. थ्वन न्हतु कुन्हु लथ भेत
२०. बोर, लथजंत्रन थन
२१. देव रथन कोकायाव
२२. थ बुगारया फुरस तर
२३. शुभ ।।

—०—

In Public domain. Digitization Muthulakshmi Research Academy

मङ्गलबजार मणिमण्डपको अभिलेख

ललितपुर मङ्गलबजारमा राजदरबारसंगै उत्तरपट्टि 'मणिमण्डप' भन्ने प्रसिद्ध स्थान छ। त्यसको बीच भागमा मण्डपको राजासनको रूपमा राखिएको ढुङ्गाको उत्तराभिमुख पाटामा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख कुँदिएको भाग १ हात लम्बा १६ अङ्गुल चौडा छ। यहाँ संवत् ८२१ छ।

१. ॐ नमः श्रीलोकनाथाय ।। दाक्षिण्योत्तरदिग्गतः करतले पङ्केरुहः सारथिं कृत्वा चाण्ड-
२. जमब्जगः प्रतिदिशं स्थित्वा भ्रमत्स्यन्दने । अ गानां प्रभवो तनोतु हि सदा मोदं परं प्राणि-
३. नामारक्ताकृतिसुंदरो रविरिव श्रीलोकनाथ प्रभु ।। श्रीभीमस्य मणेः सभास्थलमिव
४. व श्रीभूपतीनां सभास्थानं सन्मणिमण्डपं सुललित जीर्ण्णं त्वपास्य द्रुत संगीतार्ण्णवपा-
५. रगेन सुकुलाम्भोजाटवीभास्वता, श्रीमद्वीरनरेन्द्रभूमिपतिनाऽकारि स्फुटं नूतनं ।।
६. यन्निर्म्मानविधौ महच्छ्रमभृताधिक्योद्यमारंभकृद्वीरस्याऽनुचरो नरेन्द्रनृपतेः सं-
७. गीतविद्यानिधेः । यस्य प्रेमतमो वरो नरहरिर्न्नामा महत्सेवको, दासानां गणनाय-
८. कः क्षितिपतेः स स्यात्सदा मान्यभृत् ।। ब्रह्मानेत्रदिगङ्गनाङ्कसहिते नेपालस-
९. वत्सरे । चैत्रे मासि सिते दिने सुरगुरोः षष्ठ्यां तिथौ संयुते । श्रीमद्भैरवमूर्त्तिशक्ति-
१०. सहित संस्थापयामास स, कृत्वा तत्र नरेन्द्रभूपतिमणिर्होमं च कोटचाहुतिं ।। ।।
११. संवत् ८२१ चैत्रमास शुक्लपक्ष षष्ठी बृहस्पतिवार, थ्व कुन्हु संगीतार्ण्णवप रग
१२. रविकुलतिलक हनुमद्ध्वज माणिग्लाधिपति महाराधिराज वीरश्रीश्रीजयजो-
१३. गनरेन्द्रमल्ल प्रभु थाकुरन, न्हपाया मणिमण्डप जीर्ण्ण जुयाव न्हुर दयकं बिज्याङाव
१४. कोटचाहुति होम याङाव थो मणिमण्डपस शक्तिन सहित भैरव दयकं स्थापना
१५. याङाव प्रतिष्ठा याङ बिज्याक ।। महाराजाया आज्ञान स्वथया शिवहरिया पुत्र घो-
१६. पोगारबहिलिपछें नरहरि, म्ह्याच मनोहरी, मान्येश्वरी, प्रमुख थो स्वह्मसे-
१७. न थो मण्डप दयकाया समस्तं चिंता याङाव महाकष्ट याङाव महाराजाया से
१८. वा याक ।। थोगुर सेवान, महाराजा प्रसन्न जुयाव थो मणिमण्डपस बिज्याङाव नर
१९. हरियात मान्य बिसे बिज्याक ।। थो वेलस नरहरिन थव शक्यन चावथें, वरतु जा
२०. त दुन्ता व, मुर्कासिर, दस्पतिदुंता व महा(रा)जा वीरश्रीश्रीजयजोगनरेन्द्रमल्ल प्रभु था
२१. कुरया चरणारविन्द पूजा याक ।। ।। भाषा बु रोव ६... ❋ बुरो खोनाथरि थ्वो

❋ यहाँ जग्गाको नाउँ खुर्केर अस्पष्ट पारिएको छ।

In Public domain. Digitization Muthulakshmi Research Academy

२२. ति बुया वरसानन, नित्य अस्ता १ चेक तस्यं मत छोयके माल, इन्द्रजात्राया पूर्णमा-
२३. सि कुन्हु राजगुर्व्वाहारन श्रीभैर व)मूर्ति पूजा यायमाल ।। फं १ सियाफलकि
प्र २ स्वात कु-
२४. ड १ रा कुड १ बजि दं ४ धरि कुड १ क्गु फोया, थ्वति दान बियमाल ।।
गुर्व्वाहार मत छोयकू-
२५ ह्म ह्मोयथो स्वह्म भोज नके माल, मंडपस चिंता याकह्मन ।। बरषुनि चपालया जो-
२६. गियात नित्य प्र २ जाकि बियमाल, नित्य बपुयमाल, जोगि संन्यासिन थो
मंडपस जा-
२७ थुयमदु, मि छोयकेमदु वरषूनि चपालया जोगिन विचार याथमाल विचार मया-
२८ तसां महाराजाया गुणाहागा(र जुरो ।। थ्वति ल्हासे तको मयातसा पंचमहापाप ला-
२९. क जुरो, थ्वति ल्हासे तको यातसा महापुन्य लाक जुरो ।। थोगुर लोहोया सिंहा-
३०. सन महाराजाधिराज वीरश्रीश्रीजयजोगनरेन्द्रमल्ल प्रभु थाकुरया जुरो ।। थ्व
३१. सिहासनस मेव सुनं चोनेमदु चोनसा महाराजाया गुणाहागार जुरो ।। थ्व अक्षर
३२. बंलानिह्मया विप्र श्रीपरशुरामन श्रीश्रीवीरजयजोगनरेन्द्रमल्लदेव प्रभु थाकुलया
३३. आज्ञान चोया जुरो । शुभमस्तु त्रिजगताम् ।।

—०—

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

प्रकाशक—
संशोधन-मण्डल
महाबौद्ध काठमाडौं, नेपाल

मूल्य- मो. रु. १५०

वि. सं. २०१९ श्रावण-संक्रान्ति

जोरगणेश प्रेस प्राइभेट लिमिटेड, काठमाडौं

In Public domain. Digitization Muthulakshmi Research Academy

अभिलेख-संग्रह

[सातौं भाग]





सम्पादक–

रामजी तेवारी

धनवज्र वज्राचार्य

देवीप्रसाद भण्डारी

गौतमवज्र वज्राचार्य

भोलानाथ पौडेल

महेशराज पन्त

शङ्करमान राजवंशी

नयनाथ पौडेल

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

— बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

अभिलेख-संग्रह

सातौं भाग

सम्पादक —

रामजी तेवारी
देवीप्रसाद भण्डारी
भोलानाथ पौडेल
शङ्करमान राजवंशी
धनवज्र वज्राचार्य
गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

In Public domain. Digitization Muthulakshmi Research Academy

विषय-सूची

	पृष्ठ
अभिलेख-संग्रहको व्याख्या गर्ने बाटो	१-१७
वक्तव्य	१८-१९
तलेजुचोकको आँखीझ्यालको नरेशमल्लको अभिलेख	२०
तलेजुचोकको लक्ष्मीमूर्तिको नरेशमल्लको अभिलेख	२०
खौमाटोलको भवानीशङ्करमन्दिरको जगत्प्रकाश मल्लको अभिलेख	२१-२३
तलेजुचोकको जगत्प्रकाश मल्लको अभिलेख	२३-२४
कुमारीचोकको जितामित्र मल्लको अभिलेख	२४-२५
राजदरबारनजीकै गहिरीधाराको जितामित्र मल्लको अभिलेख	२५-२८
तलेजुचोकको तोरणको जितामित्र मल्लको अभिलेख	२८
तलेजुचोकको योगनरेन्द्र मल्लको अभिलेख	२९-३०
तलेजुचोकको लालमतीको अभिलेख	३१
तलेजुचोकको लालमतीको अभिलेख	३२
काछें भगवतीमन्दिरको रणजित् मल्लको अभिलेख	३३-३४
तलेजुचोकको जयन्तलक्ष्मीको अभिलेख	३४

In Public domain. Digitization Muthulakshmi Research Academy

अभिलेख–संग्रहको व्याख्या गर्ने बाटो

व्याख्यानतो विशेषप्रतिपत्तिर्नहि सन्देहादलक्षणम् ।

(वैयाकरण परिभाषा)

[व्याख्यानबाट विशेष कुरा बुझ्नुपर्छ । सन्देह हुँदैमा अप्रामाणिक हुने होइन ।]

नखाईकन कोही मनुष्य पनि खडा रहन सक्तैन । खानेकुरो कमाउने विद्या वार्ता (खेती गर्नु, गोठ राख्नु, व्यापार गर्नु) कहाउँछ । मनुष्यमा प्रायः खानेकुरालाई लिएर हानथाप भइरहन्छ । सो हानथाप दुनियाँमा हुन नपाओस् भन्ने विद्या दण्डनीति (राजनीति) कहाउँछ । हाम्रा अघिका पुर्खाहरू वार्ता र दण्डनीति पनि पढ्थे । तर पछिका हाम्रा पुर्खाहरूले वार्ता र दण्डनीति पढ्न छोडिदिए[●] । तर खान छोड्न कसैले सकेन । यस कारण खानेकुरा कमाउने रीति पनि चल्दै गयो । खेती र पशुपालनमा विशेष उन्नति हुन सकेन । ठूलठूला व्यापार विदेशीका हातमा पर्न गए । दुनियाँमा हानथाप रोक्ने रीति पनि चल्नु स्वाभाविकै थियो । कति भने दण्डनीति पढेगुनेका मानिसको विषय नभई हाटहुट गर्ने मनुष्यका हातमा पर्न गयो । यसबाट हाटहुट गर्न सक्ने छट्टूहरूले मोज मारे, नसक्ने सीधासाधा मान्छे पाखा लाए । हाटहुट गर्ने मनुष्य र तिनका चाटुकार (खुशामदी)-हरूले रवाफ राख्न केही कुरा भन्नु स्वाभाविकै थियो । परलोकभीरु मनुष्यले आफ्नो परत्र सप्रोस् भनी गरेका धर्मकर्मलाई संझाउने केही लेख र हाटहुट गर्ने र तिनका खुशामदीहरूले रवाफ राख्न लेखेका केही लेखलाई मात्र हामी अहिले पाउँछौं । यिनैको संग्रह अभिलेखसंग्रह भइरहेछ[ञ] । हामीले तिनैबाट आफ्नो देशको इतिहास बनाउनुपरेको छ । चाटुकारहरूले आफ्ना मालिकलाई मन पर्ने कुरा मात्र लेख्नु स्वाभाविक छ । हामीले चाटुकारका कुरालाई सुनेनौं भने पुरानो इतिहास बनाउन सक्तैनौं । विश्वास गरेर सुन्यौं भने आफैं बेवकूफ बन्छौं । यसरी उभयतः पाशा रज्जुः (दुवैतिरबाट आपत्) आइपरेको छ । चाटुकारका कुराबाट साँचो कुरा पत्ता लाउन सकिदैन तापनि सत्य कुराको आभास टाढा टाढाबाट पाए पाए जस्तो हुन्छ ।

● ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग) को उपोद्घात र गल्लीमा पर्याँकिएका कर्सिगरको उपोद्घात हेर्नु होस् ।

ञ पुराना स्थितिबन्देजविषयका अभिलेख पनि पाइएका छन् । तर तिनको संख्या धेरै छन ।

In Public domain. Digitization Muthulakshmi Research Academy

उदाहरणका लागि श्री३चन्द्रको स्तुति गर्नाका लागि लेखिएको आचार्यवंशावलीलाई औंल्याउन सकिन्छ। आचार्यवंशावलीकार श्री ३ चन्द्रका सामानकालिक भएका हुनाले यस वेलाको स्थिति बुझ्न आचार्यवंशावली काम लाग्छ। ★

जस्तै—

अथ किल प्रधानसेनापतिः···महाराणाकुलतिलकस्य बालनरसिंहवर्मणो नेपालप्रधानपुरुषस्य कनीयान् पुत्र आसीत्। जज्ञिरे···बालनरसिंहवर्मणः सप्त···तनयाः। तेषु ··श्रीश्रीश्रीमहाराजजङ्गबहादुरो जी. सी. बी. एण्ड. जी. सी. एस. आइ थोङ्. लिङ्. पिम्माको. काङ्. वाङ्. स्याङ्. प्राइम्मिनिष्टर एण्ड कम्याण्डर इन् चीफ् महाराणा बहादुर इत्यादिभिः··· परितुष्टयूरपदेशसम्राट्चीनप्रधानपरिवृढोपदीकृतोपाधिभिःप्रख्याप्यमानानन्यगामिगुणो ज्येष्ठ आसीत्। यःस्वबाहुबलेन स्वपितुर्बालनरसिंहादप्यत्युच्छ्रितं नेपालदेशप्रधानमन्त्रिपदमविन्दत। द्वितीयो मिनिष्टरबम्बहादुरराणाभिधस्तृतीयः कम्याण्डर इन् चीफ् जनरल बद्रीनरसिंहराणाबहादुरश्चतुर्थः कम्याण्डर इन् चीफ् जनरल कृष्णबहादुरराणाख्यः पञ्चमःश्रीश्रीश्रीमहाराजरणोद्दीपसिंहः के. सी. यस्. अ इ. थोङ्. लिङ्. पिम्माको. काङ्. वाङ्. स्याङ् प्राइम्मिनिष्टर एण्ड. कम्याण्डर इन् चीफ इत्याद्युपाधिभूषितः षष्ठः कम्याण्डर इन् चीफ् जनरल जगत्संसेरजङ्गराणाबहादुरः सप्तमः सर्वेभ्यः कनिष्ठः कम्याण्डर इन् चीफ् जनरल धीरसंसेरजङ्गराणाभिधो बभूव। ···

मन्त्र्यग्रणीर्जङ्गबहादुरो यान् नेपालराज्ये विदधे प्रबन्धान्।
नयप्रतापानुगतैरमीभिः प्रजाः समस्ता अलभन्त सौख्यम् ॥१५७॥
समुद्रमुल्लङ्घ्य युरोपदेशे गत्वाऽविशङ्कं विक्टोरियाख्याम्।
सौहार्दतो भारतसार्वभौमीं संतोष्य राष्ट्रं स दृढं चकार ॥१५८॥
अत्रान्तरे तिब्बतभूमिपालैः कृतेऽपराधे स इमान् प्रशास्तुम्।
सेनैकदेशं प्रणिधाय तेऽपि क्रूराः प्रकृत्या समरं व्यधित्सन् ॥१५९॥
परस्परोत्साहिनि संप्रवृत्ते रणे निशम्यात्मभटान् स भग्नान्।
समादिशत्स्वप्रियधीरसंसेराख्यं दृढाभिः सह वाहिनीभिः ॥१६०॥
पुरस्कृताज्ञः कृतसिंहनादो द्रुतं स भोटानमवाप्य देशम्।
अवारितस्तैः कृतभूरियत्नैस्तद्राजधान्यन्तिकमाप वीरः ॥१६१॥
तत्रारिवीरान् विनिपात्य शौर्याज्जयश्रियाऽनुक्षणमीक्ष्यमाणः।
द्रुते दिशः शत्रुगणे प्रहृष्टो भोटानदेशं स्ववशे चकार ॥१६२॥

★ आचार्यवंशावलीकारले पुरानो अलिकता इतिहास पनि लेख्ने चेष्टा गरेका छन् तापनि सो अन्तबाट सारिएको र नबुझेर तथा स्वार्थवश अण्डबण्डसमेत पारिएकोले त्यसको चर्चा यहाँ गर्नु आवश्यक देखिदैन।

In Public domain. Digitization Muthulakshmi Research Academy

अथ जलधिशशाङ्काङ्केन्दु (१९१४) वर्षे समस्तां
व्यथयति भरतानां क्ष्मां प्रजाद्रोहवह्नौ।
तदुपशमनमिच्छुः शूरपाश्चात्यसम्राट्
स्वहितविहितसन्धं तं स्पशैराजुहाव ।। ६३।।

तदनु बहुलसैन्यं श्रीरणोद्दीपसिंहं
रिपुकरिकुलसिंहं धीरसंसेरयुक्तम् ।
समरशिरसि गच्छन् जङ्गबाहादुरोऽसौ
भुजयुगमिव शत्रुश्रीहठाकर्षणाय ।।१६४।।

कृत्वा पुरस्ताल्लखनौपुराख्यां गत्वा तुरुष्काधिपराजधानीम् ।
हृत्वा रिपून् स्तोषितसार्वभौमो नेपालमापूरयति स्म रत्नैः ॥१६५।।
कनीयांस्तता धीरसंसेरनामा रणोपार्जितैर्वित्तपूरैश्चकार ।
अनेकानि दानानि विद्वत्सपर्यां शिवश्रीशयोर्मन्दिराण्युत्तमानि ॥१६६।।
तथा निःस्वसंरक्षणीः पाकशाला दृढा धर्मशाला बृहत्पाठशालाः ।
अदन्त्यावसन्त्याप्तविद्या लभन्ते दरिद्राश्च पान्थाश्च विप्राश्च यासु ।।१६७॥

पञ्चविंशत्यधिकैकोनविंशतिशत(१९२५)तमाब्दे धीरसंसेरप्रभुवरः कलकत्ताख्यराजधानीं प्रस्थितः···

चन्द्राग्निनन्देन्दुमिते (१९३१)ऽथ वर्षे श्रीधीरसंसेरमहीमहेन्द्रः ।
ज्ञातुं प्रजावृत्तमभिप्रतस्थे नेपालराज्यस्थितमध्यदेशम् ।।१७४।।
अमुच्यमानः क्षणमप्यनेन शिरोमणिः प्राप्य वराहतार्थम् ।
सुदुर्गमं तोयपथैकगम्यं स्नात्वा कृतार्थःस्वपितॄनतार्प्सीत् ।।१७५॥

··· पञ्चत्रिंशदधिकैकोनविंशतिशत(१९३५)तमे वत्सरे पुनः कारणान्तरेण कलकत्ता-राजधानीं समागतवता पूर्वत्रयस्येव जगन्नाथरामेश्वरद्वारकाबदरीनारायणसप्तपुरीयात्रा यथाविधि कृतवता···धीरसंसेरजङ्गराणाबहादुरप्रभुवरेण सहाऽगतोऽयं हरिहरक्षेत्रवैद्य-नाथेश्वरवाराणसीप्रयागसाकेतादिप्रधानतीर्थयात्रा विधिवद्विधाय···सहैव प्रभुपुङ्गवेन निर्व-र्तितगयाश्राद्धविधिर्न्यवृतत् सहैव तेन नेपालम् ।

अथर्तुवह्निचङ्कधरा(१९३६)मितेऽब्दे श्रीधीरसंसेरबहादुरस्य ।
समस्तनेपालचमूपतित्वपदव्यवाप्त्युत्सवहृष्टचेताः ।।१८०।।
श्रीविश्वरूपे पशुपत्युपान्ते सहस्रसुब्राह्मणभोजनेन।
गृहे सभायां विबुधार्हणेन हर्षप्रकर्षं प्रकटीचकार ।।१८१।।
भूवेदनन्देन्दु(१९४१)मितेऽथ वर्षे श्रीधीरसंसेरबहादुरस्य ।
नेपालभूदुष्कृतदुर्विपाकैराचक्रमे रोगभरेण कायः ।।२०८।।

In Public domain. Digitization Muthulakshmi Research Academy

तदानीं व्यग्रेषु तत्प्रतीकाराय भिषग्वरेषु समारब्धेषु कर्मविपाकाद्युक्तेषु महत्सु दानेष्वनुष्ठीयमानेऽवति रुद्रजपसहस्रचण्डीपाठहोमादिषु भोज्यमानेषु तत्साद्गुण्यसिद्धये ब्राह्मणेषु समाराध्यमानेषु नेपालप्रान्तगतसकलपीठप्रतिष्ठितेषु पशुपतिगुह्येश्वरीप्रभृतिसुरनिकरेषु निर्वर्तिते चाष्टादशसहस्रव्ययेन तिलगर्भदाने किमप्यनुल्लाघः कार्तिककृष्णनवम्यां पशुपतिक्षेत्रे आर्यातीर्थमासाद्य तत्र गजवाजिभूधेनुश्रीमद्भागवतमहाभारताद्यसंख्यदानानि विधाय समाराध्य पशुपतिं गुह्येश्वरीं च विशिष्टविभवैः श्रीरामचन्द्रचरणनलिनयुगलरोलम्बीकृतचित्तवृत्तिस्तुलसीचन्दनं तुलसीलेखन्या समादाय हृदयदेशलिखितराममामा कार्तिककृष्णैकादश्यां ··नियत्य···निजदेहं सायुज्यमगाद्रघुपुङ्गवस्य महाप्रभुश्रीधीरसंसेरजङ्गराणाबहादुरः।

···नेत्राब्धिनन्दभू (१९४२) वर्षे ··

संवत्सरेऽत्रोर्जगपौर्णमास्यां श्रीवीरसंसेरबहादुराय ।
श्रीमन्महामन्त्रिपदं व्यतारीत् प्रसद्य नेपालमहीमहेन्द्रः ॥२१३॥
प्रज्ञाप्रकर्षोत्कटशौर्यशंसिश्रीचीफइत्यादिपदैरनेकैः ।
अभूषयत्तं गुणतुष्टचेता विद्युर्महान्तो महतां महत्त्वम् ॥२१४॥
मन्त्रित्वान्निदशाहतः परमयं यात्वाऽनुयातोऽनुजै—
रार्यातीर्थमुपान्तगं पशुपतेर्दत्वाऽप्यसंख्यं धनम् ।
गोरक्षेश्वरतोऽधिगत्य विधिवद्राज्याभिषेकं महा-
राजत्वाधिकृतः प्रजावनवृधोन्नत्योरभूद् दीक्षितः ॥२१६॥
हेमाद्युद्धृतदानखण्डकथितान्यामन्त्र्य विप्रोत्तमान्
श्रद्धापूतमनाः स षोडश महादानानि सर्वाण्यदात् ।
गोरक्षेश्वरनाथकाञ्चनतुलां कृत्वा स्वयं काञ्चनै-
रारुह्याथ तुलां यथावदतनोत् सत्कोटिहोमान् बहून् ॥२१८॥
नेपालश्रियमुन्नतिं गमयता तेनोत्तमा रीतयः
प्राचार्यन्त जनेषु सर्वपृतना वीक्षांबभूवेऽन्वहम् ।
चक्रे सा खुरलीर्विधाय बहुलाः कान्तारयुद्धक्षमा-
स्तस्या नूतनरीतिभिश्च विदधे स्वास्थ्यं परा चोन्नतिः ॥२१९॥
दीनानाथरुगागार्त्तसर्वजनताऽऽरोग्याय निर्मापिता
वीराख्या नरवृन्दयोषिदुचिता भैषज्यशालाःपृथक् ।
दूरस्थं नलिकामुखेन विमलं तोयं समस्ते पुरे
संचार्यालमवार्यतात्र मलिनाम्बूत्थो गदो दुःखदः ॥२२०॥
तातेनागतिविप्रबालककृते संस्थापितां पण्डितै-
स्तेषां पाठनहेतवे नियमितैः सत्पाककशालां युताम् ।

In Public domain. Digitization Muthulakshmi Research Academy

संवर्ध्य द्विगुणां विधाय शतकं चाष्टाधिकं पुष्णता
द्विर्भोक्तुं ददताऽमुना पितृयशो द्वैगुण्यमानीयत ॥२२१॥
वेदव्याकृतितर्कजैमिनिवचःसाहित्यसांख्यद्वयी-
वेदान्तान् गणितं फलागमयुतं भाषाश्च नानाविधाः।
सम्यक् पाठयितुं विधाय बृहतः पाठालयान् पुस्तका-
गाराण्युत्तमपण्डितावलिभृता चक्रे च नेपालभूः ॥२२२॥
अत्राऽधीत्य ततोऽधिकं विविदिषून् विद्यार्थिनो वृत्तिभि-
र्निश्चिन्तान् विरच्य काशिकमहापाठालयप्रेषिणा।
प्राप्ताचार्यपदानिमानतुगुणैर्मानैर्धनैश्चार्चता
विद्यावृद्धिपरायणाः किल कृताः सर्वेऽपि नेपालगाः ॥२२३॥
नेपालाधिपराजधान्यतितरां जीर्णा भृशं संकटै-
र्मार्गैर्वार्षिकपूतितोयनिचितैर्निन्द्यस्थितिः संस्कृता।
रम्यान् राजपथान् विधाय विधनाः संपूर्य वित्तैःप्रजाः
स्वच्छागारविशालहट्टविपणिप्रासाददेवालया ॥२२४॥
शैले वार्षिकवाहिनीरयवहद्दीनप्रजासौख्यदा
लौहाः सेतुवरा दृढा विरचिता आलोच्य तत्तत्स्थले।
कुष्ठिस्थानमथान्नपानसहितं कृत्वा दृढं वाग्मती-
तीरे च त्रिपुरेश्वरे च विबुधास्तच्छान्तये स्थापिताः ॥२२५॥
क्रोशानब्धिमितानतीत्य नगराद्याम्यां हरित्युत्तमं
गोदातीरगतं विशालभवनं हीरापुरं कारितम्।
पन्थास्तत्र च संकटो बहुविधोद्यागेन विस्तारितो
येनाऽऽयान्ति रथैः सुखेन धनिनस्तद्रम्यतां वाक्षितुम् ॥२२६॥
वारुण्यां दिशि काष्ठमण्डपपुराद्बालाविभोर्मन्दिर
जीर्णोद्धारविधानतः सुरुचिरं यत्नेन संस्कारितम्।
गव्यूतिद्वयतः परं नगरकोटे चैव भूभृत्सभा
रम्याः स्वच्छविशालमार्गसहिता ऐश्यां दिशि स्थापिताः ॥२२७॥
दुर्गे पर्वतवर्त्मनि प्रतिपदं हिंस्रैर्वृते जन्तुभि-
श्चोरैश्चाप्यभयेन पान्थगतये विस्तारिता रक्षकाः।
त्रिक्रोशोत्तरतः प्रधाननगराच्छाशेषशायिस्थले
पूज्ये वैष्णवशैवमन्त्रनिचयैः पन्था विशालःकृतः ॥२२८॥
प्रत्यब्दं सकलप्रजागतविपद्दूरीकृतिं वाञ्छता
गत्वाऽऽखेटमिषेण पर्वततले बंभ्रम्यते सर्वतः।

In Public domain. Digitization Muthulakshmi Research Academy

प्राच्यां रीतिमपास्य नव्यविधिना संस्थाप्य दक्षान् शुचीन्
न्मेशानधिकारिणश्च विभयाः संपादिताःस्वप्रजाः ॥२२९॥
सम्राट् चीननराधिपश्च सुहृदौ नानाविधोपाधिभिः
प्रीत्या सत्कुरुतःस्म भूरि पदवीःप्रादाच्च गोर्खेश्वरः।
यात्रा धामचतुष्टयस्य विहिता देशान् बहून् पश्यता
तेनाशेषवसुन्धरास्थविषयप्राबीण्यमासादितम् ॥२३०॥
सम्राड्मन्त्रिनिमन्त्रितेन सविधे पाश्चात्त्यसीमावने-
र्मिथ्यायुद्धविधौ परीक्षितवताऽशेषाश्चमूर्भागशः।
आविष्कृत्य नवा विधा अविदिताः सम्राट्चमूनायकै-
राश्चर्यं स्तिमितैःकृता निरुपमा प्राप्ताऽमुना सत्क्रिया ॥२३१॥
श्रीश्रीश्रीवीरसंसेनरपतितिलको भारतेऽस्मिन् प्रदेशे
याःयाः संमानमाला नृपपतिसचिवात् प्राप्तवान् सत्क्रियाभिः।
निःशेषास्वासु चित्रप्रतिपदनयनैपुण्यबुद्धेः प्रभावा
जागर्त्त्येव जगत्यां श्रुतिशतधरधीचन्द्रसंसेरनेतुः ॥२३२॥
...त्रिक्रोशान्तरतः प्रधाननगरात् पूर्वस्थितं दुर्जलं
भक्तग्राममपालयत् प्रतिपथं तोयैः सुदूराहृतैः ॥२३३॥
सप्तामुष्य सुताःसुनीतिनिपुणा विद्यासु पारं गताः.....
ज्येष्ठस्तेषु परिश्रमी स्वरचितैर्गेहेन्द्रसंसेरजङ्-
गाख्यो विस्मयकारिवस्तुनिवहैः प्रीणाति तातं नवैः ॥२३४॥
भक्त्या नित्यमुपासते नरपतिं स्वभ्रातरः षोडश ॥२३५॥

तेषु महाराजतः कनीयान् कम्याण्डर इन् चीफ् जनरल खड्गसंसेरजङ्गबहादुर-राणाख्य..."पश्चिमप्रान्तस्थितप्रजापालनाधिकृतो नेपालात् षष्टिक्रोशान्तराले पाल्पानगर-स्थाने कृतनिकेतनो नेपाले चोभारगणेशनाम्ना प्रथितस्य विनायकस्य जीर्णं प्रासाद विपुलव्ययेन संस्कृत्य तत्रैव वाग्मतीतीरे महान्तं घट्टं धर्मशालां च कारयामास। स्वप्राणप्रियायां पत्न्यां कैलासवासिन्यां तत्स्मरणाय गण्डकीतटे देवमन्दिरधर्मशालादीनि बहूनि सत्कार्याण्युत्तमया रीत्याऽतनोत् ।

तृतीयः कम्याण्डर इन् चीफ् जनरल रणसंसेरजङ्गराणाबहादुरोऽल्पेनैव कालेन स्वरयासीत् ।

चतुर्थःकम्याण्डर इन् चीफ् जनरल देवसंसेरजंगराणाबहादुरः... स्वसहचरीकृष्ण-कुमारीदेवीसमीहितसंपत्तये नेपालाद् दशक्रोशान्तराले भिम्फेदीस्थाने यात्रिकाणां तत्र वसतां च विपुलं जलालाभजनितं क्लेशमालोच्य पर्वताधित्यकातो नलिकाद्वारा जलमानाय्य

In Public domain. Digitization Muthulakshmi Research Academy

प्रतिपथं तद्द्वारा: प्रवाह्य ततान महोपकारम् । पुनरयं…ज्येष्ठपत्न्या: कमलकुमारीदेव्या: स्मृतये नि:श्रेयसाय च नेपालात् षोडशक्रोशान्तराले भिच्छाखोरीस्थानमारभ्य सिमरापर्यन्तं क्रोशचतुष्टयमितां भुवं निर्जलतया मरुमप्यभिभवन्तीं तथैव जलपूर्णां विधाय प्रतिक्रोशं प्रवाहितजलधारस्तत्रत्यजनाननुगृह्य धर्मशाला: प्रतिष्ठाप्य यात्रिकान् सुखिनश्चकार ।…

पञ्चमोऽपि पश्चिमप्रदेशरक्षणनियुक्त: कम्याण्डिङ्ग जनरल चन्द्रसंसेरजङ्गराणाबहादुर:…

षष्ठश्च पूर्वदेशपालनाधिकृत: कम्याण्डिङ्ग जनरल भीमसंसेरजङ्गराणाबहादुर:… श्रीरामचन्द्रमुपास्ते ।

सप्तमोऽपि दक्षिणदेशावनसमादिष्ट: कम्याण्डिङ्ग जनरल फत्तेसंसेरजंगराणाबहादुर:…

अष्टम उत्तरदेशसंरक्षणाय समाज्ञप्त: कम्याण्डिङ्ग जनरल ललितसंसेरजङ्गराणाबहादुर: स्वल्पेनैव कालेन कैलासवासी बभूव ।

अथ नवम: उत्तरदेशपालनप्रेरित: कम्याण्डिङ्ग जनरल जितसंसेरजङ्गराणाबहादुर:…

दशम: श्रीजनरल युद्धसंसेरजंगराणाबहादुर:…

अन्ये च लेफ्टेण्ट जनरल डम्बरसंसेरजङ्गराणाबहादुर:कर्णेलपूर्णसंसेर-यदुसंसेर-सेरसंसेर-दुर्गासंसेर-खम्बसंसेरजङ्गराणाबहादुराभिधा:… ।

सर्वेभ्य:कनिष्ठ: कर्णेल हर्षसंसेरजङ्गराणाबहादुर: स्तोकेनैव कालेन प्रतस्थे परं पदम् ।

…चतुश्चत्वारिंशदधिकैकोनविंशतिशत(१९४४)तमेऽब्दे कालिकाताराजधानीं समागतं स्वस्तिश्रीमदतिप्रचण्डभुजदण्डेत्यादिश्रीश्रीश्रीमहाराजवीरसंसेरजंगराणाबहादुर जी. सी. एस. आइ. थोङ्. लिङ्. पिम्माको. काङ्. वाङ्. स्याङ्. पृ. अ. गो. द. बा. प. अ. गो. प्र. प. प्राइम्मिनिष्टर एण्ड कम्याण्डर इन् चीफ् वर्माणं दिदृक्षुस्तत्र गत्वा…प्रयाते निजविषयं महाराजे प्रत्याजगाम काशीपुरीम् ।

पञ्चचत्वारिंशे हायने चैत्रे महाराजकुमारस्य जनरल चक्रसंसेरजंगराणाबहादुराख्यस्य विवाहोत्सवे नेपालं गत: षट्चत्वारिंशदधिकैकोनविंशतिशत(१९४६)तम…वत्सरे मार्गशीर्षमासे महाराजद्वितीयकनिष्ठकन्ययो: श्री ५ नेपालसर्ववसुन्धरामहाराजाधिराजेन सह प्रवृत्ते विवाहमहोत्सवे…प्रयाय नेपालं…त्रिपञ्चाशदधिकैकोनविंशतिशत (१९५३) तमवर्षे पुनर्महाराजे कलिकातापुरीमागते तं दिदृक्षुस्तत्र…पुरश्चकार सभावसन्तपूजादिभिर्ब्राह्मणान् ।…

उत्तरभाग:

मुनीषुनन्देन्दु (१९५७) समा…
यत्ने पालनृपालमुख्यसचिवश्रीवीरसंसेरज-
ङ्गाख्यस्य प्रभुपुङ्गवस्य सहसाऽश्रावि प्रयाणं भुव: ॥१२॥
फाल्गुनपौर्णमास्यां … …

In Public domain. Digitization Muthulakshmi Research Academy

…तदनुजं तदात्वे समस्तनेपालपृतनापतिं महाराजदेवसंसेरमुपश्रुत्य तत्पदप्रतिष्ठितं… स्वस्तिश्रीमदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराजचन्द्रसंसेरजङ्गराबहादुरस्य थोङ् लिङ्. पिम्माको, काङ्. वाङ्स्याङ्. प्राइम्मिनिष्टर एण्ड मार्सल इत्यादिविविधविरुदावलीविराजमान…महाप्रभोरष्टपञ्चाशदधिकैकोनविंशतिशत (१९५८) तमवत्सराधिकाषाढशुक्लदशम्यां बुधवासरे श्रीमन्नेपालभूमिपालप्रधानामात्यपदवीसंप्राप्तिमहोत्सवो मोदयति स्म मानसं सुत्वपुङ्गवस्य।

…अस्तं याते नयसुरगुरौ वीरसंसेरजंगे
ये ये दोषाः प्रकृतिषु शनैर्गुप्तरूपाः प्रसस्रुः।
धृत्या नीत्या मधुरवचनैर्विक्रमैश्च क्रमेण
प्रोत्सार्यैतानतिशयितवांस्तं स्वमत्यैष मन्त्री ॥३५॥
देशाचारस्थिरपरिचयो देववाण्यां प्रवीणो
नानाद्वीपव्यवहृतबहुश्लिष्टभाषासु दक्षः।
पुत्राऽन्यूनं प्रतिपदमवन् स्वप्रजा अस्ततन्द्रं
स्तोकैरेवालभत समयैः सार्वभौमादरं सः ॥३६॥
…रामं ह्रीणं रचयतितरामेकपत्नीव्रतैर्यः

…अयं किल महाराजोऽचिरादारूढोऽपि परमोच्चं पदं ललितपट्टने नलिकाभिर्जलसौलभ्यमगदङ्कारालयं च भक्तपुरेऽपि बृहदौषधालयं समादिदेश संव्यधत्त च जीर्णं काष्ठमण्डपं विपुलव्ययेनोद्धृत्योज्ज्वलीकर्त्तुम्। भारतवर्षात्तत्रत्यप्रशस्तगुरुतरवस्तूनि नेपालं निनीषूणां भीमफेदीस्थानात् थानकोटग्रामपर्यन्तं विषमतरतया पर्वतपथस्य सम्पद्यमानं दुःसहमायासं परिजिहीर्षुः…अयं तथा यतते स्म यथा यान्त्रिकप्रक्रियाभिस्तत्प्रापणे नानुभूयेत तैः कष्टम्।

अनतिक्रान्ते च स्वोदयादर्धाधिकेऽब्दे षोडशसु महादानेषु यथाविधि स्वल्पावशेषाणि निरवर्तयत् समुत्सहते स्म हेमाद्रुचपनिबद्धानि सर्वाण्येव दानानि पात्रेभ्यः प्रतिपादयितुम्। दुष्कराणि तिष्यकाले विपुलवित्तव्ययायाससाधनीयानि कोटिहोमादीनि सुकृतानि सम्यगाहर्तुमुद्युङ्क्ते स्मासौ…।

ईशानुग्रहलब्धविश्वविजयख्यातयैडवर्डाभिध-
श्रीमत्सप्तमसार्वभौमपदवीसंमानसीमाजुषः।
इन्द्रप्रस्थपुरोपकण्ठविलसत्साम्राज्यघोषोत्सवे
निःसीमादरपत्रसत्कृतिशतैरेष न्यमन्त्रि प्रभुः ॥४१॥
नानाद्वीपवसुन्धरापतिशतैः सूपस्कृतैर्भासितं
साम्राज्योत्सवमण्डपं सिततरं तन्वन् यशोराशिभिः।
स्वं यात्राऽखिलसंविधाननिरतैः सम्राडनिदेशस्थितैः
सत्कारं विपुलं विलोक्य मुमुदे भूलोकवाचस्पतिः ॥४२॥

In Public domain. Digitization Muthulakshmi Research Academy

मध्येमागमुपागतेषु विधिना तीर्थेषु तन्वन् क्रिया:
पुण्याः स्वगतरङ्गिणीशिवपुरीसत्तीर्थराजादिषु ।
दानाभ्यर्चनतोषितोभयबुध स्नातो महिष्या समं
दुःसम्पादमवाप्य भूरि सुकृतं स्वौचित्यमख्यापयत् ॥४३॥
इन्द्रप्रस्थविराजिते निजपतौ साकेतमायापुरी—
तीर्थे तां मथुरापुरीमथ कुरुक्षेत्रं च तत्प्रेयसी ।
गत्वा स्नानसुरार्चनोचितमहादानानि तन्वन्त्यभूत
कार्यव्यग्रनिजप्रियाहरहराचर्यक्रियाधूर्वहा ॥४४॥
इत्थं भारतसर्वभूपतिलकैः सम्राड्निदेशस्थितैः
नानाद्वीपनिकेतनैरपि नृपैर्जुष्टं सभामण्डपम् ।
उल्लास्य स्वसमागमेन महतां सम्राट्कृतां सत्क्रियां
सम्प्राप्याथ ततो निवृत्य विषयं स्वं प्रापदेष प्रभुः ॥४५॥

…अस्मिन्नेवमारूढे परमोच्चमधिकारमस्य…कनिष्ठोऽनुजो जनरलभीमसंसेरजङ्गराणाबहादुरः कम्याण्डर इन् चीफ् पदवीसमुद्भासितो लब्धवानमात्यपदम् ।

अस्मादपि कनीयान् पाश्चात्यदेशपालनाधिकारमारुरोह कम्याण्डिङ जनरल फत्तेसंसेरजङ्गराणाबहादुरः … ।

एवमनयैव दिशा सर्व एव महाराजपरिवार आससादावाप्तचरादधिकमधिकारम् । ÷

(महाराणावंशका शिरोमणि नेपालका ठूला भारादार (काजी) बालनरसिंहवर्माका कान्छा छोरा यहाँ प्रधानसेनापति (कम्यान्डर–इन–चीफ) धीरशमशेर हुनुहुन्थ्यो । बालनरसिंहवर्माका ७ जना छोरा हुनुभयो । उहाँहरूमा जेठा श्री ३ महाराज जङ्गबहादुर प्राइम्मिनिस्टर् यान्ड् कम्यान्डर्-इन्-चीफ् महाराणा बहादुर हुनुभयो । खुशी हुनुभएको बेलायतका बादशाहबाट उहाँले जी. सी. बी. यान्ड् जी. सी. एस्. आई. तक्मा पाउनुभयो । चीनका बादशाहबाट पनि श्री ३ जङ्गबहादुरले थोङ्, लिङ्, पिम्माको, काङ्, वाङ, स्याङ् तक्मा पाउनुभयो । ,आफ्नो बाहुलीको पौरखले आफ्ना बुबा बालनरसिंहको भन्दा पनि ज्यादै ठूलो नेपालको प्रधानमन्त्री भन्ने दर्जा उहाँले पाउनुभयो ।

मिनिष्टर बमबहादुर राणा माहिला, कम्याण्डर-इन-चीफ ज. बद्रीनरसिंह राणा साहिला, कम्याण्डर-इन-चीफ ज. कृष्णबहादुर राणा काहिला, श्री ३ महाराज रणोद्दीपसिंह के. सी. एस्. आइ. थोङ्, लिङ्, पिम्माको, काङ्, वाङ, स्याङ्, प्राइम्मिनिस्टर् यान्ड् कम्यान्डर-इन्-चीफ् ठाहिला, कम्यान्डर-इन-चीफ ज. जगत्शमशेर जङ्ग राणा बहादुर राहिला, कम्याण्डर-इन-चीफ ज. धीरशमशेर जङ्ग राणा कान्छा हुनुभयो ।

÷ आचार्यवंशावली वि. सं. १९५९ मा प्रकाशित भएको हो ।

In Public domain. Digitization Muthulakshmi Research Academy

प्रधानमन्त्री जङ्गबहादुरले नेपालराज्यमा बाँध्नुभएका नीति र प्रतापसहित भएका बरबन्दोबस्तले सारा दुनियाँले सुख पाए।

समुद्र नाघीकन निर्धक्कसँग जङ्गबहादुर यूरोप जानुभयो। त्यहाँ भारतकी महारानी भिक्टोरियालाई राम्रोव्यवहारले खुशी पारेर जङ्गबहादुरले आफ्नो राष्ट्रलाई बलियो पार्नुभय।

यसै बीचमा भोटका शासकहरूले बेजाइबिद्दुत गर्दा यिनीहरूलाई तहलाउन जङ्गबहादुरले केही पल्टन पठाउनुभयो। स्वभावैले क्रूर भएका भोटेहरू पनि लडाइं गर्न तम्से। लडाइँ पऱ्यो। दुवै पट्टिको हानि भयो। आफ्नो फौज पछि हटेको सुनेर मन परेका आफ्ना भाइ धीरशमशेरको मातहतमा मजबूत पल्टन दिएर जङ्गबहादुरले पठाउनुभयो। आज्ञा शिरोपर गरी सिंह जस्तो गर्जी धीरशमशेर चाँडै नै भोट पुग्नुभयो। बाटामा उहाँलाई रोक्न भोटेहरूले भरमगदूर कोशिश गरे। तर तिनीहरूले रोक्न सकेनन् र उहाँ भोटको राजधानीनजीकै पुग्नुभयो। त्यहाँ आँट गरेर शत्रुको पल्टनलाई हराएको हुनाले शत्रुहरू चारैतिर भाग्न थाले। धीरशमशेरको विजय भयो। अनि धीरशमशेरले खुशी भएर भोट दखल गर्नुभयो।

वि. सं. १९१४ मा हिन्दुस्थानभर दुनियाँहरूमा विद्रोहको आगो दन्कियो। त्यसलाई शान्त पार्न आँटिला अङ्ग्रेज बादशाहले भित्रभित्रै कुरा मिलाएर श्री ३ जङ्गबहादुरको मद्दत माग्नुभयो। शत्रुलाई बलजफती नुहाउन सक्ने बहादुर भाइहरू रणोद्दीपसिंह र धीरशमशेरको साथ प्रशस्त फौज लिई लडाइँको मैदानमा जङ्गबहादुर आफैं जानुभयो। मुसलमान राजाको राजधानी लखनौ पुगी उहाँले शत्रुहरूलाई सखाप पार्नु भयो। यसबाट बादशाह प्रसन्न हुनुभयो। जङ्गबहादुरले नेपाललाई रत्नैरत्नले भर्नु भयो।

लडाइँमा कमाएका पैसाले धीरशमशेरले अनेकौं दान र विद्वान्हरूको सत्कार गर्नुभयो। शिवजी र नारायणका असल असल मन्दिर बनाउनुभयो। गरीब विद्यार्थीको लागि पाकशाला बनाउनुभयो, त्यहाँ गरीब विद्यार्थीहरू खान पाउँछन्। ठूलठूला धर्मशाला बनाउनुभयो, त्यहाँ बटुवाहरू बस्न पाउँछन्। ठूलठूला पाठशाला बनाउनुभयो, त्यहाँ बाहुनहरू पढ्न पाउँछन्।

वि सं. १९२५ मा धीरशमशेर कलकत्ता जानुभयो। वि. सं. १९३१ मा तराईको दौडाहामा धीरशमशेर पाल्नुभयो। जान गाह्रो, खोला तरेर जानपर्ने वराहक्षेत्रमा शिरोमणि पण्डितसँगै पुगी धीरशमशेरले श्राद्ध र तर्पण गर्नु भयो। वि. सं. १९३५ मा फेरि अर्कै कारणले महाप्रभु धीरशमशेर जङ्ग राणा बहादुर कलकत्ता पाल्नुभयो। उहाँसँग शिरोमणि पण्डित पनि जानुभयो। धीरशमशेरले पहिले नै जगन्नाथ रामेश्वर द्वारका बदरी सप्तपुरीको विधिपूर्वक यात्रा गरिसक्नुभएको थियो। अनि उहाँले हरिहरक्षेत्र

In Public domain. Digitization Muthulakshmi Research Academy

वैद्यनाथ, काशी, प्रयाग, अयोध्या आदि मुख्य मुख्य तीर्थको विधिपूर्वक यात्रा गर्नुभयो र गयाश्राद्ध गरी शिरोमणि पण्डितसँगै नेपाल फर्कनुभयो।

वि. सं. १९३६ मा श्रीधीरशमशेर कम्याण्डर-इन-चीफ हुनुभयो । शिरोमणिले पशुपति विश्वरूपमा हजार ब्राह्मणलाई भोजन गराई घरमा सभामा विद्वान्‌हरूको सन्मान गरीकन हर्षबढाइँ गर्नुभयो ।

वि. सं. १९४१ मा नेपालको दुर्भाग्यले धीरशमशेरको गाथमा आराम भएन। असल असल चिकित्सकले औषधि गर्न थाले। कर्मविपाकमा कहिएका ठूला ठूला दानहरू गरिए। अतिरुद्रीको जप, सहस्रचण्डीपाठ, होम आदि गरिए। जप पाठ होमको असल फलको लागि ब्राह्मणभोजन गराइयो। पशुपति गुह्येश्वरी आदि भरनेपालका देवदेवीका पीठमा पूजा गरियो। १८ हजारको लगतले तिलगर्भदान गरियो। तैपनि प्रभुलाई कत्ति पनि आराम भएन। कार्तिक कृष्ण नवमीको दिन पशुपति आर्यघाटमा उहाँलाई घाट चलाइयो। त्यहाँ हात्ती, घोडा, गाई, जग्गा, श्रीमद्भागवत आदि अनेकौं दान श्रीधीर-शमशेरले गर्नुभयो। खूप खर्च गरेर पशुपति र गुह्येश्वरीको पूजा उहाँले गर्नुभयो। श्रीरामचन्द्रको पाउमा मन लाएर तुलसीको कलमले तुलसी र चन्दन लिई छातीमा रामनाम लेखाईकन कार्तिक कृष्ण एकादशीको दिन महाप्रभु धीरशमशेर जङ्ग राणा बहादुर परमधाम हुनुभयो।

नेपालका महाराजाधिराजले खुशी भएर वि. सं. १९४२ कार्तिक पूर्णिमाको दिन वीरशमशेरलाई प्रधानमन्त्री बनाउनुभयो। बुद्धिको बढिबढाउ र ठूलो सुन्याइँलाई बुझाउने श्रीकम्याण्डर-इन-चीफ इत्यादि अनेकौं पदहरूले उहाँको गुणले खुशी हुनुभएका महाराजा-धिराजले उहाँलाई सिंगार्नुभयो। ठूला मान्छेको महत्व ठूलै मान्छे जान्दछन् ।

प्रधानमन्त्री भएको दश दिनपछि भाइहरूसाथ पशुपति आर्यघाटमा गई धेरै दान पुण्य उहाँले गर्नुभयो। श्री ५ महाराजाधिराजबाट श्री ३ महाराजको अख्तियार पाउनुभई विधिपूर्वक राज्याभिषेक गरिएपछि उहाँ दुनियाँको रक्षा गर्न र धर्मको उन्नति गर्न लाग्नुभयो। असल असल ब्राह्मणहरूलाई निम्तो गरेर हेमाद्रिदानखण्डमा बताइएका १६ महादानहरू वीरशमशेर महाराजले गर्नुभयो। उहाँले श्री ५ महाराजाधिराजको सुवर्णतुला गराउनुभयो। आफूले पनि सुवर्णतुला गर्नुभयो। विधिपूर्वक धेरै पटक कोटिहोम गर्नुभयो।

नेपालको उन्नति गर्न वीरशमशेर महाराजले असल असल बरबन्दोबस्त बाँध्नुभयो। दिनकादिन कवायद खेलेको निरीक्षण गर्नुभयो। गाह्रो गाह्रो लडाइँमा पनि फौजलाई लड्न सक्ने पार्नाको लागि मार्चपास गराउनुभयो। नयाँ किसिमले फौजको उन्नति गर्नुभयो।

In Public domain. Digitization Muthulakshmi Research Academy

दुःखी अनाथ रोगी सबै दुनियाँको स्वास्थ्यको लागि लोग्नेमान्छेको लागि भिन्नै, स्वास्नीमान्छेको लागि भिन्नै गरीं वीरअस्पताल बनाउनुभयो। टाढाबाट पाइप लगाएर सफा पानी सारा शहरमा ल्याउनुभयो। यसले गर्दा फोहर पानीबाट फैलने खराप रोगहरू फैलिन पाएनन्। बुबा धीरशमशेरले गरीब बाहुनका छोराहरूको लागि पाकशाला स्थापना गर्नु भएको थियो। ती ठिटाहरूलाई पढाउनको निम्ति पण्डितहरू पनि राखिदिनुभएको थियो। त्यो पाकशालामा खाने विद्यार्थीको संख्या वीरशमशेरले पहिलेको भन्दा दोबर पार्नु भयो। अब त्यहाँ खाने विद्यार्थीहरू १०८ भए। पहिले त्यहाँ विद्यार्थीहरू एक छाक मात्र खान पाउँथे। अब त्यहाँ दुइ छाक खान पाउने भए। यसरी वीरशमशेर महाराजले आफ्ना बुबाको कीर्ति दोबर फैलाइदिनुभयो। वेद व्याकरण, न्याय, मीमांसा, साहित्य, सांख्य, योग, वेदान्त, फलितसहितको गणित, धेरै थरीका भाषा पढाउन उहाँले ठूलठूला पाठशाला, पुस्तकखानाहरू खोल्नुभयो यसबाट नेपालमा पण्डितहरू धेरै हुन थाले। यहाँको पाठशालामा पढिसकेपछि त्योभन्दा बढ़ता पढ्न खोज्ने विद्यार्थीहरूलाई छात्रवृत्ति दिई निश्चिन्त पारेर काशीको महा-विद्यालयमा पढ्न पठाउनुभयो। आचार्य पास गरेर आएका यिनीहरूलाई उचित धनमान दिनुभयो। यसबाट सबै नेपालीहरू विद्या बढाउन लागे। नेपालको राजधानीमा बर्खामा हिलो पानी जमेर टमाटम हुन्थे। त्यसबाट दुर्गन्ध आउँथ्यो। यस कारण उहाँले मूलसडकहरूको संस्कार गरी राम्रो पार्नुभयो। गरीब दुनियाँहरूलाई पैसा दिईकन राम्रा राम्रा घर बनाउन लाउनुभयो। ठूलठूला बजार, ठूलठूला दरबार र मन्दिरहरू बनाई नेपालको राजधानीको जीर्णोद्धार गर्नुभयो। पहाडमा बर्खामा खोलामा बाढी आएर मानिसहरू बग्थे। यो मर्का बुझी दुःखी रैतीहरूलाई सुबिधा होस् भनेर ठाउँठाउँमा फलामका बलिया पुलहरू बनाउनुभयो। कुष्ठरोगको रोकथामको लागि वाग्वतीको किनारमा र त्रिपुरेश्वरमा कुष्ठिखाना बनाई ती रोगीहरूलाई खानेकुराको बन्दोबस्त गरी चिकित्सकहरूको प्रबन्ध गर्नुभयो। काठमाडौंबाट ४ कोश पर दक्षिणमा गोदावरीको किनारमा हीरापुर भन्ने नाउँको ठूलो दरबार बनाउनुभयो। त्यहाँको अप्ठ्यारो बाटोलाई धेरै मिहिनेत गरीकन फराकिलो पार्नुभयो। त्यो बाटोबाट सवारीमा चढेर धनीहरू त्यहाँको सौन्दर्य हेर्न जान्छन्। काठमाडौंबाट पश्चिमतिर बालाज्यूको मन्दिरको वीरशमशेर महाराजले राम्ररी जीर्णोद्धार गर्नुभयो। काठमाडौंबाट ४ कोशपर ईशान (पूर्व र उत्तर) कोणमा पर्ने नगरकोटमा दरबार बनाई त्यहाँसम्म सफा फराकिलो बाटो बनाउनुभयो। हिंड्न गाह्रो पहाडी बाटोमा बाघ भालूको र चोरहरूको डर हुन्छ। त्यस कारण हिंडडुल गर्नेलाई दुःख हुन्छ। उनीहरूको डर हटाउनाको लागि ठाउँठाउँमा उहाँले चौकी बढाउनुभयो। काठमाडौंबाट ३ कोश उत्तरमा रहेका बूढानील-कण्ठको पूजा वैष्णव र शैव विधानअनुसार हुन्छ। उहाँले त्यहाँसम्म फराकिलो बाटो

In Public domain. Digitization Muthulakshmi Research Academy

बनाउनुभयो । सारा रैतीको पीरमर्का हटाउन शिकार खेल्ने निहुँले वर्षेपिच्छे श्री ३ वीरको तराईमा दौडाहा हुन्थ्यो । पुरानो रीत हटाएर नयाँ रीतले बात नलागेका जान्ने थरी मुखिया हाकिमहरू बनाउनुभयो । यसबाट दुनियाँहरू निर्धक्क भए ।

मित्र बेलायत र चीनका बादशाहले धेरै किसिमका तक्माले वीरशमशेर महाराजको सत्कार गर्नुभयो । नेपालका महाराजाधिराजले पनि उहाँलाई धेरै तक्मा दिनुभयो । श्री ३ वीरले चार धाम गर्नुभयो । धेर देशहरू घुमा उहाँले पृथ्वीमा भएका सारा विषयहरूमा ज्ञान बढाउनुभयो ।

भारतका भाइसरायबाट निमन्त्रणा आएको हुँदा भारतको पश्चिमपट्टिको सिमानामा भएको मार्चपासमा फौजलाई खण्ड खण्डमा बाँडी नयाँ नयाँ किसिमले मार्चपास देखाउने बन्दोबस्त गर्नुभयो । यसबाट त्यहाँका जनरलहरू छक्क परे र उहाँको ठूलो सत्कार गरे। भारतमा श्री ३ वीरले भाइसरायबाट सन्मान र तक्माहरू पाउनामा राजनीतिमा प्रखर बुद्धि भएका तीक्ष्ण स्मृति भएका चन्द्रशमशेरको हात थियो ।

काठमाडौंबाट ३ कोश पूर्वमा भक्तपुरमा पानीको दुःख थियो । त्यो दुःख हटाउनाको लागि टाढाबाट पानी ल्याई बाटाबाटामा उहाँले धारा बनाउनुभयो ।

श्री ३ वीरका राजनीतिमा सिपालु विद्वान् ७ जना छोरा हुनुहुन्छ । उहाँहरूमा जेठा परिश्रमी गेहेन्द्रशमशेर हुनुहुन्छ । आफूले बनाएका नयाँ नयाँ अनौठा मालसामान-हरूले बुबालाई उहाँ खुशी पार्नु हुन्छ ।

महाराजलाई उहाँका १६ भाइहरू भक्तिपूर्वक सधैं सेवा गर्नुहुन्छ । उहाँहरूमा माहिला कम्याण्डर-इन-चीफ खड्गशमशेर ज. ब. रा. हुनुहुन्छ । उहाँ पश्चिम दिशाको रक्षामा खटिनुभएको हो । नेपालखाल्डोदेखि ६० कोश पर पालपामा उहाँको दरबार छ । चोभार-गणेशको मन्दिरको धेरै पैसा खर्चा गरीकन उहाँले जीर्णोद्धार गर्नुभयो । त्यहीं वाग्वतीको किनारमा ठूलो घाट र धर्मशाला बनाउनुभयो । प्राणप्यारी स्वर्गवासी रानीको संझनामा कालीगण्डकीको किनारमा मन्दिर र धर्मशाला आदि राम्ररी बनाई धेरै सत्कार्य गर्नुभयो ।

साहिंला कम्याण्डर-इन-चीफ ज. रणशमशेर जङ्ग राणा बहादुर चाँडै नै स्वर्ग हुनुभयो ।

काहिंला कम्याण्डर-इन-चीफ ज. देवशमशेर जङ्ग राणा बहादुर हुनुहुन्छ । आफ्ना रानी कृष्णकुमारीदेवीको इच्छा पुऱ्याउन नेपालखाल्डोबाट १० कोश पर भीमफेदीमा बटुवा र त्यहींका बासिन्दाहरूको पानीको दुःख तुटाउन पर्वतको टाकुरोबाट पाइप लगाई पानी ल्याएर बाटाबाटामा धारा हालेर उहाँले ठूलो उपकार गर्नुभयो । फेरि उहाँले जेठा रानी कमलकुमारीदेवीको संझनामा उहाँको मोक्ष होस् भनीकन

In Public domain. Digitization Muthulakshmi Research Academy

नेपालखाल्डोदेखि १६ कोश परको भिच्छाखोरीदेखि सिमरासम्म ४ कोशको झाडी पानी नभएर मरुभूमि जस्तै भएको थियो। त्यहाँ पनि कोशैपिच्छे धारा हालेर त्यहाँका बासिन्दाहरूलाई दया गर्नु भयो। धर्मशाला बनाएर उहाँले बटुवाहरूलाई आनन्दी पार्नु भयो।

ठाहिला प. क. ज. चन्द्रशमशेर जङ्ग राणा बहादुर हुनुहुन्छ।

राहिला पू. क. ज. भीमशमशेर जङ्ग राणा बहादुर हुनुहुन्छ। उहाँ रामचन्द्रको भक्त हुनुहुन्छ।

सातौं द. क. ज. फत्तेशमशेर जङ्ग राणा बहादुर हुनुहुन्छ।

आठौं उ. क. ज. ललितशमशेर जङ्ग राणा बहादुर चाँडे नै स्वग हूनुभयो।

नवौं उ. क. ज. जितशमशेर जङ्ग राणा बहादुर हुनुहुन्छ।

दशौं ज. जुद्धशमशेर जङ्ग राणा बहादुर हुनुहुन्छ।

ले. ज. डम्बरशमशेर जङ्ग राणा बहादुर, क. पूर्णशमशेर जङ्ग राणा बहादुर, क. यदुशमशेर जङ्ग राणा बहादुर, क. शेरशमशेर जङ्ग राणा बहादुर, क. दुर्गाशमशेर जङ्ग राणा बहादुर, क. खम्बशमशेर जङ्ग राणा बहादुर नाउँ भएका अरू भाइहरू हुनुहुन्छ।

सबैभन्दा कान्छा क. हर्षशमशेर जङ्ग राणा बहादुर चाँडे नै स्वर्ग हुनुभयो।

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादिश्रीश्रीश्रीमहाराज वीरशमशेर जङ्ग राणा बहादुर जी. सी. एस्. आइ. थोङ्. लिङ्. पिम्माको. काङ्. वाङ्. स्याङ्. पृ. अ. गो. द. बा. पृ. अ. गो. प्र. प. प्राइम्‌मिनिस्टर् यान्ड् कम्यान्डर्-इन-चीफ् वर्मा वि. सं. १९४४ मा कलकत्ता पाल्नुभएको थियो। उहाँको दर्शन गर्न शिरोमणि पण्डित कलकत्ता जानुभयो। महाराज नेपालमा फर्कनुभएपछि पण्डितजी पनि काशी फर्कनुभयो।

वि. सं. १९४५ चैतमा महाराजका छोरा ज. चक्रशमशेर जङ्ग राणा बहादुरको विवाहको उत्सवमा शिरोमणि नेपाल जानुभयो।

वि. सं. १९४६ मङ्सीरमा महाराजकी माहिली र कान्छी छोरीको नेपालका महाराजाधिराजसँग हुने विवाहको उत्सवमा पण्डितजी नेपाल जानुभयो।

वि. सं. १९५३ मा महाराज फेरि कलकत्ता पाल्नुभयो। महाराजका दर्शन गर्न पण्डितजी कलकत्ता पाल्नुभयो। त्यहाँ सभा र वसन्तपूजाहरू गरी पण्डितजीले ब्राह्मण-हरूको सत्कार गर्नु भयो।

वि. सं. १९५७ को फाल्गुन पूर्णिमाको दिन नेपालका महाराजाधिराजका प्रधानमन्त्री वीरशमशेर महाप्रभुको अकस्मात् स्वर्गवास भएको सुनियो।

त्यस वेला कम्याण्डर-इन-चीफ हुनुभएका उहाँका भाइ देवशमशेर महाराज भएको सुनियो।

In Public domain. Digitization Muthulakshmi Research Academy

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादिश्रीश्रीश्रीमहाराज चन्द्रशमशेर जङ्ग राणा बहादुर थोङ्, लिङ्, पिम्माको, काङ्, वाङ्, स्याङ्, प्राइम्मिनिस्टर् यॉन्ड् मार्शल् इत्यादि धेरै किसिमका तक्माहरूले सुहाउनुभएका महाप्रभु वि. सं. १९५८ अधिक आषाढ शुक्ल दशमी बुधवारको दिन नेपालका महाराजाधिराजको प्रधानमन्त्री हुनुभयो । यस उत्सवले शिरोमणिजीको मन खुशी भयो ।

बृहस्पति जस्ता नीतिज्ञ वीरशमशेर परलोक भएपछि जुन जुन दोषहरू गुप्त तवरले दुनियाँमा फैलिए । धैर्य नीति मीठो बोली पराक्रमले क्रमैसँग तिनलाई आफ्ना बुद्धिले हटाएर श्री ३ चन्द्रले श्री ३ वीरलाई पनि माथ गर्नुभयो । मुलुकको रीतिस्थिति राम्ररी जान्नुभएका, संस्कृतभाषा राम्ररी जान्ने, नाना द्वीपमा बोलिने गाह्रा गाह्रा धेरै भाषामा दखल भएका श्री ३ चन्द्रले अल्छी नमानीकन आफ्नो दुनियाँलाई छोरालाई झैं रक्षा गर्नुभएकोले उहाँले सम्राट् सप्तम एडवर्डबाट चाँडै नै मान पाउनुभयो ।

श्री ३ चन्द्रले एक पत्नीव्रतले (एउटै स्वास्नीसंग रहनाले) रामचन्द्रलाई लज्जित पार्नुभएको छ ।

यहाँ महाराज श्री ३ चन्द्र प्रधानमन्त्री हुनुभएका धेरै भएको छैन तापनि उहाँले पाइप लगाइकन पाटनमा पानी ल्याउन, पाटनमा र भादगाउँमा अस्पताल बनाउन आज्ञा दिनुभएको छ। धेरै पैसा खर्च गरीकन काठमाडौंको जीर्णोद्धार गरी राम्रो पार्न उद्योग गर्नुभएको छ। हिन्दुस्थानबाट असल असल ज्यादा गह्रौं चीजबीज नेपालमा ल्याउँदाखेरि भीमफेदीदेखि थानकोटसम्मको माल ल्याउने पहाडी बाटो ज्यादै अडयाङखडयाङ छ। त्यसको कष्ट हटाउन यन्त्रबाट (रोपलाइनबाट) माल ओसार्ने काममा उहाँले कोशिश गरिरहनुभएको छ।

श्री ३ चन्द्रले सोह्र महादानमा धेरै दान महाराज नहुँदै गरिसक्नुभएको थियो। बाँकी दान महाराज हुनुभएको डेढ वर्ष नपुग्दै विधिविधानबमोजिम गर्नुभयो। हेमाद्रि दानखण्डमा बताइएका सबै दानहरू सत्पात्रमा दिन उहाँले आँट गर्नुभएको छ। कलियुगमा गर्न गाह्रा धेरै पैसा लाग्ने र धेरै मिहिनेत गर्नुपर्ने कोटिहोम आदि धर्मकर्म विधिपूर्वक गर्न उहाँले उद्योग गर्नुभएको छ।

ईश्वरको वरदानले विश्वलाई जित्नुभएका सम्राट् सप्तम एडवर्डको दिल्लीमा हुने साम्राज्यघोषणाको उत्सवमा श्री ३ चन्द्रकहाँ आदरपूर्वक निमन्त्रणा आयो। नाना द्वीपबाट आएका सयौं राजाहरूले सुहाएको साम्राज्यघोषणाको उत्सवको मण्डपमा राज भएर पृथ्वीका बृहस्पति जस्ता श्री ३ चन्द्र सवारीको बन्दोवस्तमा लागेका बादशाहका कर्मचारीहरूले आफूलाई ठूलो सत्कार गरेको देखेर खुशी हुनुभयो ।

In Public domain. Digitization Muthulakshmi Research Academy

बाटामा परेका गङ्गाजी काशी आदि तीर्थमा महारानी समेत भई विधिपूर्वक धर्मकर्म गरेर विद्वानलाई दान दिई देवताको पूजा गरी स्नान गरी गर्न गाह्रा धेरै धर्मकर्म गरेर आफ्नो महत्ता श्री ३ चन्द्रले प्रचार गर्नु भयो। श्री ३ चन्द्रचाहिँ दिल्लीमै बस्नुभयो। उहाँकी महारानीचाहिँ अयोध्या, हरद्वार, मथुरा, कुरुक्षेत्र जानुभयो। ता तीर्थहरूमा स्नान देवपूजा दानहरू गनुभयो। उहाँका पति श्री ३ चन्द्रलाई कामले फुर्सद थिएन। यसैले उहाँले दिनका दिन गर्नु पर्ने नित्यदान आदिलाई महारानीले गर्नुभयो। बादशाहलाई मानेर बसेका हिन्दुस्थानका सबै मुख्य मुख्य राजाहरू र नानाद्वीपबाट आएका राजाहरूसमेत भएको सभामण्डपमा आफू जानुभई बादशाहले गनु भएको सन्मान पाईकन दिल्लीबाट श्री ३ चन्द्र स्वदेश फर्कनुभयो।

चन्द्रशमशेर श्री ३ महाराज हुनुभएपछि उहाँका भाइ कम्याण्डर--इन-चीफ ज. भीमशमशेर जङ्ग राणा बहादुर मन्त्री हुनुभयो ।

यहाँपछिका भाइ फत्तेशमशेर जङ्ग राणाबहादुर प. क. ज. हुनुभयो।

यही रीतले महाराजका सबै परिवारको एक एक दर्जा बढ्यो।]

बालनरसिंहका ७ छोराका नाउँ, धीरशमशेरका १७ छोराका नाउँहरू बुझ्न तथा तिनीहरूको विषयमा केही कुरा बुझ्न माथिको यो लेख उपयुक्त छ। उनीहरूले गरेका सुकर्म यहाँ जम्मै जस्ता छन्। कुकर्म जति दबाइएका छन्। परन्तु नजीकैको घटना भएको हुनाले यस विषयमा केही कुरा हामीले अन्तबाट पनि थाहा पाएका छौं। जङ्गबहादुरसमेत ६ भाइहरूका सन्तानको नामनिशाना यहाँ पाइँदैन।

४२ सालको कार्तिकपूर्णिमामा वीरशमशेर श्री३ महाराज भएको यहाँ उल्लेख पाइन्छ। श्री ३ महाराज रणोद्दीपसिंहको के भयो ? यहाँबाट केही बुझिँदैन। वीरशमशेरले श्री ३ महाराज भएको १० दिनपछि आर्यघाटमा गई दानपुण्य गरेको कुरा यहाँ लेखिएको छ। यसबाट अडकल गर्ने बाटो खुल्छ ।

वीरशमशेरको मृत्यु भएपछि नेपालमा उपद्रव भयो। त्यसको शमन चन्द्रशमशेरले श्री ३ महाराज भई गरे भनी यहाँ लेखिएको छ। श्री ३ देवशमशेरको के भयो ? यसको चर्चा यहाँ छैन ।

जङ्गबहादुरले बेलायत गई बेलायतकी महारानीलाई खुशी पारी राज्य बलियो पारे भन्ने कुरा यहाँ लेखिएकोले राणाराज्य केको भरमा अडेको थियो भन्ने कुराको झल्को पाइन्छ। अङ्ग्रेजी बोल्न सिपालु श्री ३ चन्द्रशमशेरले अङ्ग्रेजलाई रिझाई ठूलो इज्जत पाए। परमेश्वरले अङ्ग्रेजलाई संसारभर रजाइँ गर्न वरदान दिएका छन् भन्ने कुरा यहाँ लेखिएकोले श्री ३ चन्द्र के कुराको प्रख्यापन गराई के कुराको भरमा शक्तिशाली भइरहेका थिए भन्ने कुरा बुझ्न बाटो खुल्छ।

In Public domain. Digitization Muthulakshmi Research Academy

अभिलेख-संग्रहका हाम्रा सम्पादकहरूले यस्ता पुस्तक हेरी भूसको डुङ्गुरबाट अन्न टिपे जस्तै गरी इतिहास बुझ्ने लेख्ने चेष्टा गरी अभ्यास गर्दै गए अभिलेख-संग्रहका प्रामाणिक व्याख्याहरू पनि लोकको सामुन्ने आउनेछन् ।

सारं ततो ग्राह्यमपास्य फल्गु

(सुभाषित)

[त्यहाँबाट फोस्रा कुरा छोडेर सार कुरो लिनुपर्छ ।]

नयराज पन्त

संशोधन-मण्डल
महाबौद्ध काठमाडौं नेपाल
वि. सं. २०१९ कार्तिकसंक्रान्ति

In Public domain. Digitization Muthulakshmi Research Academy

वक्तव्य

नेपाल-उपत्यकाका तीन राज्यमध्ये भक्तपुरको इतिहास प्रकाशमा सबभन्दा कम आउन सकेको छ। वशावलीकारले पनि भक्तपुरको कुरा कम मात्र लेख्न सकेका छन्। भक्तपुरमा ऐतिहासिक सामान पाइँदै नपाइने हुनाले यसो भएको होइन, त्यतापट्टि खोजी नै कम भएको हुनाले त्यसो भएको हो। हुनत ललितपुर र कान्तिपुरको भन्दा भक्तपुरमा अभिलेखहरू कम देखापर्छन् तापनि भक्तपुरमा पनि प्रशस्त ऐतिहासिक सामान अहिले पनि छन्। भक्तपुरका कुनाकाप्चामा रहेका घरघरमा अज्ञात अवस्थामा रहेका ऐतिहासिक सामानको खोजी गरेर प्रकाशमा ल्याउने कुरा त परै छ, भक्तपुरदरबारभित्र र त्यसका आसपासमा रहेका शिलालेख ताम्रपत्र सुवर्णपत्रहरू पनि प्रकाशमा थोरै मात्र आएका छन्। यस कारण भक्तपुरको इतिहास तयार पार्दै जान पहिले त्यहाँ पाइने ऐतिहासिक सामान प्रकाश गर्दै जानु आवश्यक छ।

अभिलेखसंग्रह चौथो भागमा भक्तपुरका राजा भूपतीन्द्र मल्लका १२ वटा अप्रकाशित अभिलेख प्रकाशित गरिएका थिए। अभिलेख-संग्रहको यस सातौं भागमा चाहिं नरेश-मल्लदेखि रणजित् मल्लसम्मका १२ वटा अप्रकाशित अभिलेखलाई पारेका छौं।

मल्लकालमा राजाहरू परस्परमा सन्धि गर्दा ती सन्धिपत्रलाई ताम्रपत्रमा कुँदाई देवतास्थानमा टाँसेर राख्ने गर्दथे तथा आफूले बाँधेको व्यवस्था र गूठी चढाएको कुरा पनि सुवर्णपत्र ताम्रपत्र आदिमा कुँदाई देवतास्थानमा राख्न लाउँथे। यो चलन शाहकालमा पनि केही चलेको थियो। प्रसिद्ध देवस्थलमा रहेका त्यस्ता अभिलेखहरू त्यस ताकाको कुरा बुझ्न उपयोगी छन्।

यस्ता ताम्रपत्रहरू भक्तपुर कान्तिपुर ललितपुर तीनै शहरका दरबारभित्र पाइन्छन्। ललितपुरदरबारमा केही वर्षअगाडिसम्म निकै ताम्रपत्रहरू थिए। तिनमा केहीका प्रतिलिपि हामीसंग छन्। केहीको प्रकाशन पनि हामीले गरिसकेका छौं। परन्तु सुरक्षाको प्रबन्ध नहुँदा ती अभिलेखहरू हराउंदैछन्।

कान्तिपुरदरबारमा यस्ता ताम्रपत्रहरू तलेजुमन्दिरभित्रै टाँसिराखिएका छन्। ढोका खुला रहेको वेलामा बाहिरबाट ती ताम्रपत्र देखिन्छन् तापनि पढ्न सकिंदैनन्। भित्र जाने अनुमति नपाइने हुँदा तिनलाई हामीले पढ्न सकेका छैनौं।

भक्तपुरदरबारभित्र तलेजुचोकको उत्तर लङ्मा लहरै १२ वटा ताम्रपत्र सुवर्णपत्रहरू टाँसिराखिएका छन्। तिनमा दुइटा शाहकालका छन्। अरू मल्लकालका छन्। तिनमा केही

In Public domain. Digitization Muthulakshmi Research Academy

सन्धिपत्र पनि छन् । यी सन्धिपत्रहरूको अनुवाद व्याख्यासमेत गरी तिनलाई हामीले 'ऐतिहासिक पत्र-संग्रह' (दोस्रो भाग) मा पारेका छौं । अरू ४ वटा ताम्रपत्रहरूलाई चाहिं यस 'अभिलेख-संग्रह' को सातौं भागमा पारेका छौं। शाहकालको ताम्रपत्र इतिहास-संशोधन ५२ संख्यामा प्रकाशित भएको छ। बाँकीलाई हामी पछि प्रकाशित गर्नेछौं ।

यी अभिलेखहरूले भक्तपुरको इतिहासमा केही प्रकाश पारेका छन् । यसको, चर्चा यनको अनुवाद व्याख्या छपाउँदा हामी गर्नेछौं ।

वि. सं. २०१९ कार्तिकसंक्रान्ति —सम्पादकहरू

महाबौद्ध, काठमाडौं नेपाल

In Public domain. Digitization Muthulakshmi Research Academy

तलेजुचोकको आँखीझ्यालको नरेशमल्लको अभिलेख

भक्तपुर राजदरबार तलेजुचोकको दक्षिण लङमा देवतास्थानभित्र पस्ने ढोकाको दायाँ बायाँ दुवैतिर सुनका साना आँखीझ्याल छन्। तिनै दुवै आँखीझ्यालको माथिल्लो भागमा यो अभिलेख कुँदिएको छ। एकातिरको झ्यालमा एक पंक्ति र अर्कोतिरको झ्यालमा एक पंक्ति छ। यसको दुवैतिर अभिलेख कुँदिएको भाग १७ अंगुल लम्बा, आधा अंगुल जति चौडा छ। यहाँ संवत् ७५७ छ।

(एकापट्टि)

१. ॐ नेपालाब्दे सप्तबाण, मुनियुक्ते तथाश्विने।
मूले शोभनयोगे च, सिताष्टम्यां शनैश्चरे॥

(अर्कोपट्टि)

२. गवाक्षयुगलं स्वर्ण्णं, निर्म्मितं गेहमण्डनं।
श्रीश्रीनरेशमल्लोसौ, ददौ देव्यै मनोहरम्॥

तलेजुचोकको लक्ष्मीमूर्तिको नरेशमल्लको अभिलेख

भक्तपुर राजदरबार तलेजुचोकको दर्ा । लङमा देवद्वारको दायाँ बायाँ लक्ष्मीका मानिस जत्रा सुनका दुइ मूर्ति छन्। ती मूर्ति दुवैतिर सुनका अष्टमङ्गल टाँसिएका छन्। दायाँपट्टिको मूर्तिको माथि स्वर्णपट्टमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख कुँदिएको भाग १ हात लम्बा, डेढ अङ्गुल चौडा छ। यहाँ संवत् ७६१ छ

१. पृथ्वीषट्स्वरसंख्यया परिमिते नेपालसंवत्सरे, मासे चाश्विनके सिते भृगुदिने तोयेश-
संख्यातियो। देवीमन्दिरभित्तमण्डनकरीं लक्ष्मीं श्रिया

२. संयुतां, संयुक्तां वसुमङ्गलैः सुरचितां यत्नैश्चिरं काञ्चनैः। श्रीमन्मल्लनरेशभूपतिवरो
देव्यै ददौ भक्तिमान्; संयुक्तः परदेवतापदयुगध्याने स-

३. दा बुद्धिमान्। यद्वांछात्र परत्र लोकविषये देवीगतिः सर्व्वदा, सा कुत्रापि न विस्म-
रत्वनुपलं मां चामुणा कर्म्मणा॥ सम्वत् ७६१ आश्विन शुदि ८॥

In Public domain. Digitization Muthulakshmi Research Academy

खौमाटोलको भवानीशङ्करमन्दिरको जगत्प्रकाश मल्लको अभिलेख

भक्तपुर राजदरबारसंगै खौमाटोलमा भवानीशङ्करको मन्दिर छ । त्यस मन्दिरको दक्षिण भागमा यो अभिलेख कुँदिएको शिलापत्र टाँसिराखिएको छ । यसको अभिलेख कुँदिएको भाग ३४½ अङ्गुल लम्बा, १ हात चौडा छ । यहाँ संवत् ७८७ छ ।

१. ॐ नमः श्रीभवाणीशङ्कराभ्यां ॥ वसन्त ॥ चो ॥ जेहि मोरि जिवतुल, चन्द्रशे-
२. खरसिंह, सेहि देलि यहि धनिवारि जगतप्रकाश भूप पावली घरि निवर, अन्नपुरनाम
३. नारि॥ सेहि धनिक यरह प्रासाद अतिभल, तथहु देवि हि शिवमूल, नेपालमण्डलका संवछल-
४. अवे वाजिवसुमुनिमो तिकूल ॥ माघक महिना दशमिस तिथिपर जेथनक्षत्र वज्रयोगे, गुरुवार-
५. स दिवस कनककलश भलव धावल घरम कहोगे ॥ भनय प्रकाश भूप गीत हिममोहर एहि
६. खने ऋतु ऋतुराजे चाँदशेखरसिंह तुअतुल नहि जन, मोरि हृदि तोहह विराजे ॥ ॥ स्वप्रा-
७. णोपमचंद्रशेखरवरामात्याग्रणीदत्तया, स्वर्गायातुलनीलनीरजदृशा मध्येपदाक्षिण्यया । आ-
८. त्मानं स जगत्प्रकाशनृपतिर्व्वीरोन्नपूर्णाख्यया, मेने नाम कलत्रप(व)न्तमनया सद्वृत्तया कान्तया ॥ य
९. खर्व्वीकृतवैरिवक्त्रकमलम्लानिर्द्विरेफस्फरे छायान्तर्गतचन्द्रमायितपदस्फूर्जन्नखैद्य कृती। तस्य श्रीलजगत्प्रकाशनृपते-
१०. श्चक्रेन्नपूर्णा प्रिया, प्रासादं शिवयोर्न्नगाहिमुनिभिर्न्नेपालशाके मिते । माघे मास्यसिते सुरेज्यदिवसे स्वःसार्व्वभौमस्य भे, वज्रे
११. योगवरे तथा शुभकरे लग्ने दशम्यान्तिथौ । प्रासादोपरि शातकुंभकलसं शोभाद्यमारो-पयांचक्रे श्रीशिवयोःकृते
१२. थितधरादेवा प्रिया भूपतेः ॥ भूपालेन्द्रजगत्प्रकाशकविना वैदग्ध्यपाथोधिना, गीतं तेन धुरि स्थितेन विदुषां का-
१३. लेन भूनालये । गीर्व्वाणालयचक्रवर्त्तिमहितोप्याक्रम्य चित्तासनं, यत्यैवेह स चन्द्रशेखर-महावीरः सदा राजते ।
१४. ॥ वसन्त । प्र ॥ मातर मनमयसहित वसन्ते, रसनिरतन देवि सदा शिवकन्ते ॥ पिरिति कव सभय भेल यक देह,
१५. करे नहि तन तेज हरहि सिनेह ॥ गाढ आकमकपर शंकर भवानि, प्रेम कपास वाटिरा खर सयानि ॥ परकाश भ-
१६. न चाँदशेखरस भाव, अन्नपूरना तिरिम दारग पाव ॥ ॥ ॐ अद्य ब्रह्मणो द्वितीयपराद्ध, श्वेतवाराहक-
१७. ल्पे वैवस्वतमनोरष्टाविंशतितमस्य चतुर्युगस्य कलेः प्रथमपादे, जम्बूद्वीपे, भरतखण्डे भारतवर्षे आर्य्या-

In Public domain. Digitization Muthulakshmi Research Academy

१८. वर्त्त देशे, हिमवद्दक्षिणपादे, नेपालमण्डले, श्रीश्रीश्रीपशुपतिसन्निधाने, वासुकिक्षेत्रे वाङ्मत्याः पूर्व्वकूले श्री-

१९. भक्तपत्तने इहैव पुन्यभूमौ ॥ माघमासे कृष्णपक्षे, दशम्यान्तिथौ, ज्येष्टनक्षेत्रे, वज्रयोगे, यथाकरणमुहूर्त्ते बृ-

२०. हस्पतिवासरे, कुंभराशिगते सवितरि वृश्चिकराशिगते चन्द्रमसि ॥ श्रीश्रीश्रीभवाणी-शंकरमुद्दिश्य नित्यकर्म्म-

२१. नैमित्तिककर्म्मसमेतं रघुवंशजलनिधिसमुद्भवपरमसुकृतिभवाणीशंकरचित्तपरायणाभ्यां नित्यकर्म्मा-

२२. दिपूजानिमित्तार्थं श्रीश्रीजयजगत्प्रकाशमल्लदेवेन अन्नपूर्णालक्ष्म्या च ॥ पाक्वक्षेत्रनाम-संधेयं तस्य क्षेत्राङ्क पञ्च

२३. रोपनीकं ५ ॥ अपरञ्च सतखाँलक्षेत्रनामसंधेयं, तस्य क्षेत्राङ्क षड्रोपनीकं ६ ॥ अपरञ्च खतनासक्षेत्रनामसंधेयं

२४. तस्य क्षेत्राङ्कत्रिरोपनीकं ३ ॥ अपरञ्च बलाक्वक्षेत्रनामसंध्येयं तस्य क्षेत्राङ्क पञ्च रोपनीकं ५ ॥ अपरञ्च गलबुक्षेत्र-

२५. नामसंधेयं, तस्य क्षेत्राङ्क चतुरोपनीकं ४ ॥ अपरञ्च सवतबुगालक्षेत्रनामसंधेयं तस्य क्षेत्राङ्क षड्रोपनीकं ६ ॥

२६. अपरञ्च बलदेक्वक्षेत्रनामसंधेयं, तस्य क्षेत्राङ्क पञ्चरोपनिकं ५ ॥ अपरञ्च, खापिक्षेत्र-नामसंध्येयं तस्य क्षेत्रा-

२७. ङ्क त्रिरोपनीकं ३ ॥ थ्वते बुया वरसानन हाने, खनिमादेवलस श्रीश्रीश्रीभवाणीशंकरदेवस्त नित्यकर्मयातं

२८. लस दंम ३ सिद्र, दंम १५ पञ्चामृत, दं २ जजमका, फं १ बजिन धरि वो, दंम १ धून, दंम ५ गुग्गुलि, कुड २ चे-

२९. कन, दंम १० इताल कापोस लस थ्वते ॥ ६ मोहोरन दवथे ह्निन नेता २ माह-के अस्ता २ स्वान, वा अस्ता, अक्षत

३०. अस्ता १ के ग्वल, पात १ घरि वोओ पंचामृत, ओन कुड १ बजि निश्राव, पात १ घरि, ग्वड २ ग्वलद्द, थ्वते ह्निना । तुफे २

३१. कोट २ खेहुसा, दास ॥ के फं ५ आवाल ॥ भूय वर्षवर्द्धनपवित्रारोहनार्थम् ॥ जवछिं-कलनामसंधेयं

३२. तस्य क्षेत्राङ्क, पञ्च रोपनीकं ५ ॥ अपरञ्च मुगलुथलिक्षेत्रनामसंधेयं, तस्य क्षेत्राङ्क चतु-रोपनीकं ४ ॥ अप-

३३. रञ्च पाक्वक्षेत्रनामसंधेयं, तस्य क्षेत्राङ्क एकरोपनीकं १ कर्षत्रय ३ ॥ थ्वते बुया वरसा-नन हाने, बुसाधन

३४. क्हल होम कुडाछ जोलन ॥ कुड १० चेकन, चाकलमतं छोयकेमाल, कुत्या १४ हेंदु

In Public domain. Digitization Muthulakshmi Research Academy

सा कापोल, शुका ३ पंचपताल
३५. बाजन वय ॥ पवित्रारोहन कुन्हु होम कुडछि जोलन, फं १ का प्ल २ गुलपुतका, कु १४ खेहुंसा कापोल ॥ थ्वते हाने
३६. मालकावतक्व अछिद्र याङन निस्तरपेमाल महानसा पञ्च महापातक लाक जुरोम् ॥ ॥ अनेन पुण्ये—
३७. न जजमानश्रीश्रीजयजगत्प्रकाशमल्लदेवस्य इहायुरारोग्यसम्पाङ्गराज्यलक्ष्मीवृद्धिरस्तु ॥ पर—
३८. त्र स्वर्ग्गनिवासो भवतु। यः प्रासादं रचयति पुमान् देवतानां प्रयत्नात्, कीर्तिस्तस्य भ्रमति विपुलां वंश—
३९. मार्ग्गानुयाता। दिव्यांल्लोकान् भ्रमति च सदा कालतश्चाप्रमेयांस्तांस्तान् भुक्त्वा पुनरपि भवेत् चक्रवर्ती पृथि—
४०. व्याम् ॥ ॥ स्वदत्तां परदत्तां वा, यो हरेत वसुन्धराम्। कल्पकोटिसहस्त्राणि, नरके जायते कृमिः ॥ षष्टि वर्षसहस्रा—
४१. णि, षष्टि वर्षशतानि च। समार्च्चनविधिं कृत्वा, मम लोके महीयते ॥ संवत् ७८७ माघवदि १० ॥ शुभमस्तु।

—:—

तलेजुचोकको जगत्प्रकाश मल्लको अभिलेख

१२. बबरशम्शेर ज. ब. रा. श्रीदक्षिणतर्फका कम्याण्डिङ्ग जनरल केशरशम्से
१३. र ज. ब. रा. श्रीजनरल सिंहशम्सेर ज. ब. रा. श्री ले. जनरल शंकरशम्शेर ज. ब.
१४. रा. श्री मे. जनरल मदनशम्शेर ज. ब. रा. हरु स्मेत्बाट गरी मोहरु १०४००००।
१५. विदेश रहेका नेपालि र नेपालमा रहेका गुरु प्रोहित भारादार दुनियाहरुबा-
१६. ट औ नेपालमा रहेका विदेशीहरुबाट गरी मोहरु ३४९१३। नोट कं रु. ४२९४
१७. औ व्रिटिश जापानी र हिन्दुस्थानी सज्जनहरूले पठाएको नोट कं रु. २३०३७
१८. स्मेत् गरी मोहरु १०७४९१३ नोट कम्पनि रु. २७३३१ ज्मा हुन आयेको
१९. सो पनी फण्दमा ज्मा भए।
२०. सो चंदाबाट उठेको मोहरु १०७४९१३ नोट कं रु २७३३१ मध्ये शहर गा-
२१. उ गाउका दीन दुःखीहरूलाई अन्न वस्त्र बादेको गरीव प्रजाको भत्केको घर
२२. बनाउनलाई नगद रुपैञा बादेको सदकको माटो मिल्काएको ईत्यादी काम-
२३. मा ज्मा मोहरु ५४४४९२। नोट् कम्पनी रु. ३८४२ खर्च भयो। संस्था त-
२४. र्फबाट रिती दुनिञालाई ज्मा मोहरु २९८२३१६। सापटी गयाकोमा
२५. सो फण्दको जगेरा जग्गा रहन आयाको नोट् कम्पनी स्मेत्को गरी मोहरु
२६. ५६०९५६। भर्ना गरी बाकी रहन आयाको तमसुकी सापटि मोहरु
२७. २४२१३६०। ज्नै माफि गरीदिनुभयो। सापति सोध भर्ना गरीसके-
२८. को पनी सबैलाई फिर्ता गरीदिनुभयो। सारा प्राणिले जय जय
२९. मनाए॥
३०. पछि जन्मनेसमेत प्राणि सबैको पछि परन्तुसम्म स्मरणको
३१. निमित्त स्मारक एक खडा गर्न कर्तव्य सम्झि ललितपूर शहरवासी
३२. प्रजा सबै मिलि सुभ सम्वत १९९७ साल फागुण गते २० सोमवा-
३३. रका दिन यो सिलापत्र खडा गरेका हौं॥ सुभम॥

In Public domain. Digitization Muthulakshmi Research Academy

नयाँ सडक भूगोलको अभिलेख

काठमाडौं नयाँ सडकमा भूकम्पस्मारक भूगोल छ । सो भूगोल रहेको वेदिको बराबरका ६ पाटामा यो अभिलेख कुँदिएको छ । यहाँ अभिलेख कुँदिएको भाग २ हात १६ अंगुलसम्म लम्बा र १ हात ८ अंगुलसम्म चौडा छ । पाँचौ पाटाको लम्बाई १ हात १५ अंगुल मात्र छ ।

(पहिलो पाटामा)

श्री

१. स्वस्तिश्री मदति प्रचण्ड भुज दण्डेत्यादि ओजस्विरा
२. जन्य प्रोज्वल नेपालतारा अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट
३. अतिप्रबल गोरखादक्षिणबाहु पृथुलाधीश,
४. श्रीश्रीश्रीमहाराज जुद्धशम्शेर जङ्ग बहादुर राणा जी. सी.
५. बी.; जी. सी. यल, यच्. जी. सी. यल. ; जी. सी. यस् . आई.; जी. सी. यन्. यल.;
६. जी. सी. यस् . यस . यम्. यल. जी. सी. आई. ई; जी. के. आर. के.; योतेङ्ग
७. पावटिङ्ग शुनचियान लुचुयाँ श्याङ्ग चयाङ्ग; आनरेरि
८. लेफ्टेन्याण्ट जनरल बृटिश आर्मी; आनरेरि कर्णेल
९. आफ अल दि गोरखा राइफल रेजिमेण्टस इण्डियन
१०. आर्मी; प्राइम्मिनिष्टर याण्ड सुप्रीम कम्याण्डर इनचिफबाट
११. सम्वत १९९५ सालमा बक्सेको भाषण
१२. भाइभारदार प्रजावर्ग !
१३. ९० सालको भयानक भूकम्पले हाम्रो प्यारो जन्मभूमि नेपालमा ठूलो उत्पात
१४. गरेको साढे चार वर्ष भयो. त्यो उत्पातमा असंख्य धन र जन समेत धेरै नाश
१५. हुन गई के ठूला के साना प्रायः सबैलाई ठूलो आपत् आइपरेको थियो.
१६. परि आएको दुःख धैर्यबलले समाली हुन शकेसम्मको उपाय गर्नु संकटबाट
१७. पार हुने बाटो हुनाले पहिलो अवस्थामा पुरिएका मानिसलाई खनी खोस्री
१८. झिक्ने बचाउने, घाइतेहरूलाई औषधिको प्रबन्ध गर्ने निराश्रय निरन्न भै
१९. अलपत्रपरेकोलाई अन्न वस्त्र कम्बल दिने, बस्ने ठाँउ नपाई रहेकालाई
२०. पाल छाप्रो टहरो बाँस खर टिन पाता इत्यादि पुर्‍याइ दिने पुरिएका धन माल
२१, उकासी भत्केका घरको मालमत्ता रक्षा गरिदिने समेत झटपट हुनु पर्ने
२२, काम पल्टन समेत लगाई चाहिने कुराको हार गुहार सहायता इत्यादि जे जे
२३, काम भएको थियो सो सबैलाई थाहै छ ।
२४ मताभङ्ग लथालिङ्ग भएका घरवास फेरी खडा गरी सबैले चाँडो विश्राम

In Public domain. Digitization Muthulakshmi Research Academy

मर्न पाऊन् भन्ना निमित्त यहाँ चारभञ्ज्याङ भित्र र पाहाड मधेशको समेत जङ्गल खोली दिई दुनियाका निमित्त लख्खन् रूपैयाको काठ पात वेदाममा छोडियो. ठाउँ ठाउँ भट्टा बनाई पोलाएको करोडन् इँट, गोदाममा मौजदात रहेको हजारन् लकडी. देशबाट झिकाएको टिनपाता किला काँटाहरू सरल मोलमा पाउने प्रबन्ध पनि भयो. नेपालमा भए जति कालिगढ पनि पहिले दुनियाके निमित्त छोडिए. भत्की बिग्री खडहर सरह शून्य उदास लाग्दो भईरहेका सहर गाँउहरूमा ठाउँ ठाउँ थुप्री रहेको र सडकको र दुनियाका नाशिएका घरको माटो समेत भर्त्ती कुल्ली राखी फ्याँकन लगाइयो. फण्ड खोली दीन हीन दुःखीहरूलाई त्यसबाट बक्स पाउने बन्दोबस्त पनि हुन गयो. साना ठूला सबैलाई एकै बाजी त्यस्तो ठूलो भूकम्पको मारबाट उठनालाई फण्डबाट मात्र नपुग्ने, थात वासको कुरा हुनाले पर्खिरहन पनि नहुने, दाम नभए सानोतिनो काम पनि टक्कै अडकने, पुगिसरि आउने हरूसंग पनि सबैका घरमा नगद महजुद नरहने खोजमेल गरून् भने अर्कालाई पनि उस्तै परिरहेको. ऋण काढनातिर लागून् भने स्वार्थी सूदखोरहरूले पहिले त्यस्तो अवस्थामा पत्यारै नगर्ने, पत्याइ हाले भने पनि ऋणीलाई संकष्ट परेको मौका छोपी वेढव बढीव्याज घ्युखानि खोज्ने भै दुःखीहरू

(दोस्रो पाटामा)

माथि झन दुःख थपिन जाने भई धेरै जसोलाई आर्थिक संकट पर्न जानाले शोचनीय अवस्थामा रहिरहनु पर्ने भएको देखिंदा तिनीहरूलाई त्यो संकटबाट उकास्ने मतलव गरी विना ब्याजमा चार वर्षको भाखा गरी सापट दिना निमित्त मोरू पचाशलाख रुपैया पर सारियो, त्यस मद्धे मोरु २९८२३१६।८२ सापटीको रूपमा गयो. यी सबै प्रवन्ध र मद्दतबाट भूकम्पपीडित सबैले उत्साह बढाई थोरै समयमा नै सुविस्तै संग आफ्नो थात वास तयार गरी जहान बच्चा माल मत्ता थान्को लगाई आनन्द सँग बस्न पाई आफू अरू उद्योग धन्दा तिर लाग्नपाए त्यति मात्र होइन, कसैले त साविक दुइ तले को तीनतले तीनतलेको चारतले पुरानो छाँट काँटको ठाउँमा नयाँ छाँट काँटको ठूलो र सुविस्ताको घर तयार गरेका छन्, देवालय पाटी पौवाहरू पनि धेरै नै बने यति हुन गएकोले अँ ले देख्ने नया मानिसले हेर्दा नेपालमा भूकम्पको मार त्यत्तिको भएको थियो कैत भने जस्तो दृश्य प्रत्यक्षै देखिइरहेछ. यति संम यति चाडो हुन शक्नु सानो सन्तोषको कुरा होइन. भूकम्पको त्यत्रो मारमा परेका नेपाल आफ्नै बलले फेरी यति वाँडो खडा भयो भन्ने कुरा छापामा छापिएको

In Public domain. Digitization Muthulakshmi Research Academy

तिमीहरू सबैले देखे सुनेकै होलाऊ।

त्यो दैवी दुर्घटनामा भत्केका घर परखालले मिची अकालमृत्यु भएकाहरूको आत्माको शान्ति र उद्धारको खातिर आफुले महाकाली किनारमा गरेको सहस्र गोदानको पुण्य अर्पण र सप्ताह लगाउने काम पनि भयो. शास्त्रानुसार तिनीहरूको अवश्य उद्धार हुन गई तिनको परत्र सुध्रन गएको हुनु पर्दछ. दुर्गतिको लक्षण पनि केही कतै देखिदैन सुनिदैन।

आफ्ना इच्छाले श्रद्धा गरी अर्पण गर्न ल्याएको द्रव्य यसकाममा उठेको फण्डमा राखिदिने बन्दोवस्त भएकोले कूल जम्मामोरू १०७४९१३।७६ नोट कंरू २७३३१॥॥३ आएको हो, त्यस मध्ये नानी कम्याण्डर इनचीफ जनरल पद्मशंशेर जङ्ग राणा र नानी प. क. ज. मोहन संशेर जङ्ग राणा प्रभृति ६ जना (पू. क. ज. ववरसंशेर, द. क. ज. केसरसंशेर ज. सिंहसंशेर ज. कृष्णसंशेर, ज. शङ्करसंशेर,) हाम्रा भतिजाहरू तर्फ बाट र सीताभवन महारानी भाउज्यू औ हामी र हाम्रा वडामहारानीबाट गरी दश लाख चालिसहजार मोरू जम्मा हुन आयो, विदेशमा रहेका नेपाली र नेपालमा रहेका गुरुपुरोहित भारादार दुनियाबाट र नेपालमा रहेका विदेशीहरू-बाट गरी मोरू ३४९१३।७६ नोट कंरू ४२९४= चन्दा आएको थियो. स्नेहले विशेष सहानुभूति प्रकट गरी वृटिश जापानी हिन्दुस्थानी सज्जनहरूले पनि नोट कंरू २३०३७।=॥३ पठाएका थिए. सो आएको जम्मै दाम फण्डमा जम्मा हुनगएको छ।

यो फण्डबाट यहाँ नेपाल खाल्डाका र पहाडका समेत अकिञ्चन दीन दुःखीहरूलाई जिल्ला जिल्ला गाँउ गाँउ सम्म डोर पठाई अन्न वस्त्र बाडने, ब्यूमासिएकालाई ब्यूदिने, दुनियादारको भत्केको घर छाप्रो कटेरा वनाउनालाई दामदिने, माटो मिल्काइ दिने इत्यादि काममा गरी जम्मा मोरू ५४४४९२।६८ नोट् कंरू ३८४२॥ खर्च भै शकेको छ।

सो वाहेक भूकम्पले भत्के बिग्रेका देवदेवालय पाटी पौवाहरू को जीर्णोद्धारको खर्च, भूकम्पांद्ध र सम्बन्धी काम गर्नालाई नया थप भएका कामदार-कारिन्दाहरूको तलव मसलन्द रेल भाडामा भएको खर्च अघी फण्डतर्फबाट भइरहेकोथियो तापनि तिमीहरूलाई मद्दत र सुविस्ता हो ओस् भन्ने मनसायले सो खर्च पनि सर्कार तर्फ बाटै गर्ने बन्दोवस्त मिलाएकोले अब फण्ड पट्टी नोट कंपनीको पनि मोहरै गरी जम्मा मोरू ५६०९५६। बाकि रहने गराई सापटावाला तिमी

In Public domain. Digitization Muthulakshmi Research Academy

४८, दुनियाहरूलाई सापटीमा सोध भर्ना गरिदिने बन्दोबस्त गरिएकोछ
४९. प्यारा प्रजाहो !
५०. यस्तो दैवी चोट हामिलाई मात्र परि आएको होइन. कालचक्रको
५१. हेरफेरले अन्त अन्त पनि परेको सुनिएकै छ. त्यस्तो परि आउदा
५२. त्यहाँका वासिन्दाहरूले धैर्यधारण गरी दुःखबाट शिक्षा लिई उद्योग
५३. धन्दातिर झन् मन बढाई आफ्नो आँत र मेहनतको जोरले ती अधिभन्दा

[तेस्रो पाटामा]

१. बलिया भई निस्कने गर्दछन् यही नेपालैमा पनि अघि शक्ति सिंहदेवका
२. पालामा भूकम्पको उत्पात भएको थियो भन्ने इतिहासको लेख देखिन्छ
३. त्यतिको टाढाको के कुरा, शयवर्ष अगाडी १८९० सालमा पनि यस्तै
४. उत्पातले धेरै धन जन घर देवालय सहरको नाश गरेको रहेछ. त्यस वेला
५. ती भूकम्पले पछारिएका प्रजाहरू केवल आफ्नै आँत र उद्योगका
६. जोरले फेरी उभिएका थिए भन्ने पनि बुझिन आउँद छ ।
७. यी कुराहरूले सदा सर्वदा उद्योगमा दत्तचित्त भई प्रजा प्राणीहरूले
८. आफ्नो जीवन सुजीवन बनाउनु र, स्वावलम्बी भई आफ्नो देशको उन्नति
९. गर्नु असल मार्गहो भन्ने देखाइरहेको छ. दैवी विपत् परी हानि नोक्सानी
१०, भएमा सो हानि को पूर्तिको लक्ष्य गरी विशेष परिश्रम लगाई उद्योग गर्न
११. तिर न लागे अघीको परिस्थिति सम्म पुग्न पनि गाह्रो हुने हुन्छ. उद्योग
१२. धन्दा को ख्याल सुखमा भन्दा दुःखको अवस्थामा हुने गर्दछ. सांसारिक
१३. जीवनमा संधै सुखको दिनमात्र आइरहदैन. कहिले कस्तै परि आउँदछ
१४. कहिले कस्तै. मुलुकमा लडाइ भिडाइको काम परिआयो भने अवस्था
१५. अनुसार जस्तो परि आउँदछ सो वेहोरी मीठो मसीनोको ख्याल छोडी
१६. स्वास्थ्यलाई हानि नगर्ने रूख्खा सुख्खा सादा चीज जो पाइन्छ, त्यै पनि
१७. आधा पेट खाएर निर्वाह गरी जुन काम गर्नाले आफ्नो मुलुकको परिस्थिति
१८. सप्रने र आफ्नो तरफको भलाई पनि हुने हुन्छ, त्यतैतिर मुलुकका
१९. प्रजाहरू लाग्ने गर्दछन्. जस्तो लडाइ भिडाइ, उस्तै देशमा परि आएको
२०. दैवी दुर्घटना पनि दैवी लडाइ जस्तो हो. अकस्मात् त्यस्तो दैवी
२१. परि आए पछी घर वास तयार गरी जहान बच्चाको थान्को लगाउनामा
२२. दत्त चित्त भए झैं, तिमीहरूले क्षतिपूर्तितिर पनि जाँगर बढाई उद्योग
२३. धन्दामा लागी मितव्ययीको बानी बसाली सके सम्म चाँडो स्वावलम्बी
२४. हुने, धन्दामा पनि दत्त चित्त हुने वेला थियो. अवस्था अनुसार खन्नो धन्नो
२५. लगाई, रूख्खा सुख्खा खाई कन पनि निर्वाह चलाई, सौखिनी फजुल खर्च

In Public domain. Digitization Muthulakshmi Research Academy

घटाई, खेतीवालाले अन्नको उब्जा वढाउने, एक वाली हुनेमा २।३ वाली लाउने र, वढी दाम आउने वस्तु पैदा गर्ने कपड़ा बुन्ने ले वढी कपडा वुनी तयार गरी सो तयार भएका मालको प्रचार वढाउने,गाइ वस्तु पाल्नेले त्यस्तर्फको उन्नतिमा लाग्ने, व्यापारीहरूले व्यापार बढाउने,शिल्प-कार कालिगडहरूले शिल्प र कालिगडी काम तर्फ विशेष यत्न पुऱ्याउने यस्तै अरू जजस्को जुन जुन कामछ उस्मा हौसला बढाई परिश्रम साथ उद्योग धन्दा तिर लागे त्यसबाट बढी आर्जन गरेको धनले आफ्नो निर्वाह चलाई थोड वहुत जो सकिन्छ साँचदै जानसकिने भई देशमा उद्योग बढ्ने देशको पैसा देशैमा रहने र अरू तरहबाट आफ्नो भलाई साथसाथै देशको पनि भलाई हुने कुरा पनि जाने वुझ्केकै होलाऊ, नजान्ने न बुझ्ने-ले पनि जान्नु बुझ्नु योग्य छ. यही मितव्ययी हुने र स्वावलम्वी हुने तरफ अर्थात् चाहिदो वाज्वी मात्र खर्च गर्ने र, आफ्नो भरमा आफु उभिन शक्ने सद्गुण तर्फ हाम्रा प्यारा प्रजाको चित्त आकर्षण गर्ना खातिर भूकम्पपछी कुनै वेजरूरी देखिएको चीज वस्तु देशान्तरबाट आउनै बन्द गर्ने, कुनै अनावश्यक वस्तुमा भन्सार वढाउने, कुनै आवश्यक वस्तुमा घटाउने गरेको र, उद्योगपरिषद् स्थापन र स्वदेशी चीजको प्रदर्शिनी आदिको प्रबन्ध गरी बाटो देखाउने उपाय पनि भएको हो।

विचार गर, मुलुकको उन्नति र अवनति त्यहाँका वासिन्दा प्रत्येक-को आत्मिक वलको उन्नति र अवनति सँग सम्बन्ध राख्तछ. उन्नतिको चाहना कस्लाई हुँदैन, देश काल अवस्था र आफ्नो हविगत इत्यादि सबै कुराको विचारको ठीक तौल पुऱ्याई उपाय तिर लाग्नुपर्दछ. टाढा सम्म विचारको नजर अगाडी फैलाई, धैर्य र जाँगर दुइहातमा लिई उपाय उद्योग तिर लागे पछि गरे अनुसार अवश्य केही न केही फाइदा नभै रहदैन। यिनै कुरा मौका परेमा तिमीहरू लाई वरावर संझाई बोध गराउने कोशिस गर्दै रहेको हुँ. मुलुकको वेहत्तरी र प्रजालाई सुख कसरी हुन शक्ला भन्ने ध्यानमा हामी निरन्तर लागीरहेको तिमीहरूले देखे जानेकै होलाऊ।

सो सापट गएको रूपैयाको म्याद पुगे पछी संस्थामा शोधभर्ना आउनु पर्नेमा कतिले वुझाइ पनि शके, बुझा उन वाकी राख्ने लाई ऐले वर्षा

(चौथो पाटामा)

र खेति पातिको याम पर्न गएकोले कातिक सम्मको म्याद पनि फेरी थप गरिएको छ. सो म्याद सम्ममा पनि शोध वुझाउन नल्याएका पक्षमा सो सापटको रूपमा गएको रूपैया लिखत वमोजिम घिता लेखिएको

In Public domain. Digitization Muthulakshmi Research Academy

घरबाटै उपर गर्ने तम्सुकैमा लेखिएको र आम इस्तिहार समेत भई राखेको हुनाले त्यही घर पक्री लिलाम गर्न केही बाधा थिएन, त्यसो गर्दा भत्केको घर सवैलाई एकै चोटि तयार गर्नु परेको, पर्खेर विस्तारै गर्ने अवसर नभएकोले कालिगढको र अरु ज्यालादारीको महगीले वढी खर्च पर्न गए पनि आफ्नो थातवास चाँडो जोरी वस्नालाई पुरानो आफ्नो सामान समेत काम लाग्ने जति काममा लगाई, ती घरहरूमा तिनीहरूको निजायति धन पनि केही न केही कसैको परेको होला. त्यस्तो घर लिलाम हुन जांदा तिनीहरू को मन कल्पन जाने कुरा छँदैछ. लिलाममा लिनेले भरसक किफायतेमा हात लाउन खोज्ने भई तिनवाट सुपत मोल नपाइने स्वभावै हुनाले जेन केन गरी बल्ल बल्ल उभ्याएको वासस्थान कम दाममा अर्का को हातमा पर्न जाने भई ती घर वाला हरू फेरी विनास्थानका हुन जाने छाँट देखिन आयो, कोही कोहीले ता सोही घर साहुलाई भोगबन्धक दिने गरी कर्जा लिई शोध बुझाउन ल्याएका छन् भन्ने पनि सुनिन्छ. घितो लेखिएको घर सर्कारैमा भोगबन्धक राखिने गरौं भने पनि दुवै थरीलाई पछि सम्मको टण्टा छुट्ने भएन, फेरी प्रजाहरूको वासको सुख पनि तिनीहरूको हातमा हुने भएन. व्याङ्क बाट कर्जा मिल्ने प्रबन्ध हुन गएमा पनि ऋण माथि झन ब्याज थपिदै जाने भयो. भाखा पाए तिर्ने थियौं भन्ने यस्तो भनाइ पनि सुनियो. के चार वर्षको भाखा कमथियो र ? त्यो चारवर्षको व्याज शयकडा पाँचका दर्ले मात्र दिनुपरेको भए पनि कति तिर्नु पर्ने भइ शक्ने थियो, आफै हिसाप गरी हेर. यी सवै कुरा परिस्थिति र ऋणीहरूको अवस्था विचार गरी हेर्दा सर्कार-को हार गुहार बाट तन मन धन लगाई प्रजाहरूले ऐले पाइरहेको विश्रामको सुख सपना जस्तो मात्र हुने भई, पहिलो भूकम्पको घाऊ पुरिदा नपुरिदै तिनीहरूले फेरि दोस्रो दुःखको अवस्थाको अनुभव गर्नुपर्ने होला भन्ने छाँट देखिन लाग्यो ।

हेर, सर्कार र दुनियाको सम्बन्ध वावु छोरा को जस्तै हो, त्यति मात्र होइन शरीरमा साना ठूला हरेक अङ्ग प्रत्यङ्ग वेग्ला वेग्लै रहेका छ ता पनि ती सवै मिली एक ज्यान वनेको छ. शरीरभर फिजिने ज्ञान शक्ति को मूल कमानी शिरमा रहेकोछ, त्यसैबाट शरीरका सारा अवयव-हरूको सञ्चालन हुने हुनाले शिरलाई 'उत्तमाङ्ग' भन्दछन. अङ्ग प्रत्यङ्ग-मा जो सुख दुःख पर्दछ, त्यो शिरले र, शिरमा जे पर्दछ त्यो अङ्ग प्रत्यङ्गले अनुभव गर्दछ, उसमा पनि कुनै अङ्गमा चोट पटक लाग्न जाँदा त्यसका साथ साथ अरु अङ्गले पनि केही न केही दुःख अनुभव नगरी रहन्न भने सवै अङ्गसग संबन्ध राख्ने उत्तमाङ्गमा त झन् विशेष मात्रामा असर पुग्न

In Public domain. Digitization Muthulakshmi Research Academy

३७. जान्छ भन्ने स्पष्टै छ. जस्तो शरीरको उत्तमाङ्ग शिर, उस्तै प्रजाहरूका उत्तमाङ्ग
३८. सर्कार हुन्. अर्थात् राज्यका अङ्ग प्रत्यङ्ग प्रजाहरू र, उत्तमाङ्ग सर्कार बनी रहेका
३९. छन्. ती सबै मिली एक शरीर एक ज्यू भएको हुन्छ. सरकारलाई परेको सुख
४०. दुःखमा प्रजाले र प्रजालाई परेको सुख दुःखमा सर्कारले सहानुभूति देखाई
४१. सहयोग गर्नु स्वाभाविक हुनु पर्न्यै कुरा हो।
४२. सरकार लाई पनि प्रजातर्फको फिकर मात्र होइनकि सरकारैले खुद बनाउनु
४३. पर्ने दर्बार सर्कारिया घर अड्डा अस्पताल असबाबघर घरहरा नयाँ बाटो ठाउँ
४४. ठाउँका पाटी पौवा पुराना शिल्पस्थान देवालय इत्यादि जगैदेखी
४५. बनाउनु पर्ने जीर्णोद्धार गर्नु पर्ने बेगिन्ती भएकोले र यही भूकम्प सम्बन्धी कामलाई
४६. नया थप भएका कामदार कारिन्दाहरूको तलबमसलन्द रेलभाडाबाट खर्च समेत
४७. गरी शयको लाठी एकको बोझ भने झैं त्यसतर्फ पनि सर्कारलाई बोझ कम
परेको छैन,
४८. अझ पनि खर्च बराबर हुदै छ तापनि हार्दिक भावभक्ति राखी सर्कारको कल्याण
४९. चिताई आफ्ना परिश्रमको जोरले स्वदेशको कल्याणतिर लागिरहेका पुत्रवत् प्रजामा-
५०. था विशेष गरी यस्तै ठूलो दुर्घटना परेमा हार्दिक स्नेहसाथ हुन शके सम्म हार गुहार
गरी
५१. रक्षा गर्नु सर्कारको कर्तव्य हो. सोही अनुसार त्यो भयानक भूकम्पमा तिमी प्रजाहरूको
५२. उद्धार निमित्त शक भर गरी अघी येही ठाउँमा "यस अवस्थामा मैले गर्नु पर्ने
गरिरहेकै छु"
५३. अब पनि गरी हुनेसम्म गर्नामा बाकी राख्ने छैन" भनेको तिमीहरूले सम्झी राखेकै
होलाऊ।

(पाँचौं पाटामा)

१. यी सबै कुराको ख्याल साथ साथै संस्थाका ऋणी प्रजाहरूले सो ऋणको
२. खातिर चिन्ता लिई रहेका छन् भन्ने सुनिए बुझिएको र, तिनीहरू ले ऋण
३. लिएको दाम अकार्थमा लाएको नभई अघी भने बमोजीम जुन कामका
४. निमित्त लिएकोछ सोही स्ववासी घर बास खडा गर्नेमा लगाएको, सो
५. लगाउँदा भएको खर्चको दाम पनि आफ्नै सहवासी कालिगड
६ ज्यामी आदि प्रजामा फिजिन गएको समेत सबै कुराको
७. ख्यालराखी यो पटक आफ्ना प्यारा प्रजाहरूलाई चिन्ता र संकटबाट पार
८. गराउने उद्देश्यले यो भूकम्पोद्धारक संस्था तर्फ बाट तमसुक गराई सापट
९. गएको २८८३१६।६२ मध्ये फण्ड को जगेराबाट भर्ता हुने मोरू ५६०९५६
१०. कटाई बाकी मोरू २४२१३६०।६२ जम्मै तिमीहरूको सुख शान्तिको

खातिर माफी गरि दिएको छ। काही कोही जङ्गी निजामति जागिरदार रजौटा प्रोहितहरूले तम्सुक लेखी संस्था तर्फबाट सापट लिएको रूपैया कसैले जागीरबाट कट्टा गराई, कसैले आफ्नै घर घरानाबाट ल्याई बुझाइ सकेका छन्. ती जागिरदार मध्ये धेरै ऐले पनि जागिरमा वहाल छन् तापनि तिनीहरूले शोध भर्ना गर्नालाई आधापेटमा गुजारा गर्नुपरेको पनि संझी राखे कै छु. घर घरमा माटाका चुला भने जस्तो सानालाई सानै, ठूलालाई ठूलै चोट परेको छ. सुख दुःखको वेदना सबैलाई उही हो. त्यसो हुनाले तिनीहरूले चार वर्षको भाखामा सोध बुझाउने कबुल गरी तम्सुक लेखी संस्थाबाट लिएको सापटी सोध भई आईसकेको भए. पनि फिर्ता गरिदिने प्रवन्ध हुने छ. आज सम्म जुन जुन सज्जनहरू ले आफ्नै परिश्रमको कमाइ ले होओस् वा साहु काडेर होस् सोध बुझाउन ल्याएका छन्, तिनलाई पनि सो बुझाएको दाम फिर्ता दिने वन्दोबस्त हुने छ, पाउने छौ खातिरजामा संग सुख शान्ति पूर्वक विश्राम गरून् ईश्वरमा धर्ममा र सर्कारमा अटल रही, उद्योग वढाई सुजीवन गराउँदै रहून्। यो भूकम्पोद्धार संबन्धी शुरूदेखी आखीर तक हरेक विषयमा आडर वमोजीमको आफ्ना आफ्ना काममा नानी कम्याण्डरइन चीफ पश्चिम तर्फका कम्याण्डिङ् जनरल लगायत हाम्रा भाइ छोराहरू बाट र नायववडागुरुज्यू भाइ भारादार अफिसर कर्मचारीहरूबाट औ स्वयं सेवक हरू बाट पनि परिश्रम र तन्देही साथ काम भई चाँडो सन्तोष मिल्ने वाटो वन्न गएकोले पल्टनीया जवानहरू र पुलिसहरू लाई एकलाख इनाम र विशेष काम गर्नेहरूलाई धन्यबाद नेकीपत्र मानपत्र तक्मा हरू समेत अघी बाँडी कृतज्ञता पनि प्रकट गरि सकिएकै छ. ती राम्रो काम गर्नेहरू लाई समाप्तिको यो अवसरमा पनि फेरी धन्यवाद गर्दछु।

(छैटौं पाटामा)

सम्वत् १९९० साल माघ वदि ३० को भयानक भूकम्पको दैवी बिपति संझनाले मात्र पनि हामीहरूको हृदयलाई कम्पित गराउँछ, हजारौं मानिस को प्राण गयो, हजारौं घर भत्की मानिसहरूको वास उठ्ता भयो चर्के मर्केका र बिग्रेका घर को गन्ति नै थिएन, हतोत्साहर हाहाकार को कालोबादलले चारैतर्फ ढाकी प्राय भग्नावशेष मात्र रहेको नेपालले फेरि यति चाँडो योरूप धारण गर्न सक्ला भन्ने 'कसैको आशा थिएन,

In Public domain. Digitization Muthulakshmi Research Academy

९. यस्तो संकट परि आउदा हामी प्रजावर्गको ऊद्धारको
१०. खातिर करुणामूर्ति श्री ३ महाराज जुद्धशम्शेर जङ्ग
११. बहादुर राणा बाट भूकम्प पीडितोद्धारक संस्था खडा
१२. गरि बक्स्सी चाहिने सरसामान को सुगमतार, ४ वर्ष संमको
१३. निर्व्याजी सापटी रुपियाँ समेत बक्सी, फण्ड खोली, त्यस-
१४. बाट पनि सहायता गरि बक्से कोले त्यसैको आडमा
१५, चर्के मर्के कार भत्केविग्रेका घरबासको जीर्णोद्धार
१६. भई हामी सबैको उद्धार भएकोले पाए को सुख शान्ति को
१७. अनुभब प्रजावर्गको हृदयमा ताजा रहि रहेकै छ।
१८. सरकार बाट बक्सेको मद्दतको भरमा घरबास को स्थिति बिति
१९. गरि सके पछि अघि सरकार बाट निर्व्याजी सापटी
२०. बक्सेको रूपिआ तिर्ने ४ वर्ष को भाका पुग्न आउँदा सोसापट
२१. शोध को बाटो बाट, हाहू गरी थान्को लागे को घर बास फेरि
२२. उठ्नजाला भन्ने ठूलो फिकर हामी प्रजाबर्गमा पर्न लागेको
२३. मौकामा दीन दयालु श्री३महाराज बाट साना ठूला सबै
२४ माथि अपार करुणा रहि सोसापटी रूपियाँ जम्मै माफी
२५. बक्सेको, दाखिल भई सके को समेत फिर्ता बक्से को कुराको
२६. ईस्पाच यसै स्मारक चिन्ह को साथ शिलापत्रमा खोदी
२७. राखे का छौं. त्यस बाट सबै कुरा स्पष्ट छ।
२८. यसरी हामी सबै प्रजाहरू को आनन्द सुख शान्ति
२९. अटल गराई बक्से को हुनाले आनन्दले गद्गद भई
३०. हृदय को अन्त स्तल बाट निस्के को कृतज्ञता को उद्गार
३१. लाई शुहाउँदो शब्द कोशमा पनि फेला पार्न सक्तै नौ केवल,
३२. हाम्रो हृदय भूमिमा गहीरो गरी कोरि एर रहेको भक्ति
३३ भाब बाहिर प्रकट गर्ना लाई हामी सबै भक्त प्रजाहरू-
३४. को यथाशक्य चन्दा जंमा गरी तयार गरे को यो स्मार-
३५. क-चिन्हको आज हामी सबै यो उद्घाटन महोत्सवमा
३६. संमिलित भई प्रतिष्ठा गर्दछौं, नेपालका भाग्यबिधाता
३७. प्रजाबत्सल श्री३महाराज को आनन्द को साथ दीर्घायु
३८. होओस्। उज्ज्वल कीर्ति जतातते चिरकाल सम्म गूं-
३९. जीरहोस् भन्ने प्रार्थना गर्दै श्रद्धा आदर भाब साथ भक्ति
४०. पुष्पाञ्जलि अर्पण गर्दछौं।

In Public domain. Digitization Muthulakshmi Research Academy

पाञ्चायनको अभिलेख*

वाग्वती पाञ्चायनदेवलको मूल ढोकाको बायाँतर्फ भित्तामा विशाल शिलापत्र जडिएको छ। त्यसैमा यो अभिलेख कुँदिएको छ। यो अभिलेख जुद्धशमशेरले कुँदाएको भन्ने स्पष्ट उल्लेख यहाँ नभए तापनि यसको बेहोराबाट यो अभिलेख जुद्धशमशेरको हो भन्ने स्पष्ट छ। यहाँ लेख टुङ्गचाई मिति पनि हालिएको छैन। यहाँ अभिलेख कुँदिएको भाग ३ हात लम्बा र २ हात १४ अंगुल चौडा छ।

१. रार्मसि गणेशसि अजितसिंस्मेत ३ भाई उत्तराखंड पाहाडतर्फ आएमा रार्मसि पश्चीं पाहाड भिर्कोटअन्तरगत कारसङ्का राजा भएमा आइ ताहाका फौजलाई खड्गविद्या सिकाई बसेका
२. थीए १२।१३ वर्षपछी निन्को देहान्त भयो
३. रार्मसिका छोरा रत्नजीत इ भिर्कोट्का राजाको फौजको मोष्य मालिक थीए पाहाडी राजा र सतङ्कोट्का गजासंग लडाञी गर्दा खड्गकुवर पदविको खिताव पाये भीर्कोटैमा कालगति देहान्त भयो
४. रत्नजातका छोरा अहिराम कुवर भीर्कोट्बाट कास्कि आई सर्दारि दर्जा र फौजको मोष्य अविसर भै बसेमा छोरि श्रीताराको कारण राजैसङ्ग विरोध परि श्रीपृथ्वीनारायण साहको बुवा श्रीनरभुपा-
५. लसाहको पालामा गोरखा आई बसे पाहाडि राजाहरूसङ्ग ४१५ लडाञी जीति कालगति ५६ वर्षको उमेरमा गोर्षैमा देहान्त भयो.
६. अहिरामका छोरा रामकृष्ण कुवर इनिले पनि पाहाडि राजाहरूसङ्ग ३।४ लडाञामा जितबाजि गर्दा जेठाबुढा भन्ने पदवि र काजी दर्जा पाए १८२५ सालमा श्रीपृथ्वीनारायण साहको
७. साथ नेपाल आई पूर्व मेचि पश्चि जुमलासम्मको मुलुक जीति रिजबापतमा श्रीपशुपति श्रीगुह्येश्वरिको बाटो बनाउन मा्र तेसपछि प्यूठानामा मेकचन् खडा गर्न गएमा ५९ वर्षको उमेर-
८. मा कालगति देहान्त भयो सेकुवाडाडामा राममुक्तेश्वर जयमुक्तेश्वर भन्ने शिवालय खडा छ
९. रामकृष्णका छोरा रणजात कुवर डिगर्चा र चिनसङ्को लडाञी गरे जुम्लाको विद्रोह सान्त गरे किल्ला काङडाको लडाञा जीति ५८ वर्षको उमेरमा कुमाउ श्चापाको लडाञामा गोलि लागि देहान्त भयो

---

* यसको माथिल्लो भागमा अर्को अभिलेख छ। त्यसलाई हामी पछि प्रकाश गर्नेछौं।

In Public domain. Digitization Muthulakshmi Research Academy

१०. रणजित्का छोरा बालनरसिंह कुवर इ पुरा देविभक्त थीए. सेरवहादुरले श्री ५ माहाराजाधीराज रणबाहादूर साहाको ज्यान लिन लाग्दा इनिले सेरबाहादुरलाई काटि मारि धीराजको

११. ज्यान तेस घडि बचाई ५८ वर्षको उमेरमा कालगतिले नेपालैमा देहान्त भयो

१२. बालनरसिंहका छोरा जङ्गवहादूर राणा पैले सुबेदारिमा भर्ना भै ताहाबाट रिसल्लामा लेफटें भै ताहापछि तोपखानामा कप्तान भएका अक्कल बुद्धिको जोरले गर्दा १ साल-

१३. मा जनरल भै ३ सालमा प्राइम्मिनिष्टर भै ७ सालमा बेलायेत गै फर्कि नेपाल आई ११।१४ सालको भोट् लखनौको लडाजी जिति भोट् सर्कारबाट सालिन्दा १०००० रुपैयाँ आउने बन्दो-

१४. वस्त गरि अंग्रेज सर्कारबाट नजा मुलुक फिर्ता लिए मुलुकमा सबै कुराको निश्वार्थ स्थिति रोल बाधि अैं कानुन खडा गरि ३० वर्ष राज गरि ३३ सालको फागुण मैह्नामा देहान्त भयो

१५. बालनरसिहका पञ्चम पुत्र रणउदीपसिं राणा ई ३३ सालमा प्राइम्मिनिष्टर भै ४२ सालमा देहान्त भयो

१६. बालनरसिहका कनिष्ट पुत्र धीरशम्सेर जङ्गबहादुर राणा इ बडा वीर योद्धा र बुद्धिमान थीए ११ सालमा भोट्को ठाउ जस्तोमा परेको कठिन्को लडाईमा इनिले जस्तो नाम उस्तै काम गरि

१७. बहादुरि गरि नाम राखि १४ सालको लखनौका लडाजीमा ठुलो काम गरि महाराज जङ्गबहादुरको दाहिने हात भै अरू आफनु मुलुकमा परेमा दाजि प्राइम्मिनिष्टरहरूलाई ठुलो म

१८. द्दत दिनुहुन्थ्यो नेपालमा महाराज रणउदीपसिं बक्साई पैह्ले दर्बार इस्कुल जाहीबाट खडा गरि ३ धारामा पाकसाला र पाठसाला स्मेत् खडा गरि मुखत्यारि रोल भै ४१ सालमा ५७ वर्ष-

१९. को उमेरमा देहान्त भयो

२०. धीरशम्सेरका जेष्ट पुत्र विरशम्सेर जङ्गबहादूर राणा ई ४२ सालमा प्राइम्मिनिष्टर भै सडक ढल लाईबेरी धारा नेपालमा र अरु ठाउठाउमा अस्पताल्स्मेत् खडा गरि ५७ सालमा ४९ वर्षका उमेर-

२१. मा देहान्त भयो

२२. धीरशम्सेरका चतुर्थ पुत्र देवशम्सेर जङ्गबहादूर राणा मुखत्यार छदैमा ४ कोसको झाडि र भीमफेदिमा धारा राखि ई ५७ सालमा प्राइम्मिनिष्टर भै ४ मैन्हासम्म राज्य गरि नेपाल टोलटाल-

२३. मा र पाहाडमा पाठ्सालाहरू बोलि कार्जे कारणले इस्तफा गरि धनकुटा सवारि भै केहि दीन राज गरि देसतर्फ सवारी भै देसैमा ७० सालमा ५२ वर्षको उमेरमा देहान्त भयो

In Public domain. Digitization Muthulakshmi Research Academy

२४. धीरसम्सेरका पञ्चम पुत्र चन्द्रशम्सेर जङ्गबहादूर राणा ५८ सालमा प्राइम्मिनिष्टर
भै ६५ सालमा वेलायेतमा सवारि भै जिल्ला जिल्लामा अस्पताल र नेपाल पाहाड
ठाउठाउमा पुल

२५. सम्हरिमा चन्द्रनहर बनाई सन् १९१४ सम्वत् १९७१ सालको युरोपको ठुलो लडाजीमा
सायता बि मुलुकको गौरव बढाई १९७६ सालदेखि सालियाना १० लाख कम्पनि
रुपैया आउने

२६. भयो पाटन भादगाउमा अंग्रेजि इस्कुल नेपाल सहरमा बिजुलि टेलिफोन विरगञ्जदेखि
अमलेखगञ्जसम्म रेल धुश्रुङदेखि नेपालसम्म रोपरोड चुरेको टनेल् नेपालमा मिलेटरि

२७. अस्पताल सेनिकसंस्था बारुदखाना स्वास्थ्यगृह खडागरि ८१ सालमा करिया अमलेख
गराई ८६ सालमा ६७ वर्षको उमेरमा प्राइम्मिनिष्टर भै देहान्त भयो

२८. धीरशम्सेरका षष्टम पुत्र भीमशम्सेर जङ्गबहादुर राणा ई ८६ सालमा प्राइम्मिनिष्टर
भै त्रि-भिम धारा खोलि नुन कपास गौचरि रकम् माफ बक्सी ८९ सालमा ६८ वर्षको
उमेरमा देहान्त भयो

२९. धीरशम्सेर दसम पुत्र जुद्धशम्सेर जङ्गबहादुर राणा ८९ सालमा प्राइम्मिनिष्टर भै ९०
साल माघ २ गते को भयङ्कर भुकम्पमा ठुलो नोक्सान भएका सहर गाउहरूको उठाए
आफना फु-

३०. लका हागाबिगा घेरै फाटि अभ्यागत भएका बिरादरहरूलाई खान लाउनाको बन्दो-
बस्त निमित्त जगा जमिन दि कुलधर्मलाई उज्ज्वल गराई धरान् जुद्धनगरमा जुद्धधारा
बीरगञ्जमा

३१. धीरधारा सुन्दरिजलमा बिजुलि र राईफल बनाउने कारखाना सहरभित्र बाहिर ठुलो
सडक बनाई हाम्रा इस्कुलको मेट्रीक्यूलेसन् परिक्षा हाम्रै स्वतन्त्र राज्यमा हामिले नै
बन्दोबस्त प्रथा

३२. चलाईबक्सी हाम्रा देसमा विश्वविद्यालयको जग पनि बसालिबक्सीयो देस विदेसबाट
पनि ठुलो प्रसंसा भई अंग्रेज फ्रान्स चीन इटषालि र पैले नआएका देस बेलजोयम्-
बाट पनि खिताब आयो आ

३३. फना मुलुकका दुनिआहरूले झापासम्मको खबर पनि तुरुन्त पाउन् व्यापारको उन्नति
पनि बढ्दै जावोस भन्नाका लागी प्रशस्त खर्च गरी नेपालदेखि महोत्तरी सप्तरी झापा-
सम्म टेलि-

३४. फोन खडा गरीबक्सियो जङ्गिमा इस्त्र फुट् नपुगि भर्ना हुन नसकेका कवरहरूलाई
पनि आफनै वंश हुन् भन्ने संझि आफना र भाई भतिजाहरूका ढोका ढोकामा सर्का-
रिया खर्च-

३५. बाट राखि आफना टाडीका बंशको स्मेत प्रबस्ति मिलाई उद्धार गरिबक्सियो देश
बिदेशका दुःख पाईरहेका आफना भैयादका छोरिहरू पनि दुःख पुकारा गर्न आएका

In Public domain. Digitization Muthulakshmi Research Academy

३६. नेपाल श्रहद भै बस्न मन्जुर गरने जतिलाई भत्ता र घर जग्गाको बन्दोबस्त गरी निज अवलाहरूको पनि उद्धार गरीबक्सियो

३७. आफना मुलुकमा ब्याङ्क नभयेबाट दुनिआहरूलाई असुविधा भयेकोले देशको उन्नति बढदै जावस भनी नेपालमा ब्याङ्क खोलिबक्सियो भक्तपुरमा बिजुलि नहुँदा उ-

३८. न्नतिको काम गर्न पायेनौ भन्ने ताहाका दुनिआहरूको पुकारा सुनी भक्तपुरमा ॥ त्रीजुद्धज्योति खोली-बक्सीयो

३९. आफना हिन्दुराज्य नेपालको दुत स्वतन्त्र मुलुकहरूमा कही नरहेकाले हाल बेलायेतमा नेपाल लिगेसन स्थापित गरी आफ्ना प्यारा मातृभूमिको शोभा बंढाईबक्सीयो

४०. यस्तै देशको भलाई र उपकारका धेरै कामहरू गरीबक्सेको हुनाले गुनका बोझले झुकेका रती दुनिया भाई भारादारहरूले आफ्ना तरफबाट जुद्धसडकमा श्री ३ महाराज

४१. कोप्रतिमास्तम्भ स्थापना गरे

४२. ठूला ठूला नदी नाला तर्न नसकी दुनिआलाई दुख भै रहेकोले पश्चिम् १ नं स्यापुङ् खोला लिखु खोला भरेङभुरुङ पश्चिम् ३ नं मर्स्याङ्दा पुर्व १ नं. भुलीखोला वलेफी खोलाहरूमा र पाल्पा लिस्तीमा ते

४३. स्तै कान्तीपूर पचलीघाट ललितपूर कोटेश्वर वाग्मतीमा पक्कि पूल बनाईबक्सियो ॥ ॥ दुनिआले पानी खान दुख भैरहेको बुग्मति खोकना टोखा कीर्तिपूर चुनीगाउँ र पूर्व धुलीखेल इलाम गौडा पश्चिम मनका-

४४. मना मन्नेस तराई जनकपूर तीर्थ नेपालगज वजारहरूमा प्रसस्त धाराहरू खोलीबक्सियो ॥ ॥ जंगीतर्फका जागिरले वहाल टुटेका वखत रित्तो हात ली घर जान नपरोस भनी सैनिक द्रव्यकोश खडा गरी-

४५. वक्सियो ॥ ॥ विदेसमा रहेका गोर्खालीहरूलाई नेपालको सनातनधर्म ज्ञान गराउनाका लागी दार्जलिङ्गमा धीरधाम स्थापना गरीवक्सियो ॥ ॥ प्रशिद्ध तीर्थ जनकपूरको दर्शनलाई सुविस्ता होस भनी अंग्रेजी

४६. ष्टेसन जयनगरबाट जनकपूरसंम रेल खोलीवक्सियो ॥ ॥ आगाको भयबाट रक्षा गर्नाका लागी दमकल राखीवक्सियो ॥ ॥ हिंदुस्थान रहने नेपाली कंसुलेट जनरल बस्ने घर डिल्लीमा वनाईवक्सियो

४७. रोपबाट उत्रेको माल भन्सार ल्याउनालाई मातातीर्थबाट भंसारसम्म टलीमोटर रेल्वे खोलीवक्सियो ॥ ॥ फेरी देश विदेशबाट ठूलो प्रशंसा भई कहिले नआएको जर्मनी र नेदरल्याण्डबाट पनी तक्मा आएको

४८. अघिदेखी खडा भैरहेका नेपालतारा नेपालप्रतापवर्धक तक्मा आउने हाल महाराजका पालामा खडा गरीबक्सेको दार्घसेवापट्ट तक्मा पाउनेहरूले वहाल टुटेपछी दर्जा अनुसार भत्ता पाउने

In Public domain. Digitization Muthulakshmi Research Academy

४९. गरीबक्सियो ॥ ॥ फेरी ओजस्वी राजन्य र त्रिसक्तिपट्ट भन्ने तक्मा खडा गरी-बक्सियो ॥

म्यूजियमको अभिलेख

काठमाडौं छाउनी म्यूजियमको 'जुद्धजातीय-कलाशाला'को बीच दलानमा जुद्धशमशेर-को सालिक छ। सो सालिकको तल पीठमा ताम्रपत्र टाँसिएको छ। सो ताम्रपत्रमा योअभि-लेख कुँदिएको छ। यहाँ अभिलेख कुँदिएको भाग १२½ अङ्गुल लम्बा ७½ अङ्गुल चौडा छ।

१. यो कुरा सबैलाई विदित होस्

२. यथा सुमेरूः प्रवरो नगानां यथान्डजानां गरुडः प्रधानः।

३. यथा नराण प्रवरक्षितिशस्तथा कलानामिह चित्रकल्पः॥

४. पृथकपृथकक्रियाभिर्हि कलाभेदस्तु जायतेः॥

५. शिल्प उपाय मात्र हो. तर त्यसलाई वास्ता नगन कलाकारले कहिल्यै आफ्नो उद्देश्य प्राप्त

६. गर्दैन। यस्तो कलाकार आफ्नो घोडालाई चना दिन विर्सने घोडचढी जस्तो हुनेछ। आफूले

७. थाहा पाएको कुरा लुकाउनालाई." पूर्ण हस्तकौशल हुनु आवश्यक छ। कलाका सबभन्दा

८. कठिन कुरा र पराकाष्ठा सुगमता र सरलतापूर्वक लेख्नु रंग भर्नु र खिच्नु हो।

९. यस कलाशालाले स्वदेश र परदेशबाट जयमाला प्राप्त गर्न सकने साँच्चिका कलाकारह-

१०. रु पैदा गर्न मेरा प्यारा स्वदेशी भाईहरूलाई प्रोत्साहन देला भन्ने म पूर्ण आशा गर्दछु।

११. अलसस्य कुत शिल्पमशिल्पस्य कुतो धनम

१२. ईति सम्वत २००० साल वैशाख ५ गते रोज १ शुभम्।

श्री ३ जुद्ध

म्यूजियमको अभिलेख

काठमाडौं छाउनी म्यूजियमको 'जुद्धजातीय कलाशाला'को बीच दलानमा जुद्धशम-शेरको सालिक छ। सो सालिकको तल पीठमा यो अभिलेख कुँदिएको शिलापत्र अडाइएको छ। यहाँ अभिलेख कुँदिएको भाग १ हात ९ अंगुल लम्बा १ हात ६½ अंगुल चौडा छ।

१. बडा हक्की सरल सत्यवादी अदम्यसत्साहसी जातीयताका

२. अवतार अन्ततोगत्वा उतिकै फेरि आफ्नो दीर्घ र घटनापूर्ण जीवन-

३. भर सर्वत्र सुधार गर्दै नेपाल र नेपाली जातिसम्बन्धी हरेक

In Public domain. Digitization Muthulakshmi Research Academy

४, कुरालाई सुहाउँदो आफ्नो सभ्यतामा ढाल्न काम गरिरहि-
५. बक्सिने ओजस्वी राजन्य पृथुलाधीश श्रीश्रीश्रीमहाराज जुद्धशमशेर
६. जङ्गबहादुर राणा प्राइम्मिनिस्टर सुप्रीम कम्यान्डर-इन-चाफ
७. नेपाल, यो जुद्धजातीय कलाशाला मौसूफ संस्थापकके
८. नामानुसार राखिएको हो तथा या पट्टिका जातिको हार्दिक
९. कृतज्ञता र गम्भीरप्रशंसाको चिन्हार्थ खोदिएको छ।
१०. ओजस्वी राजन्य पृथुलाधीश हिज् हाइनेस्
११. महाराज जुद्धशमशेर जङ्गबहादुर राणा
१२. प्राइम्‌मिनिस्टर यॉन्ड सुप्रीम् कॉमान्डर इनचीफ्
१३. अफ् नेपाल– ए म्यान् अफ् हाइ इन्टेग्रिटि, स्क्रुप्युलस्,
१४. वेरैसिटि, इन्डॉभिटेब्ल् मॉरल करेज् इर्‌रिप्रेसि-
१५. ब्ल् स्पिरिट् अफ् नेशनलिज्म; यॉन्ड्. लास्ट् बट् नॉट् द
१६. लीस्ट् यॉन् ऑल् राउन्ड् रीफर्मर् हू थ्रू आउट्
१७. हिज् लॉङ्ग यॉन्ड् ईभेन्ट्फुल लाइफ् ह्यॉज् बीन् वर्किङ्
१८. टु गिभ् ए प्रॉपर् ऑरिएन्टेशन् टु एभ्‌रिथिङ्
१९. कान्सर्न्ड् विद् नेपाल यॉन्ड् द नेपालीज् नेशन्;
२०. दिस् आर्ट गैलर्‌री इज् नेम्ड् आफ्टर् हिज् यॉज् द
२१. फाउन्डर् यॉन्ड दिस् टैब्लेट् इन्सक्राइब्ड् यॉज् ए मार्क
२२. अफ् हार्टफेल्ट ग्र्याटिट्यु ड् यॉन्ड् डीप् ऐप्रीशिएशन्
२३. अफ् द नेशन

पशुपतिको तुलादानको अभिलेख

पशुपतिमा मूल ढोकाबाट पसेपछि दायाँ तर्फ वेदिमा लहरै तुलादानका स्तम्भहरू खडा रहेका छन्। तिनमा दोस्रो स्तम्भको पूर्व पाटामा यो अभिलेख कुँदिएको छ। यहाँ अभिलेख कुँदिएको भाग १ हात ६ अङ्गुल लम्बा १३ अङ्गुल चौडा छ।

श्री

१. श्रीमङ्गलमूर्तये नमः
२. स्वस्ति श्री ६ काजी बालनरसिंह
३. राणाका नाती श्रीमद्राजकुमार
४. कुमारात्मज श्रीकम्याण्डर इन
५. चीफ जनरल धीर शंशेर जङ्ग

In Public domain. Digitization Muthulakshmi Research Academy

६. राणाबहादुरका कान्छा रानी
७. जुहारकुमारीदेवीका छोरा
८. स्वस्ति श्रीमदतिप्रचण्ड
९. भुजदण्डेत्यादि श्रीश्रीश्री
१०. महाराज जुद्धशंशेर जङ्ग
११. बहादुर राणाबाट षोडशी
१२. महादानहरू गरिबक्सी
१३. संवत् २००१ साल कार्तिक
१४. शुक्ल पूर्णिमा मङ्गल वार
१५. का दिन श्रीपशुपतिमा विधि
१६. पूर्वक सुवर्णको तुलादान
१७. गरिबक्सियो. शुभम्

★टुँडिखेलको जुद्धशमशेरको सालिकको अभिलेख

काठमाडौं भद्रकालीअगाडि बायाँतर्फ टुँडिखेलमा जुद्धशमशेरको सालिक छ। सो सालिक रहेको वेदिका चार पाटामा यो अभिलेख कुँदिएको छ। यहाँ अभिलेख कुँदिएको भाग पहिलोमा १ हात १४ अंगुल दोस्रोमा २ हात १२ अंगुल चौडा र दुवैमा ३ हात १४ अंगुल लम्बा तथा तेस्रो र चौथोमा १ हात १४ अंगुल लम्बा १ हात १० अंगुल चौडा छ।

(पहिलो पाटोमा)

१. स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादि ओजस्वीराजन्य प्रोज्ज्वलनेपालतारा अतुल ज्योतिर्मयत्रिशक्ति
२. पट्ट अतिप्रबलगोरखादक्षिणबाहु पृथुलाधीश श्रीश्रीश्रीमहाराज जुद्धशमशेर जङ्गबहादुर
३. राणा जी. सी. बी. जी. सी. एल. एच, जी. सी. एल. जी. सी. एस. आई. जी. सी. यम. एल. जी. सी. यम.
४. यस. यम. यल. जी. सी. आई. ई. जा. के. आर. के. थितेङ्ग पावतिङ्ग शुनचियान लुचुयां श्या-
५. ङ्ग आनरेरी जनरल ब्रिटिश आर्मी आनरेरी कर्णेल अफ अल दि गोरखा राइफल
६. रेजिमेण्टस इण्डियान आर्मी प्राइममिनिष्टर याण्ड सुप्रीम कम्याण्डर इन चीफक-
७. स्य रुक्का

★यो अभिलेख तथा सालिक पहिले जाउलाखेलमा थियो।

In Public domain. Digitization Muthulakshmi Research Academy

८. श्री स्वर्गवासी कम्याण्डर इन चीफ जनरल धीरशमशेर जङ्गबहादुर राणाका दशौं पुत्र श्री ३ महाराज जुद्धशमशेर जङ्गबाहादुर राणाको

९. सम्वत १९३२ साल वैशाखकृष्ण ४ मा जन्म भएको हो स १९४७ सालमा पाटनको ब्रिगेडको ब्रिगेडियर १९५८ सालमा उ. क. ज. सोही वर्षमा

१०. द. क. ज. १९३४ मा पू. क. ज. १९६७ मा कायममुकायम जङ्गीलाठ १९७१ मा जङ्गीलाठ १९८६ मा श्रीकम्याण्डर इनचीफ भै वहाँले सं १९८९ मा य-

११. स राज्यको प्राइम्मिनिष्टरी ओहदा उठाइबक्सियो १

१२. मुलुकलाई उन्नतिको मार्गमा ल्याउने तजबीज भैरहेको समयमा ९० सालका भयङ्कर भूकम्प आइलाग्यो फेरि द्वितीय महासमररूपी अर्को म-

१३. हान संकष्ट आइलागी बाधा पार्‍यो त्यस्तो बाधा परी आए तापनि हिम्मत नहारी मुलुकको गौरव बढाउने र दुनियाँको उन्नति हुँदै जाओस

१४. भन्नेतर्फ सदा दत्तचित्त होइबक्सिन्थ्यो भूकम्पको मारबाट दुनियाँलाई उद्धार गर्न वहाँबाट गरीबक्सेको कामको स्मारक आजको काठमाडौंमा खडा नै छ २

१५. मुलुकको आर्थिक अवस्था सुधार्ने उद्देश्यले उद्योग धन्दा व्यवसाय बढाउनाका लागि श्री ३ महाराजबाट भरमग्दूर गरिबक्सियो त्यसको

१६. फलस्वरूप उद्योगपरिषद् कृषिपरिषद् घरेलु इलमप्रचारक अदा मधेसमा ठाउँठाउँमा सरकल अफिस इत्यादि खडा गरिबक्सियो वहाँकै उ-

(दोस्रो पाटामा)

१. त्तजनाले नेपालमा सर्वप्रथम नेपाली नोटका चलन नेपालब्याङ्क विराटनगर जूटमिल्स मोरङ कटनमिल्स नेपालकेमिकल्स वीरगञ्जकट-

२. नमिल्स इत्यादि ज्वाइनष्टाक कम्पनाहरू खडा गरिबक्सेको र कलकारखाना चलाउनाका निमित्त सरल हिसावसित विद्युतशक्ति मिल्ने गराइबक्स-

३. ने उद्देश्यले मोरङ्ग हाइड्रो इलेक्ट्रिक कम्पनी खडा गराइबक्सियो नेपाल राजधानीमा बत्ती तथा पावरको अभाव पूर्ति गर्नका खातिर सुन्दरी-

४. जलमा दोस्रो विजुलीको उत्पादनकेन्द्र खोलिबक्सियो ३

५. मुलुकको उन्नति शिक्षाविना हुन नसक्ने सम्झी मौसुफबाट शिक्षाप्रचारको निमित्त नेपाल ४ भाञ्ज्याङभित्र वाहिर पहाड मधेस ठाउँ ठाउँ-

६. माहा. स्कूलहरू स्थापना गराइ एस. एल. सी. परीक्षाको प्रथा पनि चलाइबक्सियो कालेज स्कूल पाठशालाका प्रोफेसर मास्टर पण्डितहरूको

७, तलव बढाइ गरीव विद्यार्थीहरूलाई दिउँसो खाजा खुवाउने प्रबन्ध पनि गरिबक्सियो

८. जनकपुरमा रेल नेपालमा जुद्धसडक ट्रलि त्रिपुरेश्वरमा श्री ५ को इष्टाच्यू त्यहाँदेखि त्रिटिश लिगेसनसम्म पोचरोड फुटपाथ विराट-

In Public domain. Digitization Muthulakshmi Research Academy

९. नगर सडक र नेपालगञ्जको सडक ठाउँ ठाउँका सडकहरू र पचलीघाटको देशी फलामे पुल कोटेश्वरमा ऐं पुल मोरङ सोवतीको पुल अरू
१०. ठाउँठाउका पुलहरू धेरै बनाइवक्सियो ५
११. कांतिपुरको धारा खोकना बुगमतीको धारा इलामको धारा नेपालगञ्जका धारा विराटनगरको धारा वीरगञ्जको धारा टोखाको
१२. धारा इनार टीउबवेल पोखरीहरू धेरै बनाइवक्सियो ६
१३. भूकम्पले नष्ट भएका स्थान अखडा मठ मन्दिर पाटी पौवा सत्तल घाट धर्मशालाहरू र घररा घण्टाघरसमेत जीर्णोद्धार
१४ गरिवक्सियो ७
१५. विलायतमा नेपाल लिगेसन दिल्लीको नेपाल हाउस ह्लासाका वकिल वस्ने घर भीमफेदीका व्यारेक वानेश्वरको व्यारेक छा-
१६. उनीका कलाशाला व्याङ्कघर झेलखाना घरसा टक्सार ज्यावलाखेलमा चिडियाखाना कान्तिपुर ललितपुर सहरमा ढल साइडड्रेन जुद्धनगर
१७. वजार मधेस जिल्लाहरूमा वडाहाकिम वस्ने घर अडा कचहरी सरकारिया घरहरू धेरै बनाइवक्सियो ८
१८. वीरगञ्जदेखि पूर्व विराटनगर धरान धनकुटासम्म नआ टेलिफोनको लाइन र सवरमा अटोम्याटिक टेलिफोन रह्यो हस्पिटल-
१९. विभागमा ठाउ ठाउँका हस्पिटलमा वेडहरू थप गराइवक्सियो ९
२०. आगलागिको वचाउनिमित्त नेपाल तीनै शहरमा पुरा सामानसहितको जुद्धवारूणयन्त्र राखिवक्सियो १०
२१. पहाडतर्फ पोखराको पाथिबाँध सप्तरी कोशीको वीरवाँध र कुलो पाइन ठाउँ ठाउँमा धेरै बनाइवक्सियो ११
२२. जङ्गीतर्फ पार्श्ववर्ती नया पल्टन खडा भयो मिलिसियालाइ थप भयो नेपालमा बन्दूक कार्तोस बनाउने कलसामान झीकाई हात
२३. हतियार खजाना नेपालमै तयार हुने गराइवक्सियो १२
२४. ज्यावलाखेलमा जू र छाउनीमा कलाभवन खोलीबक्सेकाले सर्वसाधारण जनताले त्यहाँ गै दिल बहलाउने शिक्षा हा—

(तेस्रो पाटामा)

१. सिल गर्न पाउने गराइवक्सियो—१३ जागीदारहरू धेरै
२. जसोलाई जागीर छुटेपछि के खाउ के लाउ भन्नु परेकोमा
३. श्री ३ महाराजवाट जङ्गी निजामति सबै जागीरदारहरूलाई
४. द्रव्यकोस र पेन्सनको प्रथा चलाई वक्सियो—१४ श्री ३ महा–

In Public domain. Digitization Muthulakshmi Research Academy

राजबाट ब्रिटीश र हिन्दुस्थान सरकारसँग रहेको पुरानो दोस्तान कायम राखनालाई केहि कुराको पनी कसर राखि-बक्सेको थिएन मौसुफके सासनकालमा विलायतमा लिगे-सन खोलिबक्सि चिठ्ीमा नेपाली टिकट्ले भरहिन्दुस्थान चल्ने भयो द्वितीय भयङ्कर महासमर खुलेपछी हिन्दुस्थानको ब चावटका लागी आफ्नु फौज हिन्दुस्थान पठाई हाम्रो दोस्त ब्रिटि-स सरकारलाई मद्दत बक्सियो त्यसको फलस्वरूप हिन्दुस्थान सरकारले नेपाल सरकारलाई सो सहायताको बदलारूपमा फं. रू. २॥ करोड दिनुभयो यो सबं वहाके अक्कलबाट भएके हो वहाके सासनकालमा भुकम्प उद्धार माफी मिनाहा विजुली उत्पादन पुल सडक इमारत उद्यग कल कार-

(चौथो पाटामा)

खाना शिक्षा इत्यादिमा सालबसाली र पटके खर्च स्मेत गरी ज्मा २॥ करोड रुपैजा खर्च गरिबक्सियो—१५ श्रीमहाराजको बु-द्धी र गुणको प्रभाव देस देशान्तरमा पर्न गएको कुरा बिला-येत फ्रान्स बेलजिएम नेदरल्याण्द इटली जर्मनी र चीनका सरकारहरूबाट वहालाई आएका इज्जत र तक्माहरूले जनाईरहेछन मौसुफको देसाटनभित्र विलायत फ्रान्स इत्यादि युरोपका मुलुकहरू पनी परेका छन—१६ यो प्रतिमाको उद्घाटन २००५ स.ल जेष्ठ ३१ गते रोज १ का दिन श्री ३ महाराज मोहनसम्सेर जङ्गवहादुर राणा-बाट भयेको हो—१७ यो सबै प्रबन्ध मिलाई शिलापत्र लेखाई जडान गर्न लाउने भग्त कनिष्ठ पुत्र श्री ले ज नारायणसम्सेर जङ्गबहादुर राणा
इति सम्वत २००६ साल मार्ग गते रोज शुभम्

—★—

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

प्रकाशक—

संशोधन-मण्डल

महाबौद्ध, काठमाडौं, नेपाल

मूल्य- मो. रु. १।

वि. सं. २०१६ माघ-संक्रान्ति

जोरगणेश प्रेस प्राइभेट लिमिटेड, काठमाडौं

In Public domain. Digitization Muthulakshmi Research Academy



[नवौं भाग]

सम्पादक–

रामजी तेवारी
देवीप्रसाद भण्डारी
भोलानाथ पौडेल
शङ्करमान राजवंशी

धनवज्र वज्राचार्य
गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

अभिलेख-संग्रह

नवाँ भाग

सम्पादक—

रामजी तेवारी
देवीप्रसाद भण्डारी
भोलानाथ पौडेल
शङ्करमान राजवंशी
धनवज्र वज्राचार्य
गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

In Public domain. Digitization Muthulakshmi Research Academy

विषयसूची

	पृष्ठ
अभिलेख— संग्रहको व्याख्या गर्ने बाटो [३]	१-१२
वक्तव्य	१३-१६
लिच्छविकालका	
चावहिलको अभिलेख	१८
फर्पिङको अभिलेख	१९-२०
चापागाउँको अभिलेख	२०
ललितपुर भण्डारखालको अभिलेख	२१
कान्तिपुर मुसुंबहालको अभिलेख	२२
लिच्छविकालपछिका	
कुम्भेश्वर घाँयबुको अभिलेख	२४
ललितपुर त्यागलटोलको अभिलेख	२४-२५
ललितपुर गुइतःविहारका अभिलेख	२५
कान्तिपुर भन्सार जाने बाटोको अभिलेख	२५
इचंगुको अभिलेख	२६-२७
फर्पिङ टुटेपानीको अभिलेख	२७

In Public domain. Digitization Muthulakshmi Research Academy

अभिलेख-संग्रहको व्याख्या गर्ने बाटो

(३)

स्वयमेव भूयो भूयो दर्शनेन यत्र यत्र धूमस्तत्र तत्राग्निरिति महानसादौ व्याप्तिं गृहीत्वा पर्वतसमीपं गत्वा तद्गते चाग्नौ संदिहानः पर्वते धूमं पश्यन् व्याप्तिं स्मरति। यत्र धूमस्तत्राग्निरिति। तदनन्तरं वह्निव्याप्यधूमवानयं पर्वत इति ज्ञानमुत्पद्यते। अयमेव लिङ्गपरामर्श इत्युच्यते। तस्मात् पर्वतो वह्निमानिति ज्ञानमनुमितिरुत्पद्यते। तदेतत्स्वार्थानुमानम्।

यत्तु स्वयं धूमादग्निमनुमाय परं प्रतिबोधयितुं पञ्चावयववाक्यं प्रयुङ्क्ते। तत्परार्थानुमानम्। यथा पर्वतो वह्निमान्। यो यो धूमवान् स स वह्निमान् यथा महानसम्। तथा चायम्। तस्मात्तथेति। अनेन प्रतिपादिताल्लिङ्गात् परोऽप्यग्निं प्रतिपद्यते।

प्रतिज्ञाहेतूदाहरणोपनयनिगमनानि पञ्चावयवाः। पर्वतो वह्निमानिति प्रतिज्ञा। धूमवत्त्वादिति हेतुः। यो यो धूमवानित्युदाहरणम्। तथा चायमित्युपनयः। तस्मात्तथेति निगमनम्।

(तर्कसंग्रहको अनुमानखण्डबाट)

[भान्सा, अगेनाहरूमा धुवाँ भएको ठाउँमा आगो आज पनि देख्यो, भोलि पनि देख्यो, यसरी दिनकादिन देख्दा जहाँ जहाँ धुवाँ हुन्छ, त्यहाँ त्यहाँ आगो हुँदो रहेछ भन्ने व्याप्ति (सँगसँगै रहने नियम) मनुष्यको मनमा पैदा हुन्छ। टाढाबाट पर्वतलाई देखी त्यहाँ आगो होला कि होओइन भनी सन्देह हुँदा त्यस मनुष्यले त्यस पर्वतमा धुवाँ देख्यो भने जहाँ जहाँ धुवाँ हुन्छ, त्यहाँ त्यहाँ आगो हुन्छ भन्ने व्याप्ति संझन्छ। त्यसपछि आगोको व्याप्य (आगोभन्दा थोरै ठाउँमा रहने) धुवाँ भएको यो पर्वत रहेछ भन्ने ज्ञान त्यस मनुष्यलाई हुन्छ। यही ज्ञानलाई लिङ्गपरामर्श भन्छन्। त्यताबाट आगो भएको पर्वत यो रहेछ भन्ने अनुमिति पैदा हुन्छ। यस किसिमको ज्ञानलाई स्वार्थानुमान भन्दछन्।

धुवाँबाट आफूले आगोको अनुमान गरी अरूलाई सो कुरा बुझाउन पञ्चावयववाक्य जो प्रयोग गरिन्छ, त्यसलाई परार्थानुमान भन्छन्। जस्तै– यो पर्वत आगो भएको हो, धुवाँ भएको हुनाले। जुन जुन धुवाँ भएको हुन्छ, त्यो त्यो आगो भएको हुन्छ, जस्तै भान्सा। त्यस्तै यो छ। त्यस कारण यो त्यस्तै हो। यसरी बताइएको हेतुबाट अर्कोले पनि आगो रहेछ भनी थाहा पाउँछ।

In Public domain. Digitization Muthulakshmi Research Academy

पञ्चावयव भनेका प्रतिज्ञा, हेतु, उदाहरण, उपनय, निगमन हुन् । पर्वत आगो भएको छ भन्नु प्रतिज्ञा हो। धुवाँ भएको हुनाले भन्नु हेतु हो। जो जो धुवाँ भएको हुन्छ, त्यो त्यो आगो भएको हुन्छ, जस्तै भान्सा भन्नु उदाहरण हो। यो त्यस्तै हो भन्नु उपनय हो। त्यस कारण त्यस्तो (आगो भएको पर्वत) सिद्ध भयो भन्नु निगमन हो।]

लिच्छविवंशको चर्चा चल्तीका वंशावलीमा पाइन्न। गोपालवंशावलीमा लिच्छविवंशको सामान्य चर्चा गरिएको छ। लिच्छविवंशको प्रशस्त चर्चा तिन ताकाका शिलालेखहरूमा पाइन्छन्। मानगृह, कैलासकूटभवन, भद्राधिवासभवन आदि लिच्छविराजाका दरबारका नाउँ अभिलेखहरूमा पाइन्छन्। जस्तै— मानगृहात्

(वसन्तदेवको जैसीदेवलको अभिलेखबाट। यो अभिलेख पं. भगवानलाल इन्द्रजीद्वारा छापिएको हो। पछि नेपाली अनुवादसहित भोलानाथ+घनवज्र+ज्ञानमणिद्वारा छापिएको हो। पछि आ. रेनिइरो नोलीद्वारा पनि छापिएको छ।)

[मानगृहबाट]

यस्ता अभिलेख अरू पनि छन्।

कैलासकूटभवनाद्

(अंशुवर्माको हाँडिगाउँको अभिलेखबाट। यो अभिलेख प्रा. सिलभेन लेभी र आ. रेनिइरो नोलीद्वारा भिन्नाभिन्नै छापिएको छ)

[कैलासकूटभवनबाट]

यस्ता अभिलेख अरू पनि छन्।

क्षितितलतिलकभूतात्कुतूहलिजनतानिमेषनयनावलोक्यमानात्कैलासकूटभवनात्

(अंशुवर्माको साँगाको अभिलेखबाट। यो अभिलेख प्रा. सिलभेन लेभी र आ. रेनिइरो नोलीद्वारा भिन्नाभिन्नै प्रकाश भएको छ।)

[पृथ्वीको टीका जस्तो भएको, कुरिकुरी लागेका मानिसहरूले आँखा झिम्म नगरीकन नै हेरिएको कैलासकूटभवनबाट]

कैलासकूटभवनाद्भुवनप्रकाशाज्ज्योत्स्नावमृष्टहिमवच्छिखराग्रदीप्तेः।

(नरेन्द्रदेवको पाटन तलेजुचोकको अभिलेखबाट। यो अभिलेख ऐ. शि. बाबुराम आचार्य र मद्वारा प्रकाश भएको हो। पछि आ. रेनिइरो नोलीद्वारा पनि प्रकाश भएको छ। यो अभिलेखको नेपालीभाषामा पहिलो अनुवाद योगी नरहरिनाथद्वारा प्रकाश भएको हो।)

[जून लागेका हिमालय पहाडका टाकुराका टुप्पाहरूको जस्तो चहक भएको, संसारलाई उज्यालो पार्ने कैलासकूटभवनबाट]

स्वस्ति कैलासशृङ्गाभान्नयनोत्सवकारिणः।
कैलासकूटभवनात् रम्याज्जगति विस्रु(श्रु)तात्॥

In Public domain. Digitization Muthulakshmi Research Academy

(नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखबाट । यो अभिलेख संशोधनमण्डलद्वारा प्रकाशित भएको छ ।)

[स्वस्ति (कल्याण होस्) । कैलास पहाडको टाकुरो जस्तो, आँखालाई आनन्द पार्ने संसारमा नाउँ चलेको राम्रो कैलासकूटभवनबाट]

भद्राधिवासभवनात्

(पाटन च्यासलटोल गणेशस्थानको अभिलेखबाट । यो अभिलेख आ. रेनिङ्रो नोली-द्वारा प्रकाश भएको छ ।)

[भद्राधिवासभवनबाट]

यस्ता अभिलेख अरू पनि छन् ।

मानगृह, कैलासकूटभवन, भद्राधिवासभवनहरू कहाँ थिए, कस्ता थिए भन्ने कुरा अहिलेसम्म हामीले राम्रो थाहा पाएका छैनौं । लिच्छवि राजा नरेन्द्रदेवको पालामा आएका चीनिया राजदूतले उनको दरबारको जो बयान गरेका छन् , त्यसैबाट उनको दरबारको अलिकता झलक हाम्रो मनमा आउँछ । चीनिया बयान यस प्रकारको छ—

दरबारको बीचमा साततले तामाको छाना भएको एउटा बुर्जा छ । यसका दलिन डडाली, कठबार, खम्बा आदि सबै कुरा सुन्दर र किम्मती पत्थरका बनेका छन् । बुर्जाको चार सुरमा तामाका नल लागेका छन् । नलका तलतिर सुनौला मकर (गोही) छन् । मकरहरूबाट जोडले पानी निस्कन्छ । बुर्जामाथि हालिएको पानी नलबाट तल झर्छ । त्यो पानी छहरा जस्तो भई सुनौला मकर (गोही) को मुखबाट निस्कन्छ ।

(काशीप्रसाद जायसवालको ' क्रोनालजी यान्ड् हिस्ट्री अफ् नेपाल' [नेपालको इतिहास र कालनिर्णय] को आधारमा प्रा. तोत्रराज र मेरो 'नेपालको संक्षिप्त इतिहास ' बाट)

लिच्छविकालका मानगृह, कैलासकूटभवन, भद्राधिवासभवनहरूको विषय नेपालको प्राचीन इतिहास पढ्नेहरूले विशेष खोजी गर्नुपरेको छ । सो खोजी कसरी गर्ने भन्ने प्रश्न उठ्दा उन ताकाका लेखहरूलाई अत्यन्त सावधानीपूर्वक केलाई पढ्ने र ती लेखहरूबाट सङ्केत पाइएका ठाउँको विशेष परीक्षा गर्ने भन्ने उत्तर दिन सकिन्छ ।

राणा प्रधानमन्त्रीहरूमा श्री ३ जङ्गबहादुर र श्री ३ चन्द्रशमशेर लामो कालसम्म शासन गर्ने हुन् । श्री ३ जङ्गबहादुर थापाथली दरबारमा बस्थे, श्री ३ चन्द्रशमशेर सिंहदरबारमा बस्थे । श्री ३ जङ्गले थापाथलीलाई आफ्नो दरबार बनाए तापनि आफू-पछिका नेपालका प्रधान शासकको निवासस्थान त्यसलाई बनाएनन् । श्री ३ चन्द्रशमशेरले सिंहदरबारलाई राज्यका प्रधान शासकको वासस्थान हुने नियम बनाए । राणा राज्य रहेसम्म सिंहदरबार गएपछि सारा कुरा टुङ्गिन्थे । राणाराज्य गएपछि पनि सिंहदरबार नेपाल राज्यको प्रमुख शासनकेन्द्र भएर रहेको छ । यस कारण विक्रमको बीसौं शताब्दीको

In Public domain. Digitization Muthulakshmi Research Academy

उत्तरार्द्ध र एक्काइसौं शताब्दीको पनि (अझ कतिसम्म हुन्छ, कति) नेपालको इतिहास पढ्न खोज्नेहरूका आँखाको अगाडि सिंहदरबार देखापर्छ । राणा शासनकालमा सिंहदरबारभित्र पस्न पाउनु पनि विशेष गौरवको कुरो थियो। ठूला ठूला पदमा रहेका मानिसहरू (ठूला ठूला पदमा पुगेका दुनियाँदारहरू) सिंहदरबारको पटाङ्गिनीसम्म सरासर जान पाउँथे। सिंहदरबारको भित्रको बनावट एक दुइ जना अत्यन्त विश्वासपात्रबाहेक कसैले थाहा पाउंदैनथे। यस्तो हुनु स्वाभाविक पनि हो। तर अहिले नेपालका मुख्य मुख्य अड्डा त्यहाँ रहेका हुनाले सिंहदरबारको बनावट धेरैलाई थाहा हुन सक्छ ।

श्री ३ चन्द्रका प्रशंसक पण्डित वैजनाथ र जगन्नाथ सेढाजीले बनाएको चन्द्रमयूखमा सिंहदरबारको बयान यसरी दिइएको छ—

सिंहदरबार

सर्कार्को उदयेमहाँ हुकुम भै खारीज् गरी राज्कुलो,
सारा पल्टनलाइ भोज बकस भै पोसाक् पहेलो मिल्यो;
पाण्ढोकी पनि खारिजै गरि जहाँ मैदान् बनाई सफा,
धेरै खर्च गरेर सुन्दर बन्यो श्रीसिंहदर्वार् अहा.

मोडा पश्चिमतर्फमा महलको सुन्दर् छ ढोका सफा
मत्ता सिंह दुई खडा उपर छन् फर्कीरहेका ध्वजा;
लट्ठा सिंहमरोडका मजबुती छन् सिंहदर्बारमा,
कौशी बार्दलि छन् सबै वरिपरी राम्रा ति छाँट् काँटमा.

झण्डा छन् रङ्‌विरङ्‌का उपर उपरमा रत्न झल्कीरहेका,
गुम्मज् छन् ठाम ठांमा किसिम किसिमका सिप् लगाई बनेका;
बुर्जा छन् जुन् महल्मा तरहतरहका गोल छन् कोहि बुर्जा,
कोही छन् चारपाटे नजर गरिलिंदा को परोईन मुर्छा.

… तस्वीर् छन् सब देवतादिहरुका खोपी सबै ठाँममा,
छन् कारीगरि वर्णनीय सब ठां कं छैन क्यै काममा;
फुल्का छन् लहराहरू मनहरा सौन्दर्य खोपीमहाँ,
सुन्दकुञ्ज भवन् छ बिच्चिबचमहाँ फल्फुल् झुलेका जहाँ.

फुलका झुल छन् अनेक् जहाँ,
… परि धुं छन् गरि सौख हर्घडी;
सुर मन्दिर छन् भवन्महाँ,
महलका चउतर्फ घडी घडी,

In Public domain. Digitization Muthulakshmi Research Academy

सकल पल्टन घुंछ चपट् धरी;
नृपतिको हुकुमै शिरमा धरी,
भवनको अति याद गरी गरी.
छन् चारईतिर महल्हरु शोभियेका,
राता निला र हरिया शुकिला पहेंला;
बिचमा छ सिंहदरबार इनीहरूको···

कैलाशबाग

कैलाशबाग छ उपर् अरू शोभियेको, कैलाश पर्वत झनी भइ नां रहेको;
सुख् भोग रूपि बरषा गरने बखत्मा, छन् फोहराहरु पनी रमणा तखत्मा.
कैलाशबाग उपर् गएर ह्यरदा नेपालका सब् कुरा,
देखीने यक एक् गरी नभुलि क्यै जस्मा छ कां सब् पुरा;
खुब् ऊँचो भइ हर्बखत् सिरिसिरी श्रीवाग्मती माइको,
हावा लागिरहन्छ सब् तखत भर् आनन्द दीई बडो.

अरु हावाघर हरू

कोही घर् छ पहाडका सकलको क्वै घर् छ लाम् अती,
चार्पाटे क्वहि क्वै बदामि क्वहि गोल छन् छैन खुन् एक् रती;
क्वै घर् छन् जलबीच पूलहरूले जाइन्छ जुन् घर्महाँ,
काही जङ्गल भित्र छन् घर सफा फुल्ले बनेका जहाँ.

रात् कैल्यै परदैन ती महलमा श्रीचन्द्र वत्ती बली,
उस्माथी परिहेरु नाचि घुमदा सक्को लिने मन् हरी;
फोहोरा चलछन् क्वही महलमा कोहीमहाँ छन् चरा,
क्वैमा वाद्य अनेक छन् क्वहिमहाँ जन्तू जनावर्बडा.

मेवा छन् क्वहि घर्महाँ क्वहिमहाँ मीठाइ जात् जातका,
खाँदा अमृत तुल्य छन् ति सब चीज् देख्दा पनी छन् सफा;
क्वैमा पान सुपारि छन् क्वहिमहाँ जात् जात् मसालाहरू,
क्वैमा अत्तर छन् हरेक्किसिमका क्वैमा त फल्फुलहरू

क्वैमा इञ्जनकल्हरू सकल छन् कांकाजमा कां दिने,
क्वैमा छन् जनफोहरा अति उचा दिन् रात जल् वर्षिने;
क्वै घर्मा पसदा वसन्तऋतु झैं हावा वहुत् लागने,
पस्दा क्वै घरमा हवा छइन एक् यो देखि मन् छक् हुने.

In Public domain. Digitization Muthulakshmi Research Academy

क्वै घर्मा पुग्दा शरदृऋतु झ्रौ गर्मी न जाडो हुने,
क्वैमा गर्मि छ ग्रीष्मकै घुप झ्रौ ठण्डा क्वहीमा हुने;
काँहीं जङ्गल छन् जनावरसहित् काँहि नहर् बग्दछन्,
छन् काँहीं पखरी अनेक्किसिमका रात्दिन् कमल् फुल्दछन्.

माछा छन् क्वहिमा अनेकरङ्का साना ठुला जातका,
ती माछाहरू खेल्दछन् पखरिमा गोल्गोल् मिली सर्वदा;
छन् हाँस्हेरू अनेक क्वै पखरीमा क्वैमा चखेवाहरू,
खेल्छन् रात्दिन ती बडा लहडमा क्वैमा जलेवाहरू.

त्यस्तै फल्फुल छन् हरेक्मुलुकका सारा बगैँचा भरी,
फुल्फुल्मा भ्रमराहरू भुनुनुनू गर्छन् मगन्मा परी;
खान्छन् फल् रुखमा ; बशी विनि विनी खुस्भै अनेकञ्चरा...
वरी परी हजुरका भवन्महाँ, नहर्फुहार चलछन मगन्महाँ;
छुटीरहेछ फुहरा तलाउमा झुलीरहेछ जलजन्तु मोजमा;
१. ॐ स्वस्ति ॥ श्रीश्रीजयरणजित्मल्लदेव प्रभु थाकुरसन, नकदेसया, प्रमान, सेष्ठ, पंच, प्रर्जायतां

२. भाखापत्र चोसे प्रस्न जुया भाखा थ्वते, ह्लाया दस्तुर जुक्क, श्री २ राजायता यायमाल उपरन मा-

३. लगुलि, बच्छि मूल बियाव काय, उपरान्त, प्रमान बुवालयता, ह्लाया दस्तुरथे बियमाल प्र-

४. र्जाया वस्तु हाखिम धकाव बलन कायमदु, बलन कालसा श्री२राजायके फेराद वयमा-

५. ल, प्रमान, दुवालया, ह्लगो गुगुल, प्रनित, उगुल बकस यायधुनो, सिपायि ह्लगो गुलि द-

६. ता, उलि दयकेमाल, मदतसा थ्व पत्र उरान जुरो, सिपायि तुत जुव ह्लाया तोहरा भाग बियमा-

७. ल, गुथ तधाङ संकत मजुयकाव हेनेमदु,. थ्वतेया दृष्टसाक्षि, भिमसाह प्रमुखन बेतिया सकरे-

१०. ङ, जगधर, प्रमुखन घाकल्या सकरेङ, प्रधानाङ्ग उपेन्द्रसिङ, लक्ष्मिनारायन जोवाल, भागिसिङ अ-

११. मलसिङ, भिम, लिखिति दैवज्ञ भाजुधन ॥सम्वत् ८८९ मार्ग्गशिल शुदि ४ ॥ श्रीशाके १६९१ ॥ शुभ ॥

बोडेको

१. स्वस्ति ॥ श्रीश्रीजयरणजित्मल्लदेव प्रभु थाकुलसन, श्रीधर्म्मपुलि देसया प्रमान, सेष्ठ, पंच, प्रजायता भा-

२. खापत्र चोसें प्रस्न जुया भाखा, थ्वते ह्लाया दस्तुर जुक्क श्री २ राजायता यायमाल, उपरन मालगुलि बच्छि मु

३. ल बियाव काय, उपरान्त प्रमान, दुवालयता ह्लाया दस्तुरथे बियमाल, प्रजाया वस्तु हाखिम धकाव

४. बलन कायमदु, बलन कालसा श्री २ राजायके फेरात वयमाल, प्रमान, दुवालया ह्लगोया गुगुल

५. प्रनित उगुल बकसय यायधुनो, सिपायि ह्लगो गुलि दता, उलि दयकेमाल, मदतसा, थ्व पत्र उरा-,

In Public domain. Digitization Muthulakshmi Research Academy

६. न जुरो, सिपायि तुत जुव ह्मया तोहरा भाग बियमाल, गुथ तवधाङ संकत मजुयकाव हेनेमदु, श्वते -

७. या दष्टसाक्षि लह्मवन्तसिं, जमानसिं, कमसाहि, नितसिं प्रमुखं बेतिया सकरेङ मधुवन धाकल्या सकरें प्रधानाङ्ग उपेन्द्रसिं-

८. ङ लक्ष्मिनारायन जोसराज, सिद्धिराम जोवाल, भागिसिङ अम(र)सिङ लिखित दैवज्ञ भाजुघन सं-

९. म्वत ८८९ मार्ग्गशिल शुदि ४ ॥ श्रीसाके १६९१ विक्रमाब्द १८२६ कलि ४८७० ॥ ॥शुभ॥

—०—

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

प्रकाशक—
संशोधन-मण्डल
महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२० कार्तिक-संक्रान्ति

मूल्य- मो. रु. १५०

मुद्रक-
जोरगणेश प्रेस प्राइभेट लिमिटेड
काठमाडौं

In Public domain. Digitization Muthulakshmi Research Academy



[बाह्रौं भाग]

सम्पादक–

रामजी तेवारी	धनवज्र वज्राचार्य
देवीप्रसाद भण्डारी	गौतमवज्र वज्राचार्य
भोलानाथ पौडेल	महेशराज पन्त
शङ्करमान राजवंशी	नयनाथ पौडेल



In Public domain. Digitization Muthulakshmi Research Academy

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण।

— वापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला।]

अभिलेख-संग्रह

बाह्रौं भाग

सम्पादक—

रामजी तेवारी
देवीप्रसाद भण्डारी
भोलानाथ पौडेल
शङ्करमान राजवंशी
धनवज्र वज्राचार्य
गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

In Public domain. Digitization Muthulakshmi Research Academy

विषयसूची

	पृष्ठ
विचार गर्नु पर्ने कुरा	१ –४
वक्तव्य	५ –६
चिकंमुगलको सरूपसिंह कार्कीको आभलेख	७
नन्दिकेश्वर बहालको घण्टाको सुवर्णप्रभाको अभिलेख	७
पुरानो गुह्येश्वरीको नरसिंह गुरुङको अभिलेख	८
नन्दिकेश्वर बहालको सुवर्णप्रभाको अभिलेख	८ –१२
पचली लक्ष्मीश्वरमन्दिरको लक्ष्मीदेवीको अभिलेख	१२–१५
बैतडी देवलहाटको अभिलेख	१६–१७
त्रिपुरेश्वरको घण्टाको ललितत्रिपुरसुन्दरीको अभिलेख	१६
गुह्येश्वरीको सिंहध्वजको अभिलेख	१६–१७
भीमसेन थापाको धरहराको अभिलेख	१७
भक्तपुरदरबार सुनढोकाको राजेन्द्रविक्रम शाहको अभिलेख	१७-१८
त्रिपुरेश्वरको ललितत्रिपुरसुन्दरीको सालिकको अभिलेख	१९
पचलीघाटको पाटीको शत्रुभञ्जन शाहको अभिलेख	१९–२०

In Public domain. Digitization Muthulakshmi Research Academy

विचार गर्नुपर्ने कुरा

अतथ्यान्यपि तथ्यानि दर्शयन्ति विचक्षणाः ।
समे निम्नोन्नतानीव चित्रकर्मविदो जनाः ॥

—व्यास

[चित्रकारीहरू सम्म जग्गामा पनि जसरी अग्लो होचो देखाइदिन्छन्, त्यसै गरी कुरा गर्न जान्ने मानिसहरू झूटो कुरालाई पनि साँचो कुरा जस्तै पारिदिन्छन् ।]

"केही मान्छेहरू भन्छन्–हामीले बताएको बाटोबाट हिंड्यौ भने १ काकिणीलाई १ लाख कार्षापण बनाइदिन्छौं । हतियारै नभए पनि सारा शत्रुलाई मारिदिन्छौं । एकलो मान्छेलाई पनि चक्रवर्ती राजा बनाइदिन्छौं । अनि त्यो मान्छेले यहाँहरूले बताउनुभएको बाटो कुन हो" भनी तिनीहरूलाई सोध्यो भने तिनीहरू बताउँछन्– त्रयी (वेद), वार्ता (कृषि, पाशुपाल्य, वाणिज्य), आन्वीक्षिकी (दर्शनशास्त्र), दण्डनीति (राजनीति), यी चार राजविद्या हुन् । यिनमा त्रयी वार्ता आन्वीक्षिकी यी तीन विद्या ज्यादै ठूलठूला छन् । यी विद्याबाट फाइदा पनि उस्तो छैन । अहिलेलाई यी विद्यालाई छोडिदिए पनि हुन्छ । पहिले दण्डनीति नै पढ । अहिले यो दण्डनीतिलाई आचार्य विष्णुगुप्तले (चाणक्य=कौटल्यले) मौर्य (चन्द्र गुप्त) लाई पढ्नाको लागि ६ हजार ग्रन्थमा (३२ अक्षरको १ ग्रन्थ हुन्छ) छोट्याएका छन् । यही विद्या राम्ररी पढी काम गरे, भने जस्तो काम गर्न सकिन्छ । अनि उसले हुन्छ भन्छ र सो विद्या घोक्दा घोक्दै, पढ्दा पढ्दै त्यो बूढो हुन्छ । फेरि दण्डनीति शास्त्रको अरू अरू शास्त्रसंग सम्बन्ध हुन्छ । सबै विद्या नजानीकन तत्त्व कुरा थाहा पाइदैन । भैगो, थोर बहुत समयमा दण्डनीति बुझिएला । शास्त्र पढेको मान्छेले पहिलेबाट आफ्ना जहान छोरा छोरीलाई पनि पत्याउनु हुंदैन । यति चामलको यति भात हुन्छ, यति भात पकाउन यति दाउरा चाहिन्छ भनी आफैलाई खान पनि नाप-तौल गरीकन दिनुपर्छ । उठ्नेबित्तिकै मुख पनि राम्रोसंग धुन नपाईकन नै, एक मुठी आधा मुठी खाएर राजाले दिनको पहिलो भागमा सारा आम्दानी खर्चको लगत सुन्नुपर्छ । आम्दानी खर्चको लगत सुनाउँदा सुनाउँदै पनि धूर्त अध्यक्षहरूले दोब्बर त बीचैमा खान्छन् । अधिकारीहरू ४० किसिमले सरकारी पैसा खान्छन् भनी चाणक्यले भनेकोमा यिनीहरू आफ्नो बुद्धिद्वारा पैसा खाने हजारौं उपाय निकाल्छन् । दोस्रो भागमा परस्परमा झगडा गर्न लागेका दुनियाँको चिच्याहटले कान टट्टाएका राजालाई बडो तकलीफ हुन्छ । त्यहाँ पनि न्यायाधीशहरू आफूखुशीसग कसैलाई मुद्दा जिताइदिने, कसैलाई हराइदिने गरेर राजाको टाउकोमा अपजस र पाप लाइदिन्छन्, आफूहरूचाहिं पैसा कमाउँछन् । तेस्रो भागमा नुहाउन र खान फुर्सद पाइन्छ । खाएपछि पनि सो नपचेसम्म खाने कुरामा विष परेको छ कि भन्ने डर भइरहन्छ । चौथो

In Public domain. Digitization Muthulakshmi Research Academy

भागमा नगद भित्र्याउनाको लागि हात पसार्दै उठ्नुपर्छ । पाचौं भागमा राजकाजको सल्लाह गर्दा गर्दा ठूलो कष्टको अनुभव गर्नु पर्छ । त्यसमा पनि भित्र भित्र मिले तापनि बाहिर नमिले जस्तो देखाएर मन्त्रीहरू गुणलाई दोष, दोषलाई गुण पार्छन्, दूत र जासूस-द्वारा थाहा पाइएका कुरालाई पनि एक थोकको अर्को थोक पार्छन्, सकिने नसकिने काममा पनि गडबड पार्छन् तथा देश काल अवस्थाको पनि ख्याल राख्तैनन्, यसरी आफ्ना मान्छे र अरू मान्छेबाट पनि फाइदा उठाउँछन् । आफ्नो देशमा र अरू देशमा भित्र-भित्रबाट आफ्ना राजाउपर असन्तोष फैलाएर बाहिरबाट चाहिं त्यो असन्तोषलाई शान्त पारे जस्तो गद आफ्नै राजालाई पनि विवश पारी मन्त्रीहरू अँठ्याउँछन् । छैटौं भागमा आफ्नो मन लागेको कुरा गरे पनि हुन्छ, राजकाजविषयकै सल्लाह गरे पनि हुन्छ । राजाले आफ्नो इच्छा लागेको काम गर्न पाउने समय यही पौने चार घडी (डेढ घण्टा) मात्रै हो । सातौं भागमा चतुरङ्ग (हात्ती घोडा रथ पैदल) फौजको हेरविचार गर्नु पर्छ (कवाजमा जानुपर्छ) आठौं भागमा सेनापतिसंग लडाइँविषयको सल्लाह गरी चिन्तित रहनुपर्छ । फेरि सन्ध्या गरेर रातको पहिलो भागमा जासूसहरूलाई भेट्नुपर्छ । ती गुप्त मानिसद्वारा हतियारले मार्न लाउने, आगो लाइदिने, विष खुवाउने आदि अतिनिठुरी काम गर्नु पर्छ । दोस्रो भागमा खाइसकेपछि विद्वान्ले जस्तै पढ्न थाल्नुपर्छ । तेस्रो भागमा बाजाको आवाज सुनी सुनी सुती चौथो र पाँचौं भागसम्म सुत्नू रे । हरबखत चिन्ता र परिश्रमले व्याकुल मन भएका विचरा यिनलाई निद्रा पो कसरी लाग्छ र ? । फेरि छैटौं भागमा विद्यासम्बन्धी विचार र अरू कामसम्बन्धी विचार गर्नु पर्छ । सातौं भागमा राजकाजसम्बन्धी सल्लाह गर्नु पर्छ र ठाउँ-ठाउँमा दूतहरू पठाउनुपर्छ । यी दूतहरू कस्ता हुन्छन् भने दुवैपट्टिबाट (आफ्ना राजापट्टि र आफ्ना राजाले आफूलाई दूत बनाई पठाएको देशका राजापट्टिबाट) मीठो मीठो कुरा गरी पैसा कमाउँछन् र तिनीहरूलाई भन्सार पनि नलाग्ने हुनाले त्यो पैसा व्यापारमा लगाई प्रशस्त पैसा कमाउँछन् । ती दूतहरू काम नभए तापनि अलिकति काम देखाएर सधैंभरि घुमिरहन्छन् । आठौं भागमा पुरोहितहरू आई भन्छन्– आज हजूरले खराप सपना देख्नुभएछ । ग्रहहरू खराप ठाउँमा बसेका छन् । शकुनहरू पनि नराम्रा छन् । शान्ति स्वस्ति गर्नु पर्‍यो । होम गर्दाखेरि चाहिने सबै सामानहरू सुनका हुनुपर्छ । यसो भएमा काम राम्रो हुन्छ । यी बाहुनबाजेहरू ब्रह्मा जस्ता छन् । यिनीहरूको हातबाट शान्ति स्वस्ति भए झन् असल हुन्छ । यिनीहरू गरीप छन्, धेरै सन्तान भएका छन्, राम्रोसंग काम गर्न सक्छन्, यज्ञ यागादि काममा लागिरहेका छन्, आजसम्म दान पनि पाएका छैनन् । यिनीहरूलाई दान दिइयो भने स्वर्ग गइन्छ, चिरंजीवी भइन्छ, अरिष्टको नाश हुन्छ। यसो भनेर यिनीहरूलाई धेरै धेरै दान दिलाएर त्यस बाटोबाट पुरोहितहरू सुइक्क आफू खान्छन् । त्यस कारणले यसरी दिनरात फुर्ती पनि आराम नपाइने, धेरै मिहिनेत गर्नु पर्ने, सधैं दुःख भोग्नुपर्ने यस्तो काममा फसेका नीति भने नजान्नेले चक्रवर्ती हुने कुरा त परै रहोस्, आफ्नै राज्य जोगाउन पनि उनलाई धौधौपर्छ । शास्त्र

In Public domain. Digitization Muthulakshmi Research Academy

जान्ने भनी कहलाएको मानिसले दिए पनि, मान गरे पनि, मीठो बोले पनि ठग्नलाई गरेको हो भनी अविश्वास गर्छन्। कसैले विश्वासै गरेनन् भने लक्ष्मी आउँदै आउँदिनन्। नीति नजानीकन लोकयात्रा चल्दैन भन्ने कुरामा पनि नीति भनेको लोकव्यवहारबाटै जानिन्छ, शास्त्र पढ्नुपर्दैन। दुधे बालक पनि जुनसुकै उपायले पनि आमाको दूध चुस्न खोज्छ। त्यस कारण दुःख गर्ने कुरा छोडनुहोस्, मन लागे जति मोजमज्जा गर्नुहोस्। यसरी इन्द्रियलाई कब्जामा राख्नुपर्छ, यसरी अरिषड्वर्ग (काम क्रोध लोभ मोह मद मात्सर्य) जित्नुपर्छ, यसरी सधैं आफन्त र परचक्रीहरूमा साम दान भेद दण्ड यी उपायको प्रयोग गर्नुपर्छ, कोसंग मेल गर्ने कोसंग झगडा गर्ने भन्ने चिन्ता गरेर समय बिताउनुपर्छ, ऐश आरामको लागि अलिकति पनि मौका दिनु हुँदैन" इत्यादि भनी जो मान्छेहरू उपदेश दिन्छन्, ती बकुल्लाभगत मन्त्रीहरू पनि हजूरलाई ठगेर कमाएको सम्पत्ति कमारीका घरमा बसी सिद्ध्याउँछन्। यी विचराहरू त के हुन् र? खूप शास्त्र जान्ने, शास्त्र बनाउने शुक्र आङ्गिरस विशालाक्ष बाहुदन्तिपुत्र पराशर आदिले के अरिषड्वर्गलाई जितेका थिए? के तिनीहरूले शास्त्रले बताएबमोजिमको काम गरेका थिए? तिनीहरूले गरेका काम पनि केही सफल भए, केही असफल भए। पढैया धेरै मानिसहरू पनि अपढहरूबाट ठगिएका छन्÷।"

(दण्डीको दशकुमारचरितको अष्टम उच्छ्वासको केही भागको भावानुवाद)

÷ कौटल्यले १ दिन =६० घडी = २४ घण्टालाई १६ भागमा बाँडेका छन्। यस कारण एक भागमा पौने चार घडी = डेढ घण्टा = ९०मिनेट पर्न आउँछ। कौटल्यले राजाको कार्यक्रम यसरी दिएका छन्—

बिहान– ६देखि ७।३० बजेसम्म पुलीसविभाग र अर्थविभागको कुरा सुन्ने
७।३० देखि ९ बजेसम्म विन्तिपत्र सुन्ने
९ देखि १०।३० बजेसम्म नुहाउने, खाने, पुस्तक हेर्ने
१०।३०देखि १२ बजेसम्म नगदको जाँच गर्ने, हाकिमहरूसंग भेट्ने

दिउँसो–१२ देखि १।३०बजेसम्म मन्त्रिपरिषद्को बैठक
१।३० देखि ३ बजेसम्म आरामी गर्ने वा विचार गर्ने
३देखि ४।३०बजेसम्म कवाजमा जाने
४।३० देखि ६ बजेसम्म सेनापतिसंग बसी रक्षाविभागको विचार गर्ने साँझमा सन्ध्या गर्ने

बेलुका– ६ देखि ७।३०बजेसम्म गुप्तीविभागलाई भेट्ने
७।३०देखि ९बजेसम्म नुहाउने, खाने, पुस्तक हेर्ने
९ देखि ३ बजेसम्म बाजाको आवाज़साथै सुत्ने र बाजाको आवाजसंगै उठ्ने, निद्रा खुलेमा विचार गर्ने

In Public domain. Digitization Muthulakshmi Research Academy

यहाँ विहारभद्रले जुन कुरा बोलेका छन्, सो कुरा शास्त्र पढेकाहरूको र खुद शास्त्रका पनि निन्दा गर्न भनी बोलेका हुन् । झ्वाट्ट हेर्दा उनको कुरा साँचो जस्तो पनि देखिन्छ ।

दशकुमारचरित आख्यायिका (उपन्यास) हो । यस कारण यसका पात्रहरू कल्पित व्यक्ति हुन् । यसो भए तापनि कुरा बङ्ग्याई काम पट्याउने मनुष्यको चित्र यहाँ देखाइएको छ ।

संशोधनमण्डलले अहिलेसम्म १४४ वटा अभिलेखहरूलाई प्रकाश गरायो । अब तिनका व्याख्याहरू पनि प्रकाश गर्ने वेला भयो भन्ने संझी हाम्रा सम्पादकहरूले सोही-बमोजिम गर्ने निश्चय गरेका छन् । यो शुभलक्षण हो । तर यहाँनेर एउटा कुराको मलाई शङ्का लागिरहेछ । सो के हो भने विद्याको नामबाट अविद्या फैलाई छोरा नातिसम्मलाई पुग्ने सम्पत्ति जोड्न लागेका मनुष्यहरूलाई संशोधनमण्डल आँखाको काँढो बनेको छ । किनभने केही नलेखेर बसूँ भने यत्रा विद्वान् भएर पनि तपाईंले पुस्तक किन लेख्नुनभएको ? भनी दुनियाँ ख्याउँ-ख्याउँ गर्छन् । आफ्नो पुरानै बानीअनुसार पुस्तक लेख्दै जाऊँ भने संशोधन निस्कन्छ । आफू पनि परिश्रम गरी शुद्ध ग्रन्थ लेख्ने उद्योगमा लागूँ भने परिपक्व गरी चकाचक पैसा बटुल्ने आफ्नो काममा बाधा पर्छ भन्ने संझी उनीहरू गोल बाँध्न लागेका छन् । यस अवस्थामा स्वार्थरक्षाको लागि उनीहरूले कस्तो कस्तो काम गरे तथा गर्दैछन् भन्ने कुरालाई अनुभवले हाम्रा सम्पादकहरूलाई बताएकै छ । यस कारण हाम्रा सम्पादकहरूले आफ्नो कामलाई सफलै पार्ने विचार गरेका छन् भने आफूमा रहेको कमजोरी-लाई जाँची जाँची हटाउनैपर्छ ।

मुनिरस्मि निरागसः कुतो मे भयमित्येष न भूतयेऽभिमानः ।
परवृद्धिषु बद्धमत्सराणां किमिव ह्यस्ति दुरात्मनामलङ्घ्यम् ॥

—भारवि

[म ऋषि हुँ, मैले कसैको केही बिगारेको छैन भन्ने अहङ्कार गरी बस्दा भलो हुँदैन । अरूको उन्नति देखेर दहाडो गर्ने दुर्जनहरूले के पो गर्दैनन् ।]

२०२० माघसंक्रान्ति — नयराज पन्त
संशोधनमण्डल
महाबौद्ध काठमाडौं नेपाल ।

विहान— ३ देखि ४।३०वजेसम्म सल्लाह गर्ने र जासूसहरूलाई खटाउने

४।३० देखि ६ बजेसम्म गुरु पुरोहित, वैद्य, ज्योतिषी, भान्सेहरूलाई भेट्ने र दान धर्म गर्ने

यस कार्यक्रमअनुसार साढे१३ घण्टाको काम र साढे १० घण्टा फुर्सद मिल्छ । यो सामान्य नियम हो । यसमा आफ्नो शरीर हेरेर फेरफार गर्ने अनुमति पनि कौटल्यले दिएका छन् । (कौटलीय अर्थशास्त्रको १ अधिकरण १९ अध्याय हेर्नुहोस्)

यहाँ कौटल्यलाई उल्लू बनाउन, कौटल्यको कुरालाई बङ्ग्याई विहारभद्रले वोलेका हुन् ।

In Public domain. Digitization Muthulakshmi Research Academy

वक्तव्य

अभिलेखसंग्रहको यस बाह्रौं भागमा शाहकालका १२ वटा अप्रकाशित अभिलेख पारेका छौं । यस कालका धेरैजसा अभिलेख संस्कृतसन्देश, इतिहासप्रकाश आदिमा प्रकाशित भइसकेका छन् । यस कारण यस भागमा हामीले चिताए जस्ता अभिलेख पार्न सकेनौं । तैपनि यस भागमा परेका यी १२ वटा अप्रकाशित अभिलेखले पनि कुनैनकुनै प्रकारले तात्कालिक इतिहासलाई केही अंशमा भए पनि प्रकाशमा ल्याइदिने हुनाले यत्तिकैमा सन्तोष मान्नुपरेको छ ।

यिनमा पहिलो अभिलेख सरूपसिंह कार्कीको हो । उनले चिकंमुगलमा आफ्नो लागि वि. सं १८३३ मा ठूलो घर बनाई त्यसको नाउँ 'जयमन्दिर' राखी यो अभिलेख राख्न लाएका हुन् । पृथ्वीनारायण शाहले आफ्नो जीवनभरको अनुभव र उद्योगद्वारा चलाउन खोजिएको सिद्धान्त र कार्यपद्धतिमा उनको देहावसान हुने बित्तिकै आघात पुऱ्याउन थालिएको संकेत यस अभिलेखबाट हामी पाउँछौं । देशको निर्माण गर्नेतिर लम्कनुपर्ने अवस्थामा भारादार, सिपाही, कर्मचारी वर्ग आदि विलासमा भुले भने त्यो देशको विकास हुन सक्दैन भन्ने कुरा ३२ वर्षसम्मको आफ्नो निरन्तरको उद्योग र त्यसबाट भएको अनुभवले पृथ्वीनारायण शाहको मनमा जमेको थियो । यसैले—

"क्या चुनी सिपाई भया क्या भैभारादार भया इनलाई दवलथ कामाउन नदिनु आदमी हेरि हुर्मत् मात्रै राषी दिनु, क्यान भनौला दवलथ् भयाकाले तरबारमा पसि मर्न मानं सकैनन् र हरिपको चपक् हुन्छ, सिपाहि भै भारादारले स्वष :गरेनन् भन्या चारै षुट्मा मेरो तरवार बजन्यैछ, स्वषमा पस्यो भन्या मेरा साना दुषले आर्ज्याको मलुक होईन··· उप्रान्त ॥ मलाई यवटा कुराको संध्यह लागि रहेछ— कुन्कुरो भन्या मुग्लाना नजिकै रहेछ तेस् जग्गामा छोकडा पत्रीया रह्याछन्. चित्रकार भन्याको कोठामा ढोलक सितार राग तान्मा भुल्नन्. राग तानमा बडो ठूलो मोहो हुन्छ र दबलथ पनि षोलिन्छ···रागको अभ्यास् पनि कसैले नगर्नु···"

इत्यादि कुरा पृथ्वीनारायण शाहले बोलेर गएका छन् । परन्तु उनको मृत्यू हुने बित्तिकै भारादारहरूमा बडे बडे घर बनाई आफ्नो आफ्नो घर खेतको बन्दोबस्त गर्ने होड चलेका देखिन्छ तथा यसरी भारादारहरूले मेरो घरमा सधैं नर्तकीहरूको नाच गान चलिरहोस् [नृत्यन्तु वाराङ्गनाः] भन्ने कामना गरी त्यसलाई अभिलेखमा समेत कुँदाएर राख्नु पृथ्वीनारायण शाहको मनोवृत्तिको एकदम प्रतिकूल कुरा थियो । हुनत सरूपसिंह कार्की उठानदेखि पृथ्वीनारायण शाहकोसहवास पाएका उनका विश्वासपात्र व्यक्ति देखिँदैनन्। पृथ्वीनारायण शाहको समयमा उनले कुनै उल्लेखनीय काम गरेको थाहा पाइएको छैन । प्रताप-

In Public domain. Digitization Muthulakshmi Research Academy

सिंह शाहको शासनकालमा आएर सरूपसिंह कार्की शक्तिशाली काजीको रूपमा पुगेका हुन् । यसैले पृथ्वीनारायण शाहको नीतिको छाप उनको मनमा राम्ररी नपर्नु त्यति आश्चर्यको कुरा छैन । परन्तु अभिमानसिंह बस्नेत आदि भारादारहरू त पृथ्वीनारायण शाहकै देखरेखमा हुर्केर देशनिर्माणकार्यमा पनि निकै अघि बढेका पुरुष हुन् । तर पनि साधारण मनुष्यमा हुने 'आफ्नो केही बन्दोबस्त होस्' आदि कुराले तिनीहरूमा पनि असर पारेको थियो भन्ने कुरा सरूपसिंहले 'जयमन्दिर' बनाएकै साल अभिमानसिंह बस्नेतले पनि बडेमाको 'मानमन्दिर' बनाएकोले देखाउँछ । अझ त्यसमा रहेको अभिलेखले त यस विषयमा बढ्ता कोट्याउनुपर्ने स्थितिमा हामीलाई पुऱ्याउँछ । सरूपसिंहले यहाँ आफ्नो अभिलेखमा जुन भाव व्यक्त गराएका छन्, त्यहीं भाव शब्दान्तरद्वारा मानमन्दिरको अभिलेखमा पनि व्यक्त गरिएको छ× । दुवै अभिलेखका रचयिता पण्डित एउटै हुन गएर पनि यसो भएको हुन सक्छ । परन्तु अभिलेख राख्न लाउनेको मनसाय केही बुझ्दै नबुझीकन नै कविले मात्र यस्तो भाव पोखेको हुनु अलि गाऱ्हो छ । जे होस्, पृथ्वीनारायण शाहको देहावसान हुने बित्तिकै उनको नीतिको ठीक ठीक अनुसरण हुन छोडेको संकेत यताबाट पाइन्छ ।

यसै गरी यस बाऱ्हौं भागमा परेका अरू अभिलेखहरूले पनि तात्कालिक कुरालाई प्रकट गर्छन् ।

—सम्पादकहरू

× संस्कृत-सन्देश १।५ मा मानमन्दिरको सो अभिलेख योगी नरहरिनाथ द्वारा प्रकाशित भएको छ ।

In Public domain. Digitization Muthulakshmi Research Academy

चिकंमुगलको सरूपसिंह कार्कीको अभिलेख

काठमाडौं चिकंमुगलटोलमा अटकनारायणको मन्दिरभन्दा अलि पर गएपछि पुराना छाँटका घर भएको ठाउँ आउँछ। त्यहाँ बायाँपट्टि छेडोबाट भित्र पसेपछि एउटा चोक आउँछ। त्यस चोकको उत्तर पट्टिको लङमा भित्तामा यो अभिलेख▭ कुँदिएको शिलापत्र टाँसी राखिएको छ। यसको बीच भागमा गणेशको मूर्ति छ। मूर्तिको दायाँ बायाँ यो अभिलेख कुँदिएको छ। यसको अभिलेख कुँदिएको भाग एक हात २० अङ्गुल लम्बा, १८ अङ्गुल चौडा छ। यहाँ शकसंवत् १६६८ दिइएको छ।

१. श्रीगणेशाय नमः ॥ ॥ श्रीशाके न- गनन्दभूपतिमिते १६६८ वारे
२. गुरौ चोत्तराभाद्रे वै हरिबोधनी- शुभतिथौ मासे तथा कार्ति-
३. के ॥ चन्द्रे मीनगते गुरौ शुभगते शुद्धे तथा भार्गवे श्रीमत्श्रीजयमं-
४. दिरस्य रचना विस्तीर्ण्णमारब्धवान् ॥१॥ श्रीगोर्षाचलभूपतेरनुचरः
५. सन्तोषिताऽऽभूनरः ॥ पक्षे शीत- करः परेऽहितकरः श्रीकीर्त्तिसिहा-
६. ऽवरः नाम्ना मन्त्रिसरूपसिहनृव- रो गीते स्वयं शङ्करः पूर्णेस्मिञ्जय-
७. मन्दिरे विजयते सम्भाव्यलम्बोदरः ॥ ॥२॥ वल्गन्तां हयकुञ्जराः प्रतिदिशं नृ-
८. त्यन्तु वाराङ्गनाःपठ्यन्तां स्तुतिगाथकाः प्रतिदिनं गर्ज्जन्तु पौराणिकाः ॥ वर्द्धान्तां निज-
बालकाः स्वपुरुषं
९. सामन्तिनी स्पर्द्धतां निःशङ्कञ्जयमन्दिरे निवसतां संशन्तु कीर्त्तिञ्जनाः ॥३॥ शुभमस्तु ॥

—०—

नन्दिकेश्वरबहालको घण्टाको सुवर्णप्रभाको अभिलेख

नक्साल नन्दिकेश्वरबहालको पश्चिमपट्टि एउटा घण्टा रहेको छ। त्यसमा यो अभिलेख कुँदिएको छ। यहाँ वि. सं. १८५८ दिइएको छ।

१. श्रीनन्दिकेश्वराय नमः ॥ गजबाणाष्टविधुभिर्म्मिते १८५८ विक्रमवत्सरे ॥ आषाढशुक्ल-
पञ्चम्यां गीष्पतेर्वासरे शुभे ॥१॥ सुवर्णप्रभया राज्या नन्दिकेश्वरतुष्टये ॥ घण्टा समर्पिता भक्त्या यथोक्तफलऌब्धये ॥२॥ संवत् १८५८ शाल आषाढ शुदि पञ्चमी बृहस्पतिवारका दिन श्री ३ नन्दिकेश्वर सदाशिव प्रीति गरी श्रीसुवर्णप्रभा माहारानीले देवल बनाई घंट चढायाको हो. कसैले लोभ गऱ्या पंचमाहापातक लागस् मार्फत को-
२. केलु पुत्रेइ लु-नतवल थाँनि ··· थ्व घंथ ज्याकल यलन कबहालया श्रीतमोधिकजु श्रीघ-
नविधिजु शुभमस्तु (स)वंदा ॥

▭श्रीबखतमानसिंह बस्नेतले हामीलाई यो अभिलेख देखाइदिनुभएको हो।

In Public domain. Digitization Muthulakshmi Research Academy

पुरानो गुह्येश्वरीको नरसिंह गुरुङको अभिलेख

बालाजुबाट पाउभर उत्तरतिर 'पुरानो गुह्येश्वरी' भनी प्रसिद्ध देवस्थल छ। त्यहाँ गुह्येश्वरीको मूर्तिको सामुन्ने पूर्वपट्टि पर्खालमा यो अभिलेख कुँदिएको शिलापत्र टाँसी राखिएको छ। यहाँ वि. सं. १८६० दिइएको छ।

१. स्वस्ति ॥ आकाशेशसुताननेभवसुधासंशोभिते हायने ज्यैष्ठे मा-
२. सि सितेऽन्तकस्य सुतिथौ भौमे तथा वासरे ॥ प्राकारं परितः प्र-
३. कल्प्य विमलं गुह्येश्वरीप्रीतये हर्म्यं चारु वृषप्रदं समकरोद्गु-
४. रुत्या नृसिंहाभिधः ॥१॥ अथ देशभाषा ॥ श्रेयोस्तु ॥ सम्वत् १८
५. ६० साल ज्यैष्ठ शुदि १० रोज ३ एस् दिनमा श्री ३ गुह्येश्वरी प्रीति-
६. निमित्त श्रीकाजी नरसिंहले भक्तिपूर्व्वक यो पर्खाल धर्म-
७. शाला बनाऔं, शुभं भूयात् ।

(यस शिलापत्रको तल्लो भागमा कुँदिएका ७ मूर्तिमा क्रमैले—)

श्रीनरसिंह श्रीपद्मादेवी श्रीसत्यादेवी श्रीलाजसिंह श्रीभूपालसिंह श्रीरत्नभूप,सिंह श्रीमेनादेवी

—०—

नन्दिकेश्वरबहालको सुवर्णप्रभाको अभिलेख

नक्साल नन्दिकेश्वरबहालभित्र मन्दिरको पश्चिमपट्टि घण्टासँगै यो अभिलेख कुँदिएको ठूलो शिलापत्र रहेको छ। यस अभिलेखमा माथि संस्कृतभाषामा तल नेपालीभाषामा कुरा परेका छन्। परन्तु अभिलेख कुँद्नेको प्रमादवश यस अभिलेखको संस्कृत भागमा अर्थको अनर्थ गर्ने धेरै अशुद्धि परेका छन्। यो अभिलेखका रचयिता पण्डित वाणीविलास पाँडेलाई आफ्नो रचना यसरी अशुद्ध रूपमा कुँदिंदा पीर परेको देखिन्छ। यसैले अर्को शिलापत्रमा संस्कृत भाग शुद्ध रूपमा कुँदाई मन्दिरको उत्तरपट्टि राख्न लाइएको छ। त्यस वेला नेपाली भाषाको व्याकरण नबनिसकेको हुँदा नेपालीमा अशुद्धि परे पनि औंला उठाउने कोही नहुने हुँदा नेपाली भागको चाहिं शुद्ध पाठ कुँदाउने आवश्यकता संझिएको देखिदैन।

यस कारण यहाँ संस्कृत भाग उत्तरपट्टिको शुद्ध पाठ भएको शिलापत्रबाट दिइएको छ। यसो गर्दा यहाँ पंक्ति दुइ थरी पर्न गएका छन्। पश्चिमपट्टिको शिलापत्रको अभिलेख कुँदिएको भाग १ हात १८½ अंगुल लम्बा, १ हात १३ अङ्गुल चौडा छ। उत्तरपट्टिको शिलापत्रको अभिलेख कुँदिएको भाग १८½ अङ्गुल लम्बा, १८ अंगुलचौडा छ। यहाँ वि सं. १८६५ दिइएको छ।

In Public domain. Digitization Muthulakshmi Research Academy

(उत्तरपट्टिको शिलापत्रपाट)

१. श्रीगणपतये नमः ॥ ॥ पृथ्वीनारायणोऽभून्नृपमुकुटमाणश्रेणनीराजिताङ्घ्रिर्वैरिव्रा-
तप्रतापज्वलदनललस-

२. ज्ज्वालशान्त्यम्बुपूरः ॥ एतस्य प्रस्नुषेयं जयति नृपमणेः सत्स्नुषा श्रीप्रतापसिंहस्योदग्रते-
जोनृपतिरणबहादूरसाहस्य भार्या

३. ॥१॥ नेपालेऽत्र विभाति कान्तिनगरे नाम्ना सुवर्णप्रभा रूपेणाऽनुपमा मनोगतविदा
प्राणप्रिया स्वामिनः ॥ पूर्वोपा-

४. र्जितपुण्यपुञ्जवशतो नानागुणालीमणिश्रेणिमण्डितमूर्त्तिरग्र्यमहिषी सिंहासनाध्यासिनी
॥२॥ याऽऽस्ते गोद्विजदेव-

५ तार्थमसुभृद्धर्मैकचर्यापरा दीनानाथदयावती मतिमती नारायणाराधिका ॥ शम्भुश्रीगि-
रिजादिदैवतगणाभेदेन यत्पा-

६. लिते राज्ये नो करभार आस्थित इह स्वानन्दयुक्ताःप्रजाः ॥३॥ यस्या अस्ति च मुक्ति-
नाथसविधे श्रीधर्मशाला परा यस्या यात्रि-

७. कलोकसन्ततिमुदे भात्यत्र सत्रं सदा ॥ श्रीमद्भागवतार्थसंश्रणतः सञ्जातसज्ज्ञानतः सारा-
सारविवेचनेन निखिलस्व-

८. प्नायितं यद्दृशि ॥४॥ अभूतां यत्पुत्रौ सुकृतफलरूपौ निरुपमौ सदा धर्मासक्तौ नय-
विनययुक्तौ जनमतौ ॥ रणोद्योतः

९. साहोऽग्रजनुररिवर्गोग्रमहिमा गुणग्रामोदग्रोऽजनि समरसेरस्तदनुजः ॥५॥ एतौ प्रेमणि
रामलक्ष्मणसमौ नाराय-

१०. णाराधने प्रह्लादध्रुवसच्चरित्रलसितौ कन्दर्पदेवोपमौ ॥ सौन्दर्य्येऽत्र विलोक्य यौ रिपु-
गणा भ्रष्टास्त्रशस्त्रा ह्रिया संनम्रा अपि मु-

११. क्तनीविवसनास्तारुण्यघूर्णाङ्गनाः ॥६॥ श्रीमद्भागवतस्य शास्त्रविधिना सप्ताहयज्ञे कृते
पुत्राभ्यां युतयाऽनया गृह-

१२. महीहैमाम्बरैरर्पितैः ॥ दासीदासगजाश्वहैमवलयैर्मुक्ताफलस्तोषितो वक्ताऽन्ये च धनैर्व-
दद्भूतमिहैतत्तिकपचो गोपरः

१३. ॥७॥ श्रीनन्दीश्वरदेवमन्दिरमिदं नानेन्दिरासुन्दरं श्रीमन्नेत्रचकोरचन्दिरमुपयु द्धे मकु-
म्भान्वितम् ॥ निर्माययात्र च सं-

१४. स्कृतस्त्रिजगतीनाथः शिवोऽभ्यर्च्यते द्वारा विप्रजनस्य सोत्सवमहो राज्ञ्याऽनयाऽहर्नि-
शम् ॥८॥ यस्या देवालयस्याभि-

१५. त उपरचिता धर्मशाला विशाला वासायानाश्रयाणां विलसति नितरामन्नसत्रं च यत्र
दीनाऽनाथान्धखञ्जा-

In Public domain. Digitization Muthulakshmi Research Academy

१६. तिथिवधिरबुभुक्षातुराभ्यागतादिप्रीत्यै केनात्र वर्ण्या नृपवरमहिला श्रीसुवर्णप्रभेयम् ॥ ९ ॥ निर्मायात्र सम-

१७. पिता भगवते राज्याऽनया शम्भवे सत्पुष्पा सुफलस्तनाऽलिकुलसत्केशाङ्गिनवीना वरा ॥ उत्कृष्टावरणा समीक्षकजना-

१८. नन्दप्रदा राधिका देवस्य प्रमदेव भाति निकटे वाटी मनोहारिणी ॥ १० ॥ राज्ञ्या निर्माय भूरिद्रविणवितरणैः स्नानपा-

१९. नावगाहाद्यर्थं भूतव्रजेभ्यो जयति भुवि समुत्सृष्ट एषोऽतिरम्यः ॥ नानाशिल्पैस्तडागो नृपतिरिव नयी जीवना-

२०. धारभूतो गंभीरोऽच्छः सुशीतो गुणगणलसितः पात्रदस्तापहर्ता ॥ ११ ॥ शाके त्रिशम्र-गेन्दु १७३० प्रमितिम-

२१. ति शुचौ मासि पक्षेऽसितेऽन्त्ये भे योगे शोभनाख्ये दितिजगुरुदिने सन्मुहूर्ते नवम्यां ॥ प्रीत्यै देवस्य धर्मोद-

२२ वसितसरसीवाटिकानां प्रतिष्ठां कृत्वा सर्वं न्यवेदीन्नृपवरवनिता श्रीसुवर्णप्रभेयम् ॥ १२ ॥ निर्मायात्र निके-

२३ तनं च परमं संकष्टनिर्मूलिनीं स्पर्शालोकनकीर्तनस्मरणतो लोकस्य भक्तेष्टदाम् ॥ अस्मिन्नेव दि-

२४. ने शुभे सुरवरैरर्च्यार्चितां संकटामूर्त्तिं स्थापितवत्यसौ सुविधिना राज्ञी सुवर्णप्रभा ॥१३॥ इह नवत्यधि-

२५. काष्टशतीमुरि व्यवहृतं विधुमौलिमुदेऽनया ॥ अनुदिनान्नविसर्जनवाञ्छया सजलवप्रमदो विनि-

२६. वेदितम् ॥१४॥ यदवधि स्थिरतां भवति क्षितिर्दिनकरो रचयत्यपि वासरान् ॥ तदवधि क्षितिपाल-

२७. मृगीदृशः स्फुरतु कीर्तिरियं वसुधातले॥१५॥वाणीविलासबुधकीर्तितकीर्तिमालां राज्ञ्या इमां

२८. श्रवणसौख्यकरीं निपीय ॥ लोको विलोक्य च कृतिं शमिहाऽस्त्वमुत्र चेत्या।शर्षं भुवि ददातु ससूनु-

२९. राज्यै ॥१६॥ इति संवत् १८६५ साल मिति आषाड वदि ११ रोज १ शुभम् ।

(पश्चिमपट्टिको शिलापत्रबाट)

२१. ··· और देवल धर्मसाला पाति हिटि वारि पोषरीको चिताई गर्नालाई सदावर्तको गुठियार ··· ···

२२. जना २ ले सिलापत्रमा ल्येष्याको तावापत्रबमोजिमका गुठि जगाको आम्दनि नगदि अन्नले नित्यनैमित्य वर्षबन्धनको षर्च सदावर्त चलाऊ-

In Public domain. Digitization Muthulakshmi Research Academy

२३. नुः॥ नन्दीग्राम लगा सम्पत् सर्व्व रकम् माफ गरि तहलुवा गाऊ १ गुजरांति बाजा
६ नगारा कर्नाल् २ चोक बढान्या कुसल्या २ रः सुनागु-

२४. ठि वेषाहिटी षेत् रोपनि २२२॥ के कुत चावल मुरि २२२। १०।० गहु कुत मुरि ४४।१०।०
पराल मोल कुट रुपैया ६।॥≡। चोष्येलदिहि रोपनि ४४॥

२५. के कुत् धान् मुरि २४।१।० घिऊषानि रुपैया २२। यति आम्दनिले सदावर्तको षर्च
चलाउनु ॥ ॥ भेकि सन्तजनके जना २१ के दिनक्क

२६. पाथि ४ का दरले मैह्ना १ के मुरि ६ वर्ष १ के मुरि ७२ दाल् दिनको मना २ मुथि
१ को दरले वर्ष १ के चावल मुरि ८।८ तुन् दिनको १ मानाका द-

२७. दरले वर्ष १ के मुरि २।५।० के चावल मुरि ११।११।७ बेसार दिनको ५ मुठिको दरले
वर्ष १ को मुरि १।२।४ को चावल मुरि १।१६ घिऊ दि-

२८. नको २१ तोलाको दरले वर्ष १ को धार्नि ३५ के चावल मुरि ११।१५।४ पात दिनको
दुइ पैसाको दरले वर्ष १ को रुपैया ११। ताके चावल मुरि ४

२९. ।१०।० हडिया दिनको २१ का दरले वर्ष १ के ७५६० पान्या कुह्मालके बालि मुरि
१०।१० चावल बोकन्याके सिधा मुरि १।१० वारिका चिताई

३०. दार २ के मुरि ७ गुठियार २ के मुरि १८ वहिदार १ के मुरि ७ पानि बोकन्या
२ के १० तहलुवा २ के मुरि १० सदावर्तको दारु-

३१. वा बोकन्या २ के सिधा मुरि १०।१० वानादार २ के मुरि ७ गु.ठषेतको मोहिनाईक्या
२ के मुरि ६ सदावर्तको चावल फल्दाको घट-

३२. ति मिनाहा मुरि ७।१५।० ॥ ॥ श्रीशंकटाको नित्य नैमित्य वर्षबन्धनका
पूजाके वलि चन्धं. धुप सिन्दुर सुपारि. धागो, नैवेद्य जज्ञ

३३. को सराजाम् गैल्हको षर्च वर्ष १ के रुपैया २९ के पाथि ८ को भावले मुरि ११।१२।
पुजाहारा अचार १ के चावल मुरि ४। काठमाडौं

३४. वतुसालको तेलमध्य बति भिजाउनाके पाथि ३ बाति बाल्नाके पाथि ६ ॥ ॥
बाकि धान चावल गहुँ मध्ये सिवरात्रि रोजिन्दा बाहि-

३५. क रोजिन्नाका सराजामवमोजिम भेकि सन्त ६०० के सिधा डेढ मानाका हिसापले
चावल मुरि ५।१२।४ हाडि पात नुन दाल घिउ ह-

३६. र्दि दारुवा भोजके ज्मा रुपैया १२ हार्दि ६०० के रुपैया २।-॥ घिउ धार्नि ६ सेर
२ के रु ५।=॥। नुन् मना १० के रु ॥≡॥ मास् पाथि ३ म-

३७. ना ३ के रु ॥=॥। हर्दि मना ४ के रु =पात् रु ≡॥ भोजके रु २ ॥ ॥ श्रीजयवागेश्व-
रिको जगा रोपनि १॥। पौने दुइ फुलवारिमा आउदा

३८. तस्को बालि धान मुरि १।१०। सालवसाल भरिदिनु श्रावनभर महिना के रोजको
पाथि ३ को दरले परेवा चुवाउनाके धान् ज-

In Public domain. Digitization Muthulakshmi Research Academy

३९. मा मुरि ४।१०। नन्दीग्रामको दन्द कुन्द पैदावार अपुतालिको नगद जिनिस् बाल्
 खेत्को बालि सुनागुठिका मोहि-
४०. ले ल्याऊन्या दारुवा भारि ३५ के रुपैया ४।= चारदां ठेकिको रु २।ˉ बारिका सिधामा
 झिक्याको चावल मुरि १ पोषरी सोह-
४१. र्याको षाजा मुरि ४ यतिल्य पवित्रारोहमा रु. २७॥ˉ॥।१ लाई षर्च गर्नु त्यतिल्य
 पुगेन भन्या भंडारबात षर्च लाऊनु यो आ-
४२. म्दानि षर्च गुठियार रकमि बसि सालिन्ना बहिमा ल्यषाउनु बाकी रह्याको नगद धान
 चावल गहुं गुठका चावल बेच-
४३. दामा पनि समय सालका भावल्य यति रकमि बसि बेच्नु गुठियारल्य मौवासि औ
 काम नगर्नु सल्लाहासित का
४४. म गर्नु देवल धर्मसाला पाटि हिटि बारि पोषरि बिग्रदामा पनि सल्हासित बाजबि
 षर्च लाई वहिमा लेषाऊ-
४५. नु चाहि आयाको वाजवि काममा षर्च लाई बाकि भण्डारमा जगेरा राषनु साल पुग्या-
 पछि रकमि सब बसि
४६. जगेरा यति रह्यो भनि जमा बहिमा ल्यषाऊनु रकमिल्य आफना २ काममा रुजु रहनु ॥
 यस सिलापत्रमा
४७. लेष्याबमोजिम् धर्म्म चलाया श्री ३ नन्दीकेश्वरको सुदस्ति होला लोभानि पापानि
 जो गर्ला तस्लाई श्री ३ नन्दीकेश्वरको कुदस्ति
४८. पंच महापातक होला बालिमा दैवागत पर्‍यो भन्या जगेराको रुपैयाले सदावर्त चलाऊनु
 तेतिल्ये पुण्य-
४९. न भन्या हाम्रा हजुरमा विंन्ति गर्नू जगेरा जंमा रहन्या ८ पाथिका बिक्रिले रु १२२
 समेहेका बिक्रिको कि-
५०. फाईत् रु. जम्मा रु स्वदत्ता परदत्तां वा यो हरेच्च वसुंधराम् ॥ षष्ठी वर्षस-
 हस्राणि विष्टायां जायते क्रिमिः ॥ १ ॥ शुभम् ॥ ॥

—०—

पचली लक्ष्मीश्वर–मन्दिरको लक्ष्मीदेवीको अभिलेख

पचलीभैरवको मन्दिरबाट वाग्वतीको घाटतिर ओर्ल्हंदा दायाँपट्टि ठूलो लक्ष्मीश्वरको मन्दिर देखिन्छ । त्यहाँ मन्दिरको संगै पश्चिमपट्टि यो अभिलेख कुँदिएको ठूलो शिलापत्र रहेको छ । यसको अभिलेख कुँदिएको भाग १ हात १२ अङ्गुल लम्बा १ हात ६ अङ्गुल चौडा छ । यहाँ वि.सं. १८६६ दिइएको छ ।

In Public domain. Digitization Muthulakshmi Research Academy

१ श्रीगणेशाय नमः ॥ यद्भ्रूभंगविजृम्भणाज्जगदिदं जन्मादिभाग्जायते यत्पादाम्बुजसेवना-
द्भुवि चतुर्वर्गान्विताः प्राणिनः ॥ जायन्ते, तमजं

२ विभुं त्रिनयनं श्रीपार्वतीवल्लभं वंदे दैवतवृन्दवन्दितपदं लक्ष्मीश्वराख्यं शिवम् ॥ १॥
श्रीमत्पाटलिपुत्रपत्तनपरैकप्रान्तवर्ती वरो ग्रामः क-

३ श्चन गुम्भिजा इति भुवि ख्यातोस्ति तत्स्वाम्यभूत् ॥ श्रीमानत्र गणेशदत्त इति सन्नामो-
पनामान्वितो बौंडीद्वा इति काश्यपान्वयजनिर्नानागु--

४ णालंकृतः ॥२॥ तत्पुत्री द्विजदेवभक्तिनिरता सर्वैर्गुणैः शोभिता प्रारब्धस्य वशात्प्रिया-
रणबहादूरस्य भूमीभृतः ॥ रूपेणानुपमा मनोर-

५ मतनुः सोमानना माननाकृन्मान्यस्य जनस्य शीलजलधिर्लक्ष्मीरितीहोदिता ॥३॥ श्रीसं
वन्नवषड्वसुक्षितिमिते मासे तपस्ये सिताष्टम्यां सौम्य-

६. दिने बवे मृगशिरस्यायुष्मति श्रीमती ॥ लक्ष्मीदेव्यमुमीश्वरं सुरवरं लक्ष्मीश्वराख्यं प्र-
तिष्ठाप्यैवार्चयदीश्वराधिकमुदे प्रीणय्य देवद्विजान् ॥४॥ संव-

७. द्व्योमनगाष्टभूपरिमिते श्रीकार्तिके पाण्डुरे पक्षे विश्वतिथौ वणिक्करणकेऽजांघ्रौ गुरो
र्वासरे ॥ व्याघाते पुनरेतदीश्वरगृहाग्र्यं सर्वतो वेश्मनो

८. निर्मित्यै खननादिकं कृतवती लक्ष्मीश्चतुर्दिक्ष्वपि ॥ ५ ॥ संवद्व्योमाद्रिनागावनिमिति-
कलिते मार्गकृष्णद्वितीयायुक्ते सौम्यस्य वारे गरकरण-

९. युते धातृभे शंभुयोगे ॥ श्रीमत्पञ्चायनार्चार्चनभजनधिया स्थापितान्यावशिष्टादित्यानां
स्थापनाय व्यधित भुवि शिलान्यासनां

१०. सैव(ल)क्ष्मीः ॥६॥ यावद्भूमिरियं विभाति भगवान् भास्वान्सदा वासरान्नित्यस्तन्द्रो
रचयत्यसौ कुमुदिनीनाथोपि यावन्निशाः ॥ यावद्राम-

११ कथास्ति तावदनिशं वागीविलासस्तुता लक्ष्मीनामनृपस्त्रियात्र विहिता कीर्तिर्वरी-
वृत्यताम् ॥ ७ ॥ क्षेत्रस्य विनियोगोस्य नि-

१२ त्ये नैमित्तिकेर्चने ॥ उत्पन्नधान्यानुसारि भाषयालिख्य दर्श्यते ॥८॥ ◉ ॥ स्वस्ति श्रीसम्वत
१८६९ साल फाल्गुण शुक्लाष्टमी

१३ बुधवारका दिन श्रीसाहिला नानीसाहेब लक्ष्मादेवीले वाग्वतीका तीरमा स्थापना
गऱ्याका लक्ष्मीश्वरका नित्य नैमित्तिक पूजा

१४ र देवालय चौघरा घाटका संभार मर्मत गर्नाकन लुभुका अंचल बिसिडोल षेतमध्ये
षेत २।६० ठिमिका अंचल सरस्वतीषेल

१५ मध्ये पाषो षेत १।४० जम्मा षेत ४।० संकल्प गरी गुठि चऱ्हाजा इन षेतका बाली
घ्युषानीका आमदानीले सर्कारबा-

१६. ट बक्स्याका तावापत्रमा लेषियाबमोजिमका पर्व पर्व र नित्यनैमित्तिक पूजालाइ चा-
हिन्या सराजाम पूजा ग-

In Public domain. Digitization Muthulakshmi Research Academy

१७. न्यां ब्राह्मण १ गुठि षेतको सबूत तल्लास गराइ बाली घ्युषानी गैह्र तहसील गरी चाहिन्या षर्चलाइ समयमा बिक्री ग–

१८. रि षरीद गर्न्या पूजा गैन्हको संराजाम पुन्याउन्या गुठियार जना एक झारु बढार गर्न्या जना १ लक्ष्मीश्वरको टहलुवा जना १ नित्य वि-

१९ ल्वपत्र फूल पहुचाउन्या माली जना १ चौघराको सुसार गर्न्या जना २ नित्य नैमित्तिक पूजा आरतीमा बाजा बजाउन्या

२०. कुसल्या जना ७ नगरा बजाउन्या दमाइ १ जम्मा जना १५ ले तावापत्रमा लेषिया-बमोजीम षानगीं एसै आमदानी-

२१. मा षाई लक्ष्माश्वरको टहल आफु आफुलाई लाग्याको एकचित्त गरि हजू भै गर्नु गुठियारले वर्षदिनको नित्यनैमित्ति-

२२. क पूजा गैरह फाल्गुण शुक्लाऽष्टमीका दिन वर्षबन्धन शिवरात्रिका प्रहर चार्का पूजा ४ भोलीपल्ट फकीर फुकरा षु-

२३. वाउनु वैसाष ज्येष्ठ दुइ महीनामा जलधारा चह्लाउनु भरिचौमासा रुद्रि दिनप्रति आवर्त एक एक गर्नु भ-

२४. रिकार्तिक महिना दीपदान वर्षप्रति देवालय चौघरामा चुन लगाउनालाइ चाहिन्या (स)राजाम गैह्र समय-

२५. मा षरीद गरी तावापत्रमा लेख्यामाफीक कत्ती नघटाइ लाउनु साल पुग्यापछी गुठीया-रले षेतको बालीको आमदा-

२६. नी षर्च बुझी बाकी रह्याको भला मानिस् साक्षी राषी बहिमा लेषी जगेरा राषनु जगेरा मध्ये देवालय चौघरा

२७. घाट प्रबाल् भत्क्या चुह्यामा बनाउनु दैवाधि पऱ्याका समयमा गुठि चलाउनु लेख्या बमोजीममा घटा-

२८. ई लोभमा पस्या पंच महापातक लाग्ला यथोक्त गरी काम गर्नामा पस्या पंच [महाय-ज्ञको पुण्य होला ॥

२९. तपसील ॥ लुभुका षेत् २।६० कुत् चावल मुरी ६०।० तेमध्ये षर्च रुपैया—१२७॥।ऽ॥१ नित्यनैमित्तिक पूजाके दर—

३०. ≡॥१ ताके जम्मा दिन ३६० के जम्मा रु ८०≈॥ शिवरात्रीके ४ प्रहरका पूजा ४ के र भोली(प)ल्ट फकीर फुकरा षुवाना-

३१. के रु १६≡॥२ वर्षबन्धनके रु १०॥≈॥३ वैसाष ज्येष्ठ मैह्नाभरि जल चह्लाउन्या ब्राह्मणके रु –॥ भरि

३२. चौमासा रुद्रि प्रति आवृत्ति १ के दर – ताके रु ७॥ कार्तिक मैन्हाभर दीपदानके रु ३।– गहनाके रु ५ चु-

In Public domain. Digitization Muthulakshmi Research Academy

३३. न लगाउनाके रु ३ प्रतिवर्षका होम पूजा गैह्रका पात तोरण पंच पल्लवके–॥–। वर्षप्र- तिका १२ मैह्ना

३४. का रुमाल १२ के रु ॥।० लुभु षेतको गहु मुरि १८ दर ८ ताके रु ४५ घीउषानि ३०. चार्दामठेकि रु १ऽ। नित्यनैमित्ति–

३५. क पूजालाई लाग्याको तपसील गहु मुरि १८ दर ८ ताके रु ४५ घीउषानि रु ३० मध्ये रु २२॥।ऽ॥ १ चावल मुरि १८ दर

३६. ६ ताके रु ६० बाकी घीउषानि रु ७ ≡।३ दाउवाको रु ≈ चार्दाम ठेकि रु १ऽ। गहु० चावल मुरि ४२ तेमध्ये

३७. षर्च पुजाहारि भट्टके मुरि ८ पुजासुसाऱ्याके मुरि ४ गुठियारके मुरि ५।१० मालिके मुरि ३।१० कुसुल्या जना ७

३८. के मुरि १७।१० नगार्चि जना १ के मुरि ३।१० बाकि रु १६।–॥३ मोहिनाईक्याके दाज्यापाथि ज्म्माबाहेक लिनु दफे ठि-

३९. म्नि सरस्वतिषेल षेत १।४० ताके धान कुत मुरि ३५।० तेमध्ये षर्च चौघरामा काम गर्न्या जना २ के मुरि १८। चो-

४०. क पिढि घाट बढान्र्या कुसल्या जना १ के मुरि ५।० बाकी धान मुरि १२ दर १४ ताके १७=।१ मध्ये षर्च नगारा मोर्न्हाके

४१. छाला मसाला रु १। बाकी १५॥।=।१ साउन्या फागुको रु १। बाकी रु १७= दाज्यापाथि ज्म्मा वाहेक १।१५ ज-

४२. म्मा जगेरा ३३॥ स्वदत्तां वा परदत्तां यो हरेच्च वसुन्धराम्॥ षष्टिर्वर्षसहस्राणि विष्ठायां जायते क्रिमिः॥१॥ शुभम्

—०—

बैतडी देवलहाटको अभिलेख

वैतडी देवलहाटमा पिप्पलको रूखमनि यो अभिलेख÷ कुँदिएको शिलापत्र रहेको छ । यहाँ अभिलेख कुँदिएको भाग १५३/४ अङ्गुल लम्बा १११/२ अङ्गुल चौडा छ। यसको अलिकता भाग फुटेको छ। यहाँ शकसंवत १७३७ दिइएको छ।

१. स्वस्ति श्रीशाके १७३७ चैत्रसुक्ल १५ रोज

÷२०।२५ वर्ष जति पहिले ख. रामजी वासकोटाले यस अभिलेखको प्रतिलिपि लिनुभएको थियो। यसै गरी पृथ्वीमल्लको प्रसिद्ध कीर्तिस्तम्भ, पाथरन्याउलीको अभिलेख आदि पश्चिमभेकका केही अभिलेखको प्रतिलिपि लिई उहाँले ऐ. शि. बाबुराम आचार्यकहाँ पठाइदिनुभएको थियो। तिनमध्ये केही अभिलेखको प्रतिलिपि ऐ. शि. ज्यूले श्रीगुरु पं. नयराज पन्तज्यूलाई दिनुभएको थियो। त्यतैबाट यो यहाँ प्रकाशित गरिएको हो।

In Public domain. Digitization Muthulakshmi Research Academy

२. १ मा श्रीगणनाथमा लडाईमा श्रीहस्तद-
३. ल साह पऱ्या. उनका पत्नि सहगमन भयो ये-
४. स पिपलको वृक्षमनि कृयाकर्म श्रीरुद्रवीर
५. ··· ··· बाट भयो श्रीहस्तदल साह प्रितिम-
६. ··· ··· श्रीरुद्रवीर साहले येहि साल आ-
७. ··· ··· बनाया शुभम-

—०—

त्रिपुरेश्वरको घण्टाको अभिलेख

त्रिपुरेश्वरको प्रसिद्ध शिवमन्दिरसंगै दक्षिणपट्टि एउटा ठूलो घण्टा छ। त्यसको चारैतिर यो अभिलेख रहेको छ। यहाँ वि. सं. १८७५ दिइएको छ।

१. स्वस्ति श्रीबाणमुनिवसुवसुंधराप्रमितवैक्रमशके सहसि मासेऽसितपक्षे षष्ठ्यां सुरगुरु-
पुष्यनक्षत्रभूषितायां गिरिराजचक्रचूडामणिमरीचिनीराजितपादपङ्कतुहिनगिरिवरासन्न-
नेपालादिभूमण्डलसाम्राज्यप्रख्याततय-
२. शोधवलितदिक्चक्रवालगोरक्षाधीशमहाराजाधिराजश्रीमद्रणबहादूरशाहदेवधर्मपत्न्या नि-
खिलसाम्राज्यसंभारनिर्वाहमूलसद्धर्मनीतिप्रवीणया श्रीमल्ललितत्रिपुरसुन्दरीदेव्या
स्वपौत्ररत्नमहाराजाधिराजश्रीमद्राजेन्द्रविक्रमशाहदेवानुमत्या स्वपत्यऽपवगार्थं संस्था-
पितदे-
३. वनित्यनैमित्तिकपूजनादिविधिविहितवादनकर्मसिद्धये समर्पिता सुस्वरप्रमोदितदेवनि-
वहा घंटा चिरं श्रीशिवप्रीतये भूयात्, शुभम्।

—०—

गुह्येश्वरीको सिंहध्वजको अभिलेख

गुह्येश्वरीको मन्दिरसंगै, पश्चिमपट्टि माथि सिंह भएको शिलास्तम्भ रहेको छ। त्यसमा यो अभिलेख कुँदिएको छ। यहाँ अभिलेख कुँदिएको भाग १६ अङ्गुल लम्बा १२½ अङ्गुल चौडा छ। यहाँ वि.सं. १८८०दिइएको छ।

१. श्रीः॥ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिमरीचिनीराजि-
२. तपादारविन्दश्रीसिंहप्रतापशाहदेवपट्टराज्ञ्या श्री-

In Public domain. Digitization Muthulakshmi Research Academy

३. राजेन्द्रलक्ष्मीदेव्या श्रीगुह्येश्वरी प्रीतये तत्सन्निधौ
४. स्थापनाय संकल्पिता हेमसमुज्ज्वला देवीवाहन-
५. सिंहमूर्त्तिस्तद्धर्मपरिपूरणाय तत्स्नुषया श्रीमद्रण-
६. बहादूरशाहदेवपट्टराज्ञ्या श्रीमल्ललितत्रिपुरसुन्द-
७. रीदेव्या स्वपौत्रश्रीमद्राजेन्द्रविक्रमशाहदेवसंमत्या
८. गगननागवसुवसुमतोमितवैक्रमशके १८८०
९. तपस्यासितपञ्चम्यां गुरुवासरे यथोक्तसाङ्गवि-
१०. धानेन प्रतिष्ठापिता चिरं गुह्येश्वरीप्रीतये भूयादिति शिवं ॥

—०—

भीमसेन थापाको धरहराको अभिलेख

भीमसेन थापाले बनाएको धरहराको यो अभिलेख कुँदिएको शिलापत्र× नेपाल म्यूजियममा राखिएको छ। यहाँ अभिलेख कुँदिएको भाग २१½ अङ्गुल लम्बा ३¾ अङ्गुल चौडा छ। यहाँ वि. सं. १८८१ दिइएको छ।

१. स्वस्ति श्रीशाके १७४६ सम्वत् १८८१ साल श्रावणकृष्णसप्तम्यां
२. तिथौ रेवतनक्षत्र शुक्रमयोग रविवासरे. श्रीजनरल भीम-
३. सेन थापाले बनायाको धरहरा शुभम् ॥ ॥

—०—

भक्तपुरदरबार सुनढोकाको राजेन्द्रविक्रम शाहको अभिलेख

भक्तपुर दरबारको सुनढोकाको दायाँतिर भित्तोमा यो ताम्रपत्र टाँसिएको छ। यस ताम्रपत्रको उठानको किनारामा शकसंवत् १७३८ को मोहोरको छाप लागेको छ। यसको अभिलेख भएको भाग २१½ अंगुल लम्बा, ८ अंगुल चौडा छ। यहाँ वि. सं. १८८३ दिइएको छ।

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत
२. श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसम्सेरजङ्देवानां सदा सम-
३. रविजयीनाम् — —
४. आगे सहर भादगाऊका अमाली द्वान्या विचारी प्रधान टोलनाइक्या महाजन प्रजा गैह्र प्रति तिमीहरूला-

× यो शिलापत्र यहाँ छ भन्ने कुरा प्रसङ्गवश श्रीबखतमानसिंह बस्नेतबाट हामीले थाहा पाएका हौं।

In Public domain. Digitization Muthulakshmi Research Academy

५. ई हाम्रा दर्बार आउन्या जान्या तोडा सोरा जंगी कामका षजाँना तोप प्रभृति सराजाम्र बोकदा बनार-

६. मा माहान्याहरूले हुलाक पक्रँदा घरै २।३ पनी पक्रीन्छँ. बितन्या काम पनि हर्कत हुन्छ भनी विन्ती गरी

७. पठायाछौ. हाम्रा हजुरमा जाहेर भयो अबउप्रान्त चौबीस टोलपिछे एक एक जना टोलनाइक्याहरूले ष-

८. टाई लामीपाटीमा दाषील गर्नु पालासंग षटियाका प्रजा जना २४ ली झाराप्रधान जना २ के अर्धोको रुपैया २० हा-

६. ल थप रुपैया ६० ज्मा रुपैया ८० टोलनाइक्या जना १२ के दर्माहा रुपैया २४० अमालीबाट ली ताहा आईपुग्याको हू-

१०. लाक बोकी आफ्ना वडासम्म पुऱ्याउनु. अरू परिआयाको झारा गैऱ्ह काममा हाजीर रहनु. अमालीले खटाया अऱ्हाया

११. बमोजिम गर्नु. बजारमा बीहुर्म्मत गरी प्रजा गैऱ्हलाई नपक्रनु. रोजीना षटियाका प्रजालाई जसले काममा ला-

१२. ऊला तसलाई ५०० रूपैया डंड होला. हुलाक नआइपुग्याका बेलामा दर्बारका अगाडि ज्मा गरी राषनु षटिया.

१३. का २४ जनाले पुगेन भन्या येक दुइ जति चाहीन्छन् टोलपीछे षटाईलिनु हुलमुल गरी प्रजागैऱ्हलाई बजारमा नपक्रनु

१४. झारा लाउन जो आवला उसलाई मानुचावल तिमीहरूले दिनुपर्दैन परीआयाका काम निमित तपसिलबमोजिम

१५. का जना ५१ र लालमोहरले झारा माफ भयाबाहीक झारा माफ गरी बेङ्ग राषन्या र प्रजासंग दाम लि झारा माफ ग-

१६ रीदिन्यालाई भारी डंड होला भनि बंदेज बाँधीबक्स्याको मोहर ताम्वापत्र गरीबक्स्यौ आफना खातीरज्मासंग

१७. बन्देजमा रूजु रहनु तपसील

तहविल कुन्हन्या जना — १६ द्वाऱ्यालाई ज-

१८. ना — ३ विचारीलाई जना — ४ जुवार प्रधान जना २ के — ८ झाराप्रधान जना २ के

१९. — ८ टोल २४ का नाईक्याके रातविरात झारा लाउनाके — १२ इति सम्वत् १८८३ साल मिति मार्ग

२०. वदी ४ रोज७ शुभम् —

—०—

In Public domain. Digitization Muthulakshmi Research Academy

त्रिपुरेश्वरको ललितत्रिपुरसुन्दरीको सालिक भएको स्तम्भको अभिलेख

त्रिपुरेश्वरको प्रसिद्ध शिवमन्दिरको सामुन्ने दक्षिणपट्टि ललितत्रिपुरसुन्दरीको सुनको सालिक भएको ठूलो शिलास्तम्भ रहेको छ । त्यसको पश्चिम पाटामा यो अभिलेख कुँदिएको छ । यहाँ अभिलेख कुँदिएको भाग १६ अङ्गुल लम्बा, ११ अङ्गुल चौडा छ । यहाँ वि. सं. १८६४ दिइएको छ ।

१. स्वस्ति श्रीमद्वेदाङ्कनागभूपरिमिते वैक्रमशके शुचौ ध-
२. वलपक्षे मुनितिथौ सोमवासरे हस्तनक्षत्रे श्रीमन्म-
३. हाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीरणबहादूरशाहकनि-
४. ष्ठपट्टराज्ञ्याः श्रीललितत्रिपुरसुन्दरीदेव्याः प्रतिकृतिः
५. श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीराजेन्द्रविक्रमशाहदे-
६. ववरेण तत्पौत्रेण स्थापिता चिरं यथाविहितफलदा-
७. त्री भवतुतराम् ॥ ॥ ॥ ॥ शुभम् ॥ ॥

—०—

पचलीघाटको पाटीको शत्रुभञ्जन शाहको अभिलेख

पचलीको हल्लने पुलवाट अलिकता पश्चिमतिर गएपछि जस्ताको छाना भएको एकतले शिवमन्दिर आउँछ । त्यसको दायाँतिर एउटा पाटी छ । त्यहाँ भित्तामा दुइटा शिलापत्र टाँसी राखिएका छन् । तिनमा पश्चिमतिरको शिलापत्रमा यो अभिलेख कुँदिएको छ । यहाँ अभिलेख कुँदिएको भाग १ हात १ अङ्गुल लम्बा २२ अङ्गुल चौडा छ । यहाँ वि. सं. १८६८ दिइएको छ।

१. श्रीगुरुगणेशाय नमः । देवं दिनेशाग्निशशांकनेत्रं वृषध्वजं पञ्चशरान्तकं च । जगत्त्रयं रक्षक देवदेव गङ्गाधरं शूलधरं सुरेशम् ।
२. सुरारिनाशं त्रिपुरान्तकं च पिनाकधारिडमरुप्रधारं ॥ सर्वात्मकं विश्वपतिं महेशं भवं उमेशं सततं नमामि ॥ ॥ श्रीमान् नृप-
३. वरपृथ्वीनारायणनरोत्तमः । तस्यात्मजो बहादूरः सर्वशत्रुप्रमर्दकः ॥ तस्यापत्यः शत्रु-भञ्जनो नरोत्तम उद्भ-
४. वः कीर्तिवर्धनकृते दक्षो वृत्रहा इव विक्रमः ॥ नरेन्द्रसचित्रः श्रीमान् निःशेषरिपुमर्दनः ॥ सुशीला पतिभ-
५. क्ता च भार्या विरञ्चिना सह । वाग्मत्यग्रे शिलाघट्टं शिवलिङ्गं जनाश्रयम् । कृत्वा मनोरमं चैतत्पुण्यतीर्थं
६. सुशोभनम् ॥ ॥ वस्वङ्कगजचन्द्रेषु विक्रमाब्दगते पुनः । तिथावग्नो सौम्यघस्र हर्षणे चिश्वभेऽपि च ॥

In Public domain. Digitization Muthulakshmi Research Academy

७. एतस्मिन् महापर्वदिने नेपालपुण्यभूमौ काष्ठमण्डपे पादेबहालस्थाने गृहेनिवासिकश्रीस-
८. र्दार शत्रुभञ्जनवर्मा विरञ्चिना जायया सह चतुर्वर्गफलप्राप्तिकामनार्थं मासि प्रतिसङ्क्रम-
९. दिने शतजनातीताभ्यागतेभ्यो भोजनं कारयितुं च यथा यथानामक्षेत्र अर्धपादाधिकत्रिंश-
१०. रोपनिका क्षेत्राः सम्प्रदत्ता ॥ ॥ अतः परं स्वदेशभाषा ॥ भादगाउको षेत फसादोल रोपनी २
११. न्हादोल रोपनी २ सासिको रोपनी १ सासिपाको रोपनी १ योगाल रोपनी १ कासा रोपनी १॥=
१२. नदोल रोपनी ४ ठिमीको षेत चषुति रोपनी १० क्वंदोल रोपनी २। भ्येदोल रोपनी २। दोको रो-
१३. पनी ३ भादगाउँको जम्मा षेत रोपनी १२॥= को फलुवा चावल मुरि ।। गहुँ मुरि ।।। ठिमी-
१४. को जमा षेत रोपनी १७॥ को फलुवा चावल मुरि ।। गहुँ मुरि जमा षेत रोपनि ३० कनुवा
१५. = का जम्मा फलुवा चावल मुरि ।। जमा गहुँ मुरि ।। घिउषानिका जमा रुपैया वर्षबन्धन
१६. एति षेतका उपजनी लीकन श्रीवाग्मती पंचनारीतीर्थमा संक्रान्तिप्रति जना १के चावल
१७. माना १॥ दाल मुठि २ घ्यु तोला १ नुन तोला १ दा वा दाम २ बेसार पात हाडि १ सराजा-
१८. म सयके दान दिंदा वर्ष १ को जमा चावल मुरि । । दाल मुरि । । के रुपैया घ्यु धार्नि।।
१९. के रुपैया नुन पाथि । । के रुपैया बेसार पाथिके रुपैया । । दुना गासनाके पात मो-
२०. ल पैसा १= दाउराके पैसा रुपैया हाडि महिनाके १०० का हिसापले वर्षको जमा १२००
२१. के मोहर रुपैया ६ जमा षेत रोपनि ३०= के पोता पैसा रुपैया ० । । नित्य चिताइदार जना २
२२. के धान मुरि टहलुवा जना २ के धान मुरि यति षर्च गरि बाँकी रह्याको चिताइदारले
२३. बाटुलो गरि भडार राषनु. जो चिताइदार भैकन यो सदावर्त बाऱ्है मैन्हा निको गरि चलाउला
२४. तस्को पुत्र पौत्रादि इहलोकमा सुखी भै परलोकमा कैलासवास होला. जसले यो सदावर्त्त
२५. न चलाइ बिगार गर्ला तसलाइ पंच महाहत्या पापले युक्त भै नाश होला. यो सदावर्त्त गुठी
२६. राष्न्या दाताको इहत्र जय २ राज सुषभोग परत्र कैलासवास भै मोक्ष पदवि पा-
२७. उला अत्र पत्रार्थे साक्षिणो यावच्चन्द्रार्कमेदिनी स्वदत्तं परदत्तं वा यो हरति वसुन्धं-
२८. राम् षष्ठीवर्षसहस्राणि विष्टायां जायते क्रिमिः । इति सम्वत् १८९८ साल मि
२९. ति पोससुदि १ रोज ४ । शुभम् ॥

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy

प्रकाशक—

संशोधन-मण्डल

महाबौद्ध, काठमाडौं, नेपाल.

वि. सं. २०२० माघ-संक्रान्ति

मूल्य- मो. रु. १५०

मुद्रक—

जोरगणेश प्रेस प्राइभेट लिमिटेड

काठमाडौं

In Public domain. Digitization Muthulakshmi Research Academy

In Public domain. Digitization Muthulakshmi Research Academy